## पहिलो परिच्छेद

# शोधपरिचय

### १.१ विषयपरिचय

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनार्थ हुनेछ ।

डी.पी. भण्डारीको जन्म वि.सं. १९९३ भाद्र २५ गते डोटी जिल्लाको निरोली गाउँमा भएको हो । अङ्ग्रेजी साहित्यमा विद्यावारिधिसम्मको औपचारिक शिक्षा प्राप्त गरेका भण्डारी साहित्यका क्षेत्रमा हिन्दी भाषाको लेखबाट आफ्नो लेखनयात्रालाई सुरुआत गरेका छन् । उनको साहित्य आरम्भ भने नेपाली भाषासाहित्यका क्षेत्रमा वि.सं. २०४५ साउनको **मधुपर्क** पत्रिकाको एक्काइसौं अङ्कमा प्रकाशित निबन्ध *एक पूर्ण व्यक्तित्वको प्रतीक सरदार रुद्रराज पाण्डे*बाट भएको हो । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिका रूपमा **मृगस्थली** (२०५७), **नीरो बाँसुरी बजाइरहेछ** (२०६०) र **रोटी र फूल** (२०६३) गरी तीनवटा निबन्धसङ्ग्रह प्रकाशित छन् । भण्डारीको लेखन निबन्ध विधामा बढी केन्द्रित छ भने उनले छिटफुट रूपमा फुटकर कविता, भूमिका लेखन र समालोचनाका क्षेत्रमा पनि कलम चलाएका छन् । उनले नेपाली निबन्धको समसामयिक कालमा आत्मपरक धारालाई विकसित गर्दै बौद्धिक निबन्धको सिर्जना गरेका छन् । लक्ष्मीप्रसाद देवकोटाको काव्यात्मक गद्यभाषा र शङ्कर लामिछानेको शिल्पप्रविधिलाई अँगालेका भण्डारीका निबन्धमा विचार, भाव र अनुभूतिको त्रिपक्षीय सन्तुलन पाइन्छ । यिनका निबन्धमा पाश्चात्य ग्रिक चिन्तनदेखि उत्तरआधुनिककाल तथा पूर्वीय ऋग्वेददेखि हालसम्मको दार्शनिक चिन्तन व्यक्त छ ।

### १.३ शोधसमस्या

समसामयिक नेपाली साहित्यका फाँटमा सशक्त रूपमा कलम चलाउने डी.पी. भण्डारी आत्मपरक निबन्धकार हुन् । वि.सं. २०४० को दशकदेखि निरन्तर निबन्ध

लेख्न थालेका भण्डारीका तीनवटा निबन्धसङ्ग्रह प्रकाशित छन् । भण्डारीका निबन्धहरूको अध्ययन प्रमुख समस्या रहेको प्रस्तुत शोधकार्यका मुख्यमुख्य समस्याहरू निम्नलिखित छन् :

(क) निबन्धकार डी.पी. भण्डारीको निबन्धात्मक यात्रा कस्तो रहेको छ ?

(ख) डी.पी. भण्डारीका निबन्धहरू के-कस्ता छन् ?

(ग) आधुनिक नेपाली निबन्धमा डी.पी. भण्डारीको के-कस्तो योगदान छ ?

## १.४ शोधकार्यको उद्देश्यहरू

डी.पी. भण्डारीका निबन्धको अध्ययन गर्नु प्रमुख उद्देश्य रहेको प्रस्तुत शोधकार्यको मुख्यमुख्य उद्देश्यहरू निम्नलिखित छन्:

(क) डी.पी. भण्डारीको निबन्धयात्राको अध्ययन गर्नु,

(ख) डी.पी. भण्डारीका निबन्धको विश्लेषण गर्नु,

(ग) डी.पी. भण्डारीको योगदानको मूल्याङ्कन गर्नु,

## १.५ पूर्वकार्यको समीक्षा

डी.पी. भण्डारीका वि.सं. २०४५ सालदेखि निबन्धहरू प्रकाशित हुँदै आएका छन् र पुस्तकाकार रूपमा तीनवटा निबन्धसङ्ग्रह प्रकाशित भइसकेका छन् । दुई दशकभन्दा लामो समयदेखि नेपाली निबन्धमा कलम चलाउँदै आएका डी.पी. भण्डारीका निबन्धमाथि उनका बारेमा उनैका कृतिमा लेखिएका प्रकाशकीय, मन्तव्य र पत्रपत्रिकामा गरिएका सामान्य छिटफुट चर्चाबाहेक गहन अध्ययन भएको पाइँदैन । उनले के-कस्ता र कति निबन्धहरू लेखेका छन् र तीनको उपलब्धि र सीमा के हो भन्ने कुराको अध्ययन खासै भएको देखिदैंन । तसर्थ यहाँ डी.पी. भण्डारीका निबन्धका बारेमा हालसम्म जे-जति अध्ययन भएका छन्, यहाँ तिनको सङ्क्षेपमा कालक्रमिक रूपमा अध्ययन गरिएको छ ।

यदुनाथ खनालले **मृगस्थली** (२०५७) निबन्धसङ्ग्रहको 'मन्तव्य' मा डी.पी. भण्डारीका निबन्धहरूलाई लक्ष्मीप्रसाद देवकोटाबाट सुरुवात भएको आत्मपरक निबन्धको परम्परामा शङ्कर लामिछाने, भैरव अर्याल र मदनमणि दीक्षितकै परिप्रेक्ष्यमा हेरेका छन् । उनका अनुसार भण्डारीका निबन्धहरू आत्मपरक र चिन्तनात्मक दुवै छन् र शैली एवम् प्रकृति दुवैमा अलि फरक देखिन्छन् भन्ने चर्चा गरेका छन् । यस लेखमा भण्डारीको सामान्य चर्चा मात्र गरिएको छ ।

नवीन्द्रनाथ जोशीले **मृगस्थली** (२०५७) को प्रकाशकीयमा भण्डारीका रचनालाई पहिलो पटक पढ्दा अलि कठिन हुने, दोस्रोपटक पढ्दा ठीकै लाग्ने र तेस्रोपटक पछि त पढौँपढौँ लाग्ने कुरा बताएका छन् । उनी भण्डारीलाई सहज विषयलाई जटिलतापूर्वक र जटिल विषयलाई सहजतापूर्वक प्रस्तुत गर्नमा सिद्धहस्त निबन्धकार ठान्दछन् । यस लेखमा भण्डारीको निबन्ध लेखनको शैलीगत वैशिष्ट्यलाई मात्र औंल्याइएको छ ।

गोपाल पराजुलीले *डी.पी. भण्डारीसँग गरेको अन्तर्वार्ताका भूमिकामा* **गरिमा** (अङ्क ९, वर्ष १९, २०५८ भदौ) उनलाई चर्चाको शिखर वरण गरिरहेका भनेका छन् । उनले नेपाली वाङ्मयमा नवीन, मधुर, सुन्दर अभिव्यक्तिको प्रस्तुति दिई विद्वता, तार्किकता र स्वभावगत शैलीकार नेपाली भाषालाई छुट्टै रूप र आकारमा राख्ने विशिष्ट विद्वान्का रूपमा डी.पी. भण्डारीलाई चिनाएका छन् । भण्डारीको निबन्धात्मक उचाइको मात्र चर्चा भएकाले यस लेखले समग्रतालाई समेट्न सकेको छैन ।

नवीन्द्रराज जोशीले **नीरो बासुरी बजाइरहेछ** (२०६३) को *प्रकाशकीय*मा नेपाली निबन्धमा लक्ष्मीप्रसाद देवकोटा, शङ्कर लामिछाने, श्यामप्रसाद शर्मा, बालकृष्ण सम आदिको योगदानमा भण्डारीको योगदान पनि थपिएको कुरा उल्लेख गरेका छन् । भण्डारीको स्थान मात्र तोकिएकोले यस लेखमा भण्डारीको निबन्धकारितालाई समेट्न सकेको छैन ।

**नीरो बाँसुरी बजाइरहेछ** (२०६०) का सम्पादक हेमन्त विवशले भण्डारीलाई समसामयिक नेपाली निबन्ध फाँटका सशक्त हस्ताक्षरका रूपमा लिएका छन् । भण्डारीको व्यक्तित्वपक्षमा मात्र यो लेख केन्द्रित देखिन्छ ।

शारदा शर्माले **नीलो बाँसुरी बजाइरहेछ** (२०६०) को *भूमिका*मा भण्डारीको लेखनमा गहन विषयको पहिचान गर्न सक्ने खुबी भएका कारण समसामयिक नेपाली लेखकहरूको भिडमा बेग्लै र विशेष मानेकी छन् । यहाँ शर्मा भण्डारीको निबन्धको एक पक्षको अध्ययनमा मात्र केन्द्रित छन् ।

गोविन्दप्रसाद भट्टराईले **विश्वविद्यालयमा अग्निपूजा** (२०६१) नामक आफ्नो निबन्धसङ्ग्रहमा 'प्रोफेसर डी.पी. भण्डारीउपर एक चिन्तन' शीर्षकको निबन्ध नै सङ्कलित गरेका छन् । यसमा उनले आधुनिक नेपाली समालोचनाको जग रामकृष्ण शर्मा र यदुनाथ खनालबाट बसेको भनेका छन् । यसमा उनले आधुनिक नेपाली समालोचनाको निरन्तरता ताना शर्मा, इन्द्रबहादुर राई र अभि सुवेदीबाट भएको बताएका छन् । उनका अनुसार तिनीहरू सर्जक र समालोचक दुवै हुन् भने भण्डारी नौलो खालका आलोचक हुन् । भण्डारीका जीवनको उत्तरार्द्धकालमा प्रकाशित कृतिले एउटा अनाशक्त बौद्धिक जीवनप्रति अत्यन्तै सूक्ष्म दृष्टिबाट दृष्टिगोचर प्रस्तुत गरेको कुरा उनले उल्लेख गरेका छन् । उनले भण्डारीका कृतिमा उच्च कोटिको नेपाली चिन्तन गर्ने शक्ति भएको बताउँदै उनी कृतिका आलोचक नभएर समयका आलोचकका रूपमा लिएका छन् । यसरी यस लेखमा भण्डारीलाई निबन्धकार व्यक्तित्व भन्दा समालोचकमा मात्र केन्द्रित गराइएको छ ।

देवेन्द्र भट्टराईले **स्रष्टा र समय** (२०६२) नामक निबन्धसङ्ग्रहको **नीरो बाँसुरी बजाइरहेछ** भन्ने लेखमा भण्डारीको व्यक्तित्वबारे सामान्य परिचर्चा गरेका छन् । यसमा उनले भण्डारीलाई बोलाइ र लेखाइमा नक्कली नभएको बताएका छन् । भ्रष्ट र छलकपट गर्नेका लागि भण्डारी 'अरिङ्गालको गोलो' हुन् भन्ने उनको स्पष्टोक्ति छ । भण्डारीका निबन्धमा आउने पात्रलाई देवेन्द्रले सिङ्गो समयको गुणदोष बाहिर निकाल्नेसमयका प्रतीकका रूपमा लिएका छन् । निबन्धात्मक विश्लेषणको कमी यस लेखमा स्पष्ट देखिन्छ ।

वि.सं. २०६३ मा दुर्गाप्रसाद जोशीले **डा. दुर्गाप्रसाद भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकमा शोधकार्य गरेका छन् । यस शोधपत्रमा निबन्धकारिताको गहन, सूक्ष्म, व्यापक, व्यवस्थित अध्ययन भएको छैन ।

समालोचक बालकृष्ण पोखरेलले **रोटी र फूल** (२०६३) निबन्धसङ्ग्रहको मन्तव्यमा ज्यादै दक्ष गद्यशिल्पी डा. डी.पी. भण्डारी शीर्षकमा उनलाई अङ्ग्रेजीका छुपेरुस्तम डा. भण्डारी नेपालीका पनि उत्तिकै सफल छुपेरुस्तम रहेछन् भनेका छन् । यो लेख भण्डारीको स्वभावपक्षमा मात्र केन्द्रित देखिन्छ ।

समालोचक कृष्णचन्द्रसिंह प्रधानले **रोटी र फूल** (२०६३) निबन्धसङ्ग्रहको भूमिकामा भण्डारीलाई उनको आफ्नै बेग्लै उचाइ छ डा. भण्डारीको र उनका निबन्धको पनि भन्दै बेग्लै अस्तित्व भयरहीत विचारको स्वतन्त्र अभिव्यञ्जना मौलिक चिनारी सहित डा. भण्डारी हामीमा सम्प्रेषित छन् भन्ने उल्लेख गरेका छन् । यो लेखमा भण्डारीको निबन्धात्मक प्रवृत्तिको मात्र चर्चा गरिएको छ ।

**रोटी र फूल** (२०६३) निबन्धसङ्ग्रहका सम्पादक हेमन्त विवशले भण्डारीलाई समसामयिक नेपाली निबन्ध फाँटका खम्बाका रूपमा चिनाएका छन् । निबन्ध फाँटमा भण्डारीको स्थान निर्धारणमा मात्र केन्द्रित भएकाले यस लेखमा भण्डारीको समग्र अध्ययन हुन सकेको छैन ।

डोलिन्द्रप्रसाद शर्माले **रोटी र फूल** (२०६३) निबन्धसङ्ग्रहको भूमिकामा भण्डारीका निबन्धमा दार्शनिक विषयवस्तुको बहुलता हुँदाहुँदै पनि उनको शैली सरल रहेको बताएका छन् । यस लेखमा भण्डारीलाई दार्शनिक निबन्धकारका रूपमा मात्र चिनाएका छन् ।

यसरी डी.पी. भण्डारीको बारेमा सामान्य चर्चा परिचर्चा बाहेक उनको निबन्धकारिताको पाटोमा खासै गहन, व्यापक, वस्तुपरक र व्यवस्थित अध्ययन अनुसन्धान हुन सकेको छैन । प्रस्तुत शोधपत्रमा भण्डारीको यिनै पक्षको अध्ययन र विश्लेषण गरिएको छ ।

## १.६ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

समसामयिक साहित्यका विशिष्ट निबन्धकार हुँदाहुँदै पनि भण्डारीका निबन्धहरूको केन्द्रियतामा रही सामान्य चर्चा वा अध्ययनसम्म भएको पाइँदैन । यसकारण निबन्धकारिताका समग्रतामा उनलाई चिनाउने अध्ययनको आवश्यकता टड्कारो रूपमा देखिन्छ । यस शोधकार्यले यो आवश्यकता पूर्तिमा सहयोग पुऱ्याउने छ । यसबाट भण्डारीका खास निबन्धहरूको छनोट गरी विषय र त्यसलाई प्रस्तुत गर्नका लागि अँगालिएको शिल्प प्रविधिका सीमाका बारेमा पनि यथार्थ जानकारी प्राप्त हुनेछ । अतः यस शोधकार्यबाट भण्डारीका निबन्धकलामा अभिरुचि राख्ने प्रत्येक व्यक्ति लावान्वित हुन सक्नेछन् । यसका अतिरिक्त यस अध्ययनले निबन्धको अध्ययनका निम्ति पनि केही निश्चित आधारहरू प्रस्तुत गर्नेछ, जसले गर्दा अन्य निबन्धकारका निबनधहरूको अध्ययनमा समेत थप सहयोग मिल्नेछ । यही परिप्रेक्ष्यमा प्रस्तुत शोधपत्रको औचित्य, उपयोगिता र महत्त्व रहेको छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य डी.पी. भण्डारीको वि.स.. २०४० को दशकदेखि २०६५ सम्म नेपाली भाषामा प्रकाशित भएका निबन्धहरूमा आधारित रहेको छ । यस शोधकार्यमा भण्डारीका पुस्तकाकार सङ्ग्रहमा सङ्कलित निबन्धको विभिन्न आधारमा वर्गीकरण र प्रतिनिधि निबन्धको मात्र अध्ययन गरिएको छ ।

## १.८ सामग्री सङ्कलन र शोधविधि

यो शोधकार्यका लागि मूलतः पुस्तकालयीय विधिद्वारा सामग्री सङ्कलन गरिएको छ । त्यसैगरी विभिन्न विद्वान्हरूबाट आवश्यक सल्लाह सुझाव लिने काम पनि भएको छ । प्रस्तुत शोधपत्र वर्णनात्मक र विश्लेषणत्मक विधिद्वारा तयार पारिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई सुव्यवस्थित र सुसङ्गठित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेदमा विभक्त गरिएको छ । यसमा जम्मा पाँच परिच्छेद रहेको छ । ती सबै दशमलब प्रणालीमा अङ्क मिलाई शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ । समग्रमा यस शोधपत्रको मुख्य रूपरेखा वा सङ्गठन यसप्रकार रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय ।

दोस्रो परिच्छेद : निबन्धको विधासिद्धान्त र नेपाली निबन्ध परम्परा ।

तेस्रो परिच्छेद : डी.पी. भण्डारीको परिचय र निबन्धयात्रा ।

चौंथो परिच्छेद : डी.पी. भण्डारीका निबनधहरूको विश्लेषण ।

पाँचौ परिच्छेद : उपसंहार ।

सन्दर्भग्रन्थसूची ।

**दोस्रो परिच्छेद**

# निबन्धको विधासिद्धान्त र नेपाली निबन्ध परम्परा

## २.१ विषयप्रवेश

निबन्ध गद्य साहित्यको कान्छो विधा हो । यसका आफ्नै संरचनागत स्वरूप रहेको पाइन्छ । निबन्धको अध्ययन गर्ने सन्दर्भमा सर्वप्रथम निबन्धको विधासिद्धान्त जान्न आवश्यक हुन्छ । त्यसैले यस परिच्छेदमा निबन्धको विधा सिद्धान्त प्रस्तुत गरिएको छ ।

## २.२ निबन्धको विधागत परिचय

साहित्यको स्वतन्त्र विधाका रूपमा परिचित निबन्ध शब्द गद्य साहित्यको नवीनतम विधा हो । विधासिद्धान्तका आधारमा निबन्ध पाश्चात्य साहित्यको देन भए तापनि प्राचीन कालदेखि नै संस्कृत वाङ्मयमा यसको प्रयोग हुँदै आएको पाइन्छ । यसर्थ नेपाली साहित्यका निम्ति निबन्ध विधाको स्पष्ट सिद्धान्त पाश्चात्य साहित्यबाट नै प्राप्त भएको हो तर यसलाई चिनाउने प्रयास भने पूर्व तथा पश्चिम दुवै क्षेत्रमा भएको छ । यहाँ तिनै विभिन्न विद्वान्का बेग्लाबेग्लै परिभाषा र निबन्ध शब्दको व्युत्पत्तिगत अर्थलाई केलाउने प्रयास गरिएको छ ।

### २.२.१ निबन्ध सम्बन्धी पूर्वीय मान्यता

**निबन्ध** शब्द संस्कृतबाट नेपालीमा आएको तत्सम शब्द हो । व्युत्पत्तिगत अर्थलाई हेर्दा यसको प्रयोग विविध अर्थमा गरिएको पाइन्छ । 'बन्ध्' धातुमा 'नि' उपसर्ग तथा 'घञ्' प्रत्यय लागेर निबन्ध शब्द व्युत्पन्न भएको हो, जसको अर्थ बाँध्नु र सङ्ग्रह गर्नु हुन्छ[१] भने 'अच्' प्रत्यय लागेर पनि यसको व्युत्पत्ति भएको देखिन्छ, जसको अर्थ नीमको रूख र त्यसको सेवनद्वारा कुष्ठरोगको निरोध भन्ने हुन्छ ।[२]

---

[१] भट्टोजिदीक्षित, **वैयाकरण सिद्धान्त कौमुदी**, छैठौं संस्क. (वाराणसी : चौखम्बा अमरभारती प्रकाशन, २०४३), सूत्र संख्या ३३०० ।

[२] हरिहरनाथ द्विवेदी, **निबन्ध सिद्धान्त और प्रयोग**, (पटना : हिन्दी ग्रन्थ अकादमी, इ.सं. १९७१), पृ. १ ।

यस आधारमा हेर्दा 'घञ्' प्रत्यय लागेर निष्पन्न निबन्ध शब्द आधुनिक साहित्यको निबन्ध विधासँग निकट छ ।

संस्कृतमा निबन्ध शब्दको प्रयोग विविध प्रयोजनमा विभिन्न विद्वान्ले प्राचीन समयदेखि नै उल्लेख गर्दै आएका छन् । सर्वप्रथम यसको प्रयोग श्रीमद्भागवद्गीतामा भएको छ । श्री कृष्णले अर्जुनलाई उपदेश दिने क्रममा 'दैवी सम्पद् विभोक्षाय निबन्धासुरी मता' भनेर निबन्धलाई सांसारिक मायाजालमा बाँधेर राख्ने आसुरी सम्पदाका रूपमा चर्चा गरेका छन् ।[३] यसपछि याज्ञवल्क्यस्मृतिमा द्रव्य वा पदार्थका अर्थमा निबन्ध शब्द आएको छ । सातौं र आठौं शताब्दीमा वासवदत्ता र कादम्बरी काव्यमा ग्रन्थरचना, अर्थटीका भाष्य-व्याख्या आदि शब्दमा प्रयुक्त निबन्ध[४] एघारौं शताब्दीसम्म आइपुग्दा सूत्र, वृत्ति, भाष्य, तथा समीक्षात्मक सङ्ग्रहका अर्थमा अर्थिन पुग्छ ।[५] प्रथमतः हस्तलिखित भोजपत्र आदिलाई समेटेर बाँध्ने तात्पर्यमा प्रयुक्त भए पनि कालान्तरमा आएर यो शब्दले साहित्यको विशिष्ट विधालाई बुझाउन थालेको छ ।

पूर्वीय दृष्टिकोणबाट हेर्दा निबन्ध शब्दले आजको साहित्यिक गद्य विधा विशेषलाई समेट्न सकेको छैन । शब्दनिर्माण प्रक्रिया संस्कृत व्याकरण अनुसार नै भए पनि प्रयोगधर्मितामा साहित्यको विधा विशेषलाई जनाउन सकेको छैन । यसर्थ निबन्ध पाश्चात्य साहित्यको देन हो र यसको जन्म, विकास पनि यही भएको हो भन्न सकिन्छ । यसैले निबन्धका बारेमा विस्तृत जानकारीका निमित्त पाश्चात्य दृष्टिकोणहरूको गम्भीर अध्ययन आवश्यक देखिन्छ ।

### २.२.२ पाश्चात्य दृष्टिकोण

पाश्चात्य साहित्यमा निबन्धको विधागत आरम्भ सोह्रौं शताब्दीमा मिसेल द मोन्तेनले गरेका हुन् ।[६] उनले पाण्डित्य र आडम्बररहित अनौपचारिक अभिव्यक्ति दिने

---

[३] वेदवती वैदिक, सम्पा. **श्रीमद्भागवत् गीता,** तेस्रो संस्क. (नयाँ दिल्ली : ऋचा प्रकाशन, इ. १९९८), पृ. ६१३ ।

[४] हरिहरनाथ द्विवेदी, पूर्ववत् ।

[५] धीरेन्द्र वर्मा, सम्पा., **हिन्दी शब्दकोश,** दोस्रो संस्क. (दिल्ली : ज्ञानमण्डल लिमिटेड, २०२०), पृ. ४४५ ।

[६] हिमांशु थापा, **साहित्य परिचय,** चौथो संस्क., (काठमाडौं : साझा प्रकाशन, २०५०), पृ. १० ।

क्रममा आफ्ना छोटा रचनालाई 'एसाई' नाम दिए र यसैबाट अङ्ग्रेजीमा 'एस्से' शब्द बन्न पुग्यो, जसको अर्थ प्रयास, प्रयोग वा परीक्षण गर्नु हुन्छ ।[७] त्यसै गरी सत्रौँ शताब्दीमा आएर अङ्ग्रेजी साहित्यका निबन्धकार फ्रान्सिस बेकनले पनि आफ्ना रचनालाई 'एस्से' कै संज्ञा दिए, जसको अर्थ एसाइकै अर्थसँग सम्बद्ध रहेको छ ।[८]

यसरी 'एस्से' को परिभाषा गर्ने सन्दर्भमा विभिन्न विद्वान्हरूले यसको अर्थ दिन थालेपछि यसले विधागत चिनारी प्राप्त गऱ्यो र गद्यमा लेखिएको छोटो लेख नै 'एस्से' हुन पुग्यो ।[९]

पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग गद्य विधा विशेषको रूपमा भएको पाइँदैन । यो केवल टीका, भाष्य ग्रन्थ, समीक्षात्मक कृतिमा मात्र सीमित रहेको छ तर पाश्चात्य 'एस्से' शब्दले भने आरम्भदेखि नै साहित्यिक रचनाकै अर्थ वहन गरेर व्यापक अर्थमा गद्यविधा विशेषलाई समेट्दै आएको छ । यसर्थ नेपाली निबन्ध शब्दको अर्थ पूर्वीय व्युत्पत्तिमूलक अर्थभन्दा पाश्चात्य एस्सेसँगै निकट रहेर 'एस्से' कै समानार्थी शब्दका रूपमा नेपालीमा निबन्ध शब्द प्रचलित रहेको छ ।

### २.२.३ निबन्धको परिभाषा

विश्वसाहित्यको इतिहासमा निबन्ध शब्द कान्छो नवीनतम विधा हो । यसैकारण निबन्ध विधाको परिभाषाको क्रम पनि निकै पछि मात्र सुरु भएको छ र स्पष्ट रूपमा निबन्ध विधासम्बन्धी सिद्धान्तहरू पनि पछिल्लो समयमै देखिएका छन् । यसर्थ निबन्धको परिभाषा गर्ने प्रयास पूर्वीय तथा पाश्चात्य दुवै साहित्यमा भएको छ तर पनि अन्य विधाको तुलनामा यसको परिभाषा भने स्पष्ट छैन ।

पाश्चात्य साहित्यको इतिहासमा निबन्ध विधाको प्रारम्भ फ्रान्सका मोन्तेनले गरे भने यसको विस्तार तथा विकास भने बेलायती बेकनले गरे ।

---

[७] विश्वनाथप्रसाद, **कला एवं साहित्य प्रवृत्ति और परम्परा**, (पटना : विहार हिन्दी ग्रन्थ अकादमी), सन् १९७३, पृ. १६५ ।

[८] ईश्वर बराल, सम्पा, **सयपत्री**, पाँचौं संस्क., (काठमाडौं : साझा प्रकाशन, २०५८), पृ. २१ ।

[९] रोबट पिग्बिन, **द न्यू इन्साइक्लोपेडिया ब्रिटानिका**, भोलम ४, पन्ध्रौं संस्क., (अमेरिका : अमेरकी युनिभर्सिटी अफ सिकागो, इ. १९९०), पृ. ५६२ ।

'म नै मेरा निबन्धको विषयवस्तु हुँ'[१०] भन्ने मोन्तेन आफ्ना निबन्धलाई आत्माको प्रकाशनका रूपमा स्वीकार गर्दछन् ।

'फ्रान्सिस बेकनले निबन्ध छरिएको चिन्तन हो'[११] भन्दै विषयकेन्द्रित, परात्मक र पाण्डित्यपूर्ण प्रथम अङ्ग्रेजी निबन्धकार बन्न पुगेका छन् ।

जोन्सनले 'निबन्ध भनेको उन्मुक्त विचरण हो । यो यस्तो अनियमित र अपरिपक्क रचना हो, जसमा कुनै नियम वा क्रम रहँदैन भनेका छन् ।'[१२] यस कथनबाट निबन्ध भनेको मनको निर्बन्ध खुला भ्रमण हो । जुन शृङ्खलाविहीन रूपमा देखिन आउँछ ।

जे डब्ल्लु मेरेटले 'असल निबन्ध विचारपूर्ण अनुसन्धानको एक प्रकार हो । यो प्रफूल्ल हृदयले व्यक्तिवादी पाराले प्रस्तुत गरिएको हुन्छ'[१३] भनेका छन् । उनले विचारको पुष्ठ्याइलाई निबन्ध मानेका छन् ।

सेन्टव्युभले 'निबन्ध श्रमसाध्य विधा हो । यसमा स्रष्टाको आत्मप्रकाशन भएको हुन्छ'[१४] भन्ने विचार दिएका छन् । यस कथनबाट पनि निबन्धलाई आत्मकथनकै रूपमा स्वीकार गरेको पाइन्छ ।

'तारादेखि लिएर धुलोसम्म र अमिवादेखि लिएर मानिससम्म निबन्धको विषय हुन सक्छ ।'[१५] भन्ने मत ह्वाकरको रहेको छ । उनको परिभाषाले निबन्धको क्षेत्र निर्क्यौल गर्ने कार्य गरेको छ ।

अङ्ग्रेजी र फ्रान्सेली साहित्यमा मात्र नभई बङ्गाली, हिन्दी र नेपाली साहित्यमा पनि निबन्ध सम्बन्धी पर्याप्त अध्ययन भएको छ । हिन्दी साहित्यबाट नै विधागत,

---

[१०] राजेन्द्र सुवेदी, **स्रष्टा–सृष्टि : द्रष्टा–दृष्टि, दोस्रो संस्क.**, (काठमाडौं : साझा प्रकाशन, २०४९), पृ. १७ ।

[११] ऐजन ।

[१२] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध भाग–२**, (ललितपुर : साझा प्रकाशन, २०५५), पृ. ३ ।

[१३] ऐजन ।

[१४] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १८ ।

[१५] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. १४ ।

सचेततापूर्वक नेपाली साहित्यमा निबन्ध भित्रिएको हो र निबन्धको परिभाषाको क्रम सुरु भएको हो ।

हिन्दी साहित्यका विशिष्ट चिन्तक तथा इतिहासकार आचार्य रामचन्द्र शुक्लले निबन्धलाई विशिष्ट गद्य मान्दै 'यदि गद्य कविहरूको कसी हो भन्ने निबन्ध गद्यको कसी हो भन्ने विचार राखेका छन् ।'[१६]

हिन्दीका अर्का विशिष्ट समालोचक गुलाव रायले दिएको परिभाषा आचार्य रामचन्द्र शुक्लको परिभाषासँग मिल्दोजुल्दो देखिन्छ । उनका अनुसार 'त्यस गद्य रचनालाई निबन्ध मानिन्छ । जसमा एक सीमित आकारभित्र कुनै विषयको वर्णन र प्रतिपादन एक विशेष निजीपन स्वच्छन्दता सौष्ठव र सजीवत तथा आवश्यक सङ्गति र सम्बद्धता साथ गरिएको हुन्छ ।'[१७] रायको परिभाषामा निबन्ध सानो आकारमा लेखिने गद्य रचना हो । जसमा जुनसुकै विषय पनि हुन सक्छ, त्यसको वर्णन प्रतिपादनमा स्रष्टाको व्यक्तित्व मुछिनु पर्छ र स्वच्छन्द भावविचरण भएर पनि पूर्वापर सङ्गति र सम्बद्धतालाई कायमै राख्नु निबन्धको वास्तविक प्राण हो भन्ने कुरा देखिएको छ ।

नेपाली साहित्यमा पनि निबन्धको सैद्धान्तिक चिन्तन र अध्ययन भएको पाइन्छ । यसक्रममा विभिन्न विद्वान्हरूले यसको परिभाषा गरेका छन् ।

नेपाली साहित्यका मूर्धन्य निबन्धकार लक्ष्मीप्रसाद देवकोटाका निबन्धसम्बन्धी मान्यता विशेष महत्त्वपूर्ण छन् । उनले निबन्धसम्बन्धी छुट्टै सैद्धान्तिक चिन्तन प्रस्तुत नगरेपनि निबन्ध भित्रबाट नै यसको विशिष्ट परिभाषा दिएका छन् । उनका शब्दमा यो 'रौंचिरा दर्शन होइन न यो पाण्डित्य प्रदर्शनको ठ्यास्फू ! यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण समीक्षणको जरुरत छैन । यो एक किसिमको धूर्त बदमास ठिटो हो, जो सडकमा हिड्दा कहिले ढुङ्गो हान्छ कतै, कतै आनन्दले फूलेर हेर्छ तर घोरिदैन पाठघोकुवा हलन्तेको मिजासले । यो टेविल गफ मात्र हो, शास्त्र होइन । यो एउटा

---

[१६] रामचन्द्र शुक्ल, **हिन्दी साहित्यका इतिहास,** तेह्रौं संस्क., (काशी : नागरी प्रचारिनीसभा, २०१८), पृ. ५०५ ।

[१७] मोहन अवस्थी सम्पा. **हिन्दी निबन्धकी विभिन्न शैलिया,** (इलाहावाद : सरस्वती प्रेस, १९६९), पृ. ६ ।

फूर्सदको मनोरञ्जन हो ..... यहाँ एउटा रसिलो हसिलो गफाडी चुड्किलो कुराकानी छ, जसको नाम प्रबन्ध हो ।'[१८]

देवकोटा प्रबन्धलाई निबन्धकै समानार्थमा प्रयोग गर्दछन् । यो बौद्धिकताको भारी नभएर नियम र शैलीविहीन आत्मपरक र अनौपचारिक हुन्छ भन्ने कुरा देखाएका छन् ।

ईश्वर बरालले आफ्नो सम्पादित कृति पयपत्रीको भूमिकामा निबन्धलाई यसरी चिनाएका छन्-

'निबन्ध एक किसिमको कुरा गराइ हो । यो हो लेखकका मनमा भावहरूलाई स्वगत कथनका रूपमा उद्रिक्त गराउने विधा विशेष । आफ्ना मनमा गढेर रहेका कुराको सम्प्रेषण गर्नु, दुखेसो अरूलाई सुनाउनु हृदयलाई सकेसम्म छर्लङ्ग्याइदिनु मानिसको तिर्सना हो । त्यसो हुनाले निबन्धकार जहिले पनि पाठकसित खुला मनले गफ गर्दै झ्याम्मिन चाहन्छ । साउती गरेर तिनलाई गाठी कुरो खुसुक्क सुनाउन चाहन्छ ।'[१९]

बरालले निबन्धलाई सामान्य कुरा गराइ मान्दै यसको सामान्य मानव प्रवृत्तिलाई वहन गर्नुपर्ने बताएका छन् ।

पछिल्ला समयका रामलाल अधिकारीले निबन्ध क्षेत्रको गहन अध्ययन गरेका छन् । उनी स्वयम् पनि निबन्धकार व्यक्तित्व भएका कारण उनका निबन्ध सम्बन्धी परिभाषाहरू उद्धरण गर्नु श्रेयकर देखिन्छ । उनका कथनमा 'निबन्ध त्यो काव्यविधा हो, जसमा लेखकको व्यक्तित्व पाठकसमक्ष पूर्णतया प्रकाशमान हुन्छ । यसमा लेखकको उपदेष्टा नभई आत्मप्रकाशनको लक्ष्यमै केन्द्रित हुनुपर्छ ।'[२०] अधिकारीले निबन्धलाई निजात्मक गद्य विधाको रूपमा स्विकारेका छन् ।

---

[१८] लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी निबन्धसङ्ग्रह**, बाह्रौं संस्क., (काठमाडौं : साझा प्रकाशन, २०४९), पृ. २१ ।

[१९] ईश्वर बराल, सम्पा., पूर्ववत्, पृ. ३४ ।

[२०] रामलाल अधिकारी, **नेपाली निबन्धयात्रा**, (दार्जिलिङ : नेपाली साहित्य सञ्चयिका, १९७५), पृ. ६ ।

त्यसैगरी नेपाली निबन्ध फाँटका मूर्धन्य निबन्धकार डी.पी. भण्डारीले ‘निबन्धहरू एक संवेदनशील, अध्ययनशील, निस्पृह, आग्रहमुक्त विद्वान्का मूल्याङ्कनहरूका प्रस्तुति हुन् जो नियमनिष्ठताबाट फूत्किएर वैयक्तिक उन्नयन खोज्ने प्रयास गर्दछन् भनेका छन् ।’[२१]

भण्डारीले विद्वान् लेखकका स्वतन्त्र विचारका रूपमा निबन्धलाई चिनाएका छन् ।

यी विभिन्न परिभाषाका आधारमा निबन्ध भनेको छोटो आयाममा संरचित कुनै पनि विषयमा निर्बन्ध भएर लेख्न सकिने गहन भाव बोकेको लेखकका आफ्ना वैयक्तिक अनुभव र अनुभूतिको प्रस्तुति हो ।

### २.२.४ निबन्धका तत्त्वहरू

कुनैपनि वस्तुको पूर्ण संरचना निर्माण गर्ने आवश्यक संरचक घटकलाई तत्त्व भनिन्छ । निबन्ध विधा पनि एक नवीन र लचिलो साहित्यिक विधा भएकाले यसको प्रारम्भिक स्वरूपमा निकै परिवर्तन आइसकेको छ र समयानुसार यसका तत्त्वमा पनि परिवर्तन हुँदै आएको छ । निबन्ध विधाको परिभाषा गर्न कठिन भएजस्तै विषयगत व्यापकता र गहनताले गर्दा निबन्धका तत्त्वहरू यति नै हुन्छन् भन्न जटिल छ । यसका तत्त्वका बारेमा विद्वान्हरूका बीच मतैक्य नभए पनि आवश्यक तत्त्वहरू तीन किसिमका देखिन्छन्- (१) वस्तु (२) शैली (३) उद्देश्य ।[२२]

#### १. वस्तु

प्राय: जसो साहित्यिक विधाको सिर्जनामा कुनै न कुनै आवश्यक तत्त्वको अनिवार्यता भएजस्तै निबन्ध रचनाका लागि प्रथम आवश्यक तत्त्व वस्तु हो । जीवन जगत्का जुनसुकै विषयमा पनि निबन्ध लेख्न सकिने हुँदा यसको विषयक्षेत्र ज्यादै व्यापक र विस्तृत छ । विषय जे-जस्तो भए पनि स्रष्टाको व्यक्तित्वको प्रभावमा आइसकेपछि निबन्धले पूर्णता प्राप्त गर्दछ । मानव मष्तिस्क र मानव हृदयले टिपेका जुनसुकै सन्दर्भ पनि निबन्धका विषयवस्तु हुन सक्छन् ।

---

[२१] डी.पी. भण्डारी, **मृगस्थली**, (काठमाडौं : गणेशमान सिंह अध्ययन प्रतिष्ठान, २०५७), पृ. त ।

[२२] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ.१७ ।

निबन्धमा वस्तुतत्व र भावतत्वको समन्वय पाइन्छ । वस्तुतत्व भित्र चिन्तन, विचार, कार्यकारण, तर्क, गहिराइ र औचित्य पर्दछन् भने भावतत्व अन्तर्गत सुकुमार संवेदना, रागात्मक ध्वन्यात्मकता र चित्तको तरलता पर्दछन् ।[२३] मष्तिस्क जति माझिएको हुन्छ, बुद्धि त्यति तीव्र हुन्छ । त्यसमा पनि भावलाई बुद्धिले उछिनेर र भावमा रमरम बौद्धिकताको स्पर्शसम्म पनि नभए निबन्ध व्यर्थको प्रलाप बन्छ ।[२४] यसर्थ बुद्धि र भाव दुवै निबन्धका अनिवार्य तत्त्व हुन् । बुद्धि र भावको समन्वय जति मात्रामा सशक्त हुन्छ निबन्ध त्यति नै प्रभावकारी बन्दछ तर यसमा अध्ययन र अभ्यासको महत्त्वपूर्ण भूमिका रहन्छ ।

## २. शैली

आफ्नो विचार वा कुनै विषयवस्तुलाई अरू छेउ सम्प्रेषण गर्न तयार गरिएको शब्द, वाक्य र अनुच्छेदहरूको बनोटलाई शैली भनिन्छ । निबन्धकारको निजीपन र व्यक्तित्वको परिचायक शैली नै हो । यो भाव र भाषाको सङ्गमस्थल हो । भाव वा विचार निबन्धको आत्मा, भाषा शरीर र शैली निबन्धको जीवन वा प्राण हो ।[२५] यसलाई गतिशील बनाउन शब्दहरूको प्रयोग गर्नु अनिवार्य छ । प्रत्येक निबन्धकारका शैली आ-आफ्नै प्रकारका हुन्छन् । सरलता, स्पष्टता, प्राञ्जलता र प्रभावकारिता शैलीका गुण हुन् ।[२६] प्रत्येक निबन्धकारका शैली आ-आफ्नै प्रकारका हुन्छन् । निबन्धकार जुन भाषामा निबन्ध लेख्छ त्यस भाषालाई उसले राम्रोसँग खेलाउन सक्ने हुनुपर्छ । निबन्धको भाव र भाषा कुनैको सुबोध र कुनैको दुर्बोध भएपनि शब्द प्रयोग भने विषयानुकूल, रोचक र अर्थबोधक हुनुपर्दछ । यिनै शैलीगत पृथकताका दृष्टिले शैलीलाई भाव र भाषाका आधारमा वर्गीकरण गर्न सकिन्छ -

---

[२३] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश**, छैठौं संस्क., (काठमाडौं : रत्न पुस्तक भण्डार, २०४९), पृ. १६० ।

[२४] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. १७ ।

[२५] जयनाथ 'नलिन', **हिन्दी निबन्धकार**, दोस्रो संस्क., (दिल्ली : आत्माराम एन्ड सन्स, इ. १९६४), पृ. १९ ।

[२६] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. २०६ ।

### (अ) भावका आधारमा शैली

मूलतः भावका आधारमा शैली तीन किसिमका छन्- (क) संयत शैली (ख) भावुक शैली (ग) व्यङ्ग्य शैली ।[२७] यसका अतिरिक्त वर्तमान अवस्थामा चेतनप्रवाह शैलीलाई पनि महत्त्वपूर्ण मानिन्छ ।

### (क) संयत शैली

भाव नियन्त्रित शैलीलाई संयत शैली भनिन्छ । यसमा भावको अधीनमा निबन्धकार नभएर निबन्धकारको अधिनमा भाव रहन्छ । यसले पाठकलाई विस्तारै प्रभाव पार्दछ र अनुभूतिको क्रमिक प्रवाह गर्दछ ।[२८] उक्त शैलीमा बुद्धिले विशेष काम गर्ने हुनाले यसमा व्यङ्ग्य शैली जस्तो ठट्यौलो र भावुक शैली जस्तो हार्दिकता हुँदैन । यसले एकैसाथ झ्याप्प छोपेर पाठकलाई अन्यौलमा पार्दैन ।

### (ख) भावुक शैली

भावुकताको छताछुल्ल पोखाइ नै भावुक शैली विशेष गुण हो । यस किसिमको शैलीमा विगतका अनुभवहरूलाई कल्पनाले सिङ्गारेर अतिरञ्जित ढङ्गले पनि व्यक्त गरिएको हुन्छ ।[२९] भावुक शैलीमा निबन्धकारका अनुभवजन्य अनुभूति र कल्पना घुलमिल भएर आउँछ । यसमा भाव गाम्भीर्य रहन्छ र कवितात्मक संवेदनशील भाषाको प्रयोग हुन्छ ।

### (ग) व्यङ्ग्यशैली

भाषालाई चमत्कारपूर्ण ढङ्गले प्रस्तुत गर्ने शैली नै व्यङ्ग्यशैली हो । भाषाको उत्कृष्ट प्रस्तुति व्यङ्ग्य हो । यसमा एउटा कुरा भनेझैं गरी अर्कै कुरा भनिन्छ । व्यङ्ग्य शैलीमा निबन्धकारको भाषा र भावमाथि एकाधिकार हुन्छ । भन्न खोजिएको कुरा पाठकको मनलाई कुत्कुत्याउने गरी आकर्षण ढाँचाले एवम् छेडछाडका रूपमा व्यङ्ग्य गरिएको हुन्छ ।[३०]

---

[२७] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. १९ ।
[२८] ऐजन ।
[२९] ऐजन ।
[३०] ऐजन ।

**(आ) भाषाका आधारमा शैली**

भाषाका दृष्टिले निबन्ध मूलतः दुई प्रकारका छन् : (क) समास शैली र (ख) प्रसाद शैली ।[३१]

**(क) समास शैली**

सरल भाषाको साटो विशिष्ट किसिमको भाषिक प्रयोग भएको शैलीलाई समास शैली वा समस्त शैली भनिन्छ । कठिन शब्द लामा वाक्य र दुरुह संरचना समासशैलीका विशेषता हुन् ।[३२] भाषिक शब्दजाल विछ्याएर पाठकलाई अलमल पार्नु यसको निजी वैशिष्ठ्य हो । यसमा मिश्र र संयुक्त वाक्यको आधिक्य रहन्छ र आलङ्कारिक पदावलीको बढी प्रयोग पाइन्छ ।

**(ख) प्रसादशैली**

प्रसादशैलीलाई सरल शैली पनि भनिन्छ । यसको भाषा सरल र सहज हुन्छ । ममतापूर्ण आकर्षण, स्वच्छन्द तथा भाषामा मधुरता भएको शैलीलाई प्रसाद शैली भनिन्छ ।[३३] जस्तोसुकै गहन विषयवस्तुलाई पनि सामान्य किसिमले सुमधुर र सहज भाषामा प्रस्तुत गर्ने भएकाले आधुनिक निबन्धमा प्रसाद शैली बहुप्रचलित छ ।

**३. उद्देश्य**

साहित्यको सिर्जना कुनै न कुनै उद्देश्यबाट प्रेरित भएर गरिएको हुन्छ । निबन्धकारले आफ्ना निबन्धका माध्यमबाट आफ्ना भावना, विचार र अनुभूतिलाई पाठकसमक्ष प्रस्तुत गर्नु नै निबन्धकारको उद्देश्य जस्तो देखिए पनि निबन्ध लेखनको मूल उद्देश्य पाठकलाई उपदेश दिनु नभई सूचना दिनु र आत्मप्रकाश गर्नु हो ।[३४] निबन्ध रचनाका दुई प्रकारका उद्देश्य हुन्छन्- (अ) आत्मप्रकाशन र (ख) सूचनात्मकता ।[३५]

---

[३१] मोहनप्रसाद तिमल्सिना, **नेपाली निबन्धको चरण निर्धारण र चरणगत वैशिष्ट्यको विश्लेषण,** अप्रकाशित लघुअनुसन्धान प्रतिवेदन, त्रि.वि., मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थान, २०४१, पृ. १९ ।

[३२] गोपीकृष्ण शर्मा, पूर्ववत्,पृ. २४ ।

[३३] जयनाथ नलिन, पूर्ववत्, पृ. ३० ।

[३४] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १७२ ।

[३५] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. २१ ।

### (अ) आत्मप्रकाशन

निबन्ध व्यक्तित्वको परिचायक हुन्छ र यसका माध्यमबाट निबन्धकारको 'स्व' को चिनारी निर्भिकतापूर्वक निबन्धमा प्रकट भएको हुन्छ । निबन्धमा रहने आत्मप्रकाशनका आधारमा नै यसको परिभाषा बनेको छ। आत्माभिव्यक्तिको यो प्रवृत्ति आत्मपरक निबन्धमा बढी र वस्तुपरक निबन्धमा कम रहन्छ।

### (आ) सूचनात्मकता

निबन्धमा रचनाकारको अनुभव सम्बन्धी सूचनाहरू रहन्छन् । निबन्धकारले आफ्ना पाठकहरूलाई जीवन जगतका यथार्थ वा काल्पनिक जुनसुकै पक्षका बारेमा असल मित्रले जसरी सूचना प्रवाह गर्दछ र पाठकलाई पूर्णविश्वास दिने प्रयास गर्दछ।[३६]

यिनै मुख्य तीन तत्त्व वस्तु, शैली र उद्देश्यबाट निबन्धको संरचना बन्दछ।

## २.२.५ निबन्धको वर्गीकरण


साहित्यका विविध विधामध्ये गद्य साहित्यको प्रमुख एक रूप निबन्ध हो । विषयवस्तु, भाषाशैली र रचनामा भिन्नता भएका कारण निबन्ध जटिल बन्न पुगेको छ। यसर्थ यसको अध्ययनको सहजताका निमित्त वैज्ञानिक र व्यवहारिक अध्ययन हुन आवश्यक देखिन्छ।

मूलतः साहित्यका सबैजसो विधाकै वर्गीकरण गर्न कठिन कार्य हो, त्यसमाथि विषयगत विविधताले गर्दा निबन्धको वर्गीकरण गर्नु झनै कठिन देखिए तापनि विभिन्न विद्वान्हरूले विषयवस्तु, भाषाशैली, प्रवृत्ति, व्यक्तित्वको प्रधानता र गौणताका आधारमा निबन्धको वर्गीकरण गरेको पाइन्छ। पाश्चात्य जगत्मा निबन्धसम्बन्धी आत्मपरक र वस्तुपरक धारणामध्ये आत्मपरक निबन्धको पक्षमा मोन्तेन र वस्तुपरक धारणाको पक्षमा बेकन देखिएका छन् । हिन्दी साहित्यका विशिष्ट समीक्षक तथा इतिहासकार रामचन्द्र शुक्लले निबन्धको वर्गीकरण गर्ने क्रममा शैलीलाई मुख्य आधार मानी

[३६] ऐजन।

निबन्धका विचारात्मक, भावात्मक र वर्णनात्मक गरी तीन वर्गमा विभाजन गरेका छन् ।[३७] जयनाथ नलिनले निजात्मक र परात्मक गरी निबन्धलाई दुई प्रकारले विभाजन गरेका छन् ।[३८] हरिहरनाथ द्विवेदीले वस्तुगत र व्यक्तिगत गरी दुई किसिमले वर्गीकरण गरेका छन् ।[३९] नेपाली साहित्यका ईश्वर बरालले निबन्धका निजात्मक र परात्मक भेदलाई नै स्वीकारेका छन् ।[४०]

निबन्ध वैयक्तिक रचना भएकाले व्यक्तित्वकै केन्द्रियता र गौणतामा विभाजन गर्दा यसलाई आत्मपरक र वस्तुपरक गरी दुई भागमा बाँड्न उपयुक्त देखिन्छ । यी दुई रूपमा पनि आत्मपरक अन्तर्गत व्यक्ति रचयिताका वैयक्तिक सुख, दुःख आदि जीवनघटना, भावना र विचारहरूको अभिव्यक्ति प्रस्तुत गरिने हुनाले भावात्मक विचारात्मक र वैयक्तिक गरी तीन भागमा तथा वस्तुपरक अन्तर्गत वस्तुको वर्णन विवरण प्रस्तुत गरिने हुनाले वर्णनात्मक र विवरणात्मक गरी दुई उपवर्गमा बाँडन सकिन्छ :




## १. आत्मपरक निबन्ध

आत्मपरक निबन्धलाई निजात्मक तथा विषयीनिष्ठ पनि भनिन्छ । यस्ता निबन्धमा विषयभन्दा लेखकको व्यक्तित्वको आत्माभिव्यक्ति हुन्छ । 'स्व' को अभिव्यक्ति

---

[३७] रामचन्द्र शुक्ल, पूर्ववत्, पृ. ४८२ ।

[३८] जयनाथ 'नलिन' पूर्ववत्, पृ. १४ ।

[३९] हरिहरनाथ द्विवेदी, पूर्ववत्, पृ. १ ।

[४०] ईश्वर बराल, पूर्ववत्, पृ. १८ ।

हुनु यसको मूल पहिचान हो । यो गतिशील हुन्छ ।[४१] निबन्धकार आफ्नै व्यक्तिगत सुखदुःख, हारजित, हर्षविस्मात, आदिका दैनिक अनुभवहरूमा आफ्नै व्यक्तिगत जीवनतथ्यहरूको हल्का र सरल पाराले प्रस्तुतीकरण गर्दै पाठकसँग मन खोल्छ ।[४२] यस किसिमले अभिव्यक्ति दिने क्रममा लेखक कहिले भावात्मक भएर बोल्छ, कहिले निजी जीवनको अभिव्यक्ति गर्दछ र कहिले विषयका बारेमा विचार वा दृष्टिकोण व्यक्त गर्दछ । यसरी व्यक्तित्व, विचार एवम् भावनाहरू प्रकट हुने भएकाले आत्मपरक निबन्धलाई तीन भागमा बाड्न सकिन्छ-

**(क) भावात्मक निबन्ध**

भावात्मक निबन्धमा अमूर्त भावात्मक विषयहरू जस्तैः आशा निराशा, प्रेम, करुणा, परोपकार, देशभक्ति आदिलाई संवेदनात्मक तुल्याई सरल आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ ।[४३] यसमा जीवनका विविध पक्षहरूलाई भावपूर्ण दृष्टिले विवेचना र विश्लेषण गर्दै तर्क, वितर्क र बहसलाई जित्ने निबन्धकारको उदात्त हृदयले अनुभूति र भावनालाई स्वतन्त्र रूपमा विचरण गर्ने कल्पनालाई प्रधानता दिइन्छ । यस्ता निबन्धको भाषाशैली सरल, सरस र आलङ्कारिक हुन्छ । संक्षेपमा भन्नु पर्दा भावात्मक निबन्धमा लेखकले वस्तुको वर्णन भावना र कल्पनाका सहारामा अत्यन्त रागात्मक र कलात्मक रूपले गरेको हुन्छ ।

**(ख) विचारात्मक निबन्ध**

विचारात्मक निबन्धमा बुद्धि वा विचारको प्रधानता हुन्छ । यसमा कल्पना एवम् भावना तत्त्वमाथि बुद्धि वा विचारको अधिकार हुन्छ । विचारात्मक निबन्धमा लेखकले विषयको वर्णन गर्दै आफ्ना मत सिद्धान्त स्थापित गर्न विभिन्न तर्क र बौद्धिक व्यायामको भरपुर प्रयोग गर्दछ । निबन्धमा कल्पना एवम् भावना तत्त्वलाई बुद्धि वा विचारले अतिक्रमण गरेको हुन्छ । विचारात्मक निबन्धमा लेखकले विषयका पक्ष-

---

[४१] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. २७ ।

[४२] ऐजन ।

[४३] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. २०४ ।

विपक्षहरू प्रस्तुत गर्छ, केलाउँछ र प्रबल तर्कहरूका आधारमा आफ्नो निजी विचार स्थापना गर्दछ ।[४४]

**(ग) वैयक्तिक निबन्ध**

निबन्धकारले आफ्ना भावनाहरूलाई निजी स्वरूप दिएर प्रकट गर्दा वैयक्तिक निबन्धको जन्म हुन्छ । यसमा निबन्धकारको भावुकताको आत्मप्रकाशन हुन्छ र निबन्धको विषयवस्तुका रूपमा स्रष्टा नै रहन्छ । यसमा स्रष्टाले निजी जीवनका भोगाइलाई तथा अनुभवलाई कथाकारले कथा भनेझैं गरी निश्छलतापूर्वक प्रकट गर्दछ । लेखकको सोचाइ, हेराइ, लेखाइ प्रत्यक्ष रूपमा यस्ता निबन्धमा प्रस्तुत गरिएको हुन्छ ।

**२. वस्तुपरक निबन्ध**

वस्तुपरक निबन्धलाई निर्वैयक्तिक, परात्मक र विषयप्रधान निबन्ध पनि भनिन्छ । यस प्रकारका निबन्धमा विषयप्रधान र व्यक्ति गौण हुन्छ । यस्ता निबन्धको प्रमुख लक्ष्य आत्मप्रकाशन नभई सूचनात्मकता हुन्छ ।[४५] यो निबन्ध विषयकै वरपर घुम्छ र स्रष्टा तटस्थ रही वस्तुको चिनारी गराउँछ र आफ्ना अनुभूतिमा नभै वस्तुतथ्यको विशेष प्रकाशन गर्दछ । वस्तुपरक निबन्धलाई दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ- (क) वर्णनात्मक (ख) विवरणात्मक

**(क) वर्णनात्मक निबन्ध**

यसमा कुनै वस्तु, घटना वा ठाउँ विशेषको वर्णन गरिन्छ । यसमा चिन्तनको आवश्यकता पर्दैन । कोरा वस्तुको वर्णनले मात्र निबन्ध सफल नहुने हुँदा यसमा लेखकको निजी पहिचान झल्कनु आवश्यक हुन्छ । वर्णनात्मक निबन्धमा विचार, अनुभूति, कल्पना सबैले वर्णनलाई प्राणवान मोहक आकर्षक र रसिलो बनाउनका लागि महत्त्वपूर्ण भूमिका खेल्दछन् ।[४६] यसमा मुख्य विषयवस्तुमै केन्द्रित रही कल्पना र भावनाको सन्तुलित प्रयोगमार्फत छोटो आयतनभित्रै सम्पूर्णताको अभिव्यक्ति हुन्छ ।

---

[४४] ऐजन, पृ. १९२ ।

[४५] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. २३ ।

[४६] जयनाथ 'नलिन', पूर्ववत्, पृ. १८ ।

वर्णनात्मक निबन्धमा निबन्धकारको गहन चिन्तन र मौलिक जीवनदर्शनको अपेक्षा राखिंदैन, केवल निजी भावनाले निबन्धलाई सिंगार्ने काम मात्र हुन्छ ।

**(ख) विवरणात्मक निबन्ध**

विवरणात्मक निबन्धमा कुनै घटना वा वृतान्तको विवरण प्रस्तुत गरिन्छ । यसको विषय कुनै पनि साहसिक कार्य, घटना तथा यात्रा विवरण हुन सक्छ ।[४७] यो वर्णनात्मक निबन्धभ्कैं देखिए पनि दुवैमा अन्तर छ । वर्णनात्मक निबन्धमा कुनै स्थान वा दृष्यको हुबहु वर्णन हुन्छ भने यसमा कुनै कार्य वा त्यसको अनुशीलन तथा चित्रण गरिएको हुन्छ । कालगत वर्णनमा निबन्धकार इतिहासकारभ्कै लागे पनि उसको निजी कौशलले इतिहास हुनबाट बचाउँछ । इतिहासको प्रस्तुति वस्तुगत भाषामा हुन्छ भने विवरणात्मक निबन्ध आलङ्कारिक र व्यञ्जनात्मक शैलीमा प्रस्तुत गरिन्छ । इतिहासमा तिथिमिति, तथ्य र घटनाक्रमलाई वयान गर्ने प्रक्रिया हुन्छ भने विवरणात्मक निबन्धमा त्यस्ता घटनाको कुनै एक टुक्रा टिपेर त्यसलाई निबन्धात्मक सङ्गठन दिइन्छ ।[४८]

## २.३ नेपाली निबन्धको विकासक्रम

विश्वसाहित्यमा निबन्धको सुरुवात सोह्रौं शताब्दीदेखि नै भए पनि नेपाली साहित्यमा निबन्धको प्रारूप पृथ्वीनारायण शाहको 'दिव्योपदेश' (१८३१) लाई मानिन्छ । निबन्ध गद्य साहित्यकै एउटा हाँगो भएकाले यसको इतिहास खोज्दा गद्य साहित्यकै सापेक्षतामा खोज्नुपर्ने हुन्छ अथवा गद्य साहित्यको इतिहास सँगै निबन्ध साहित्यको इतिहास पनि जोडिएको हुन्छ । नेपाली भाषाको उद्भव सँगै अभिलेख, ताम्रपत्र, तमसुक, स्वर्णपत्र, औषधि मूलोका पाठ्यपुस्तकहरू, राजकाजको यात्रासम्बन्धी अध्यादेश अभिलेखीय गद्यांशहरू देखा पर्छन् र यिनै प्राचीन गद्य नमुनालाई निबन्धको पृष्ठभूमिकालीन रूप मान्न सकिन्छ । यिनै प्राचीन वाङ्मयबाट आधारशीला निर्माण गर्दै पृथ्वीनारायण शाहको 'दिव्योपदेश' (१९३१) सम्म आइपुग्दा निबन्धले आफ्नो पृष्ठभूमिकाल पूरा गर्दछ ।

---

[४७] हिमांशु थापा, पूर्ववत्, पृ.१९१ ।

[४८] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. २५ ।

दिव्योपदेशदेखि हालसम्मको इतिहास हेर्दा विभिन्न प्रतिभाहरूका नयाँ नयाँ प्रयोग र लेखनबाट नेपाली निबन्धले आफ्नो समुन्नत रूप प्राप्त गरिसकेको छ । यसै दिव्योपदेशदेखि हालसम्मको विकासक्रमलाई हेर्दा नेपाली निबन्धलाई तीन चरणमा विभाजन गर्न सकिन्छ-

### २.३.१ प्राथमिककाल १८३१-१९५७

नेपाली गद्यको प्रारम्भ पृथ्वीनारायण शाहको 'दिव्योपदेश' (१८३१) लाई मान्न सकिन्छ । त्यसमा प्रतीकात्मक र सौन्दर्यात्मक गद्यभाषा भएकोले त्यसैलाई नै नेपाली निबन्धको प्रथम नमुनाका रूपमा चिनिन्छ ।[४९]

दिव्योपदेशपछि देखापरेका उल्लेखनीय कृति मध्ये रामभद्र पाध्य रेग्मीको 'लक्ष्मीधर्म संवाद (१८५१) वाणीविलास पाँडेको 'बाग्मतीपुल स्तम्भअभिलेख' (१८६८) दैवकेशरी अर्ज्यालको गोरक्षयोग शास्त्र (१८७७), यदुनाथ उपाध्यायको रतिकोषसार (१८८५), सुन्दरानन्द बाँडाको त्रिरत्न सौन्दर्यगाथा (१८८९-९०), अज्ञात लेखकको जङ्गबहादुरको बेलायत यात्रा (१९९०), बेनामी बत्तीस सालको रोजनाम्चा (१९६२) मोतीराम भट्टको भानुभक्ताचार्यको जीवन चरित्र (१९४८) र चिरञ्जीवी शर्माको आफ्नु कथा (१९५५), आदिलाई नेपाली गद्यको ऐतिहासिक विकासका महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।[५०] नेपाली गद्यलेखनलाई विकसित तुल्याउन यी लेखहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

अपरिष्कृत भाषा, मौलिकताको अभाव, विशुद्ध साहित्यिक चेतनाको अभाव आदि यस कालका विशेषता हुन् । यी विविध रचनाहरूका माध्यमबाट नेपाली भाषा विकसित हुँदै जानु र यी मध्ये कतिपयमा केही मात्रामा मात्र भए पनि निबन्धका तत्त्वहरू पाइनाले नेपाली साहित्यको प्राथमिक कालका निबन्धलाई नेपाली निबन्धको पृष्ठभूमि मात्र मान्न सकिन्छ विशुद्ध निबन्ध मान्न सकिँदैन ।

---

[४९] केशवप्रसाद उपाध्याय,पृ. १७२ ।

[५०] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, आठौँ संस्क., (काठमाडौं : साझा प्रकाशन, २०६३), पृ. १२२-१२३ ।

### २.३.२ **माध्यमिक काल (१९५८–१९९१)**

माध्यमिक काललाई प्रकाशनको काल भनेर चिनिन्छ । वि.सं. १९५८ मा गोरखापत्रको प्रकाशन हुन थालेपछि नेपाली निबन्धको माध्यमिक काल सुरुहुन्छ । यस कालका निबन्धलाई गोरखापत्र (१९५८ काठमाडौं), सुन्दरी (१९६३ बनारस), माधवी (१९६५ बनारस), चन्द्र (१९७१ बनारस), गोर्खाली (१९७२ बनारस), चन्द्रिका (१९७४ खर्साङ), जन्मभूमि (१९७९ बनारस), गोर्खासंसार (१९८२ देहरादुन) जस्ता पत्रिकाले निकै सघाउ पुऱ्याएका छन् ।[५१] सुन्दरी (१९६३) पद्य प्रधान पत्रिका भए पनि यसमा 'बेसरी' शीर्षकको निबन्धात्मक लेख र देवीदत्त शर्माको उचित 'चर्चा' (१९६५) शीर्षकको लेखरचना प्रकाशित भएको पाइन्छ ।[५२] माधवीमा प्रकाशित राममणि आ.दि. को 'कवितारीति' (१९६५-६६) महत्त्वपूर्ण निबन्धात्मक कृति हो साथै यस पत्रिकामा प्रकाशित धर्मदत्त शर्मा, रामप्रसाद सत्याल, जयपृथ्वीबहादुर सिंह, मानसिंह अधिकारी, हरिहर आ.दि., दुर्गादेवी आ.दी., कुलचन्द्र गौतम आदिका गद्य लेखरचनाहरू उल्लेखनीय छन् ।[५३] चन्द्र गद्यप्रधान पत्रिका हो । यसमा पद्मनाथ सापकोटाको 'परिश्रमको विभाग' (१९७१), सूर्यविक्रम ज्ञवालीको 'सोक्रोटिजको बहस' (१९७१) वैजनाथ सेढाइँको 'हेमन्त ऋतु वर्णन' (१९७१), पारसमणि प्रधानको 'अध्यवसाय' (१९७२) र विधा (१९७२) आदि विविध विषयका लेखरचनाहरू प्रकाशित छन् ।[५४]

दार्जीलिङको खरसाङबाट प्रकाशित शम्भुप्रसाद ढुङ्गेलको 'महेन्द्रमल्ली' (१९७५) पहिलो आत्मपरक निबन्ध हो ।[५५] यस पत्रिकामा शम्भुप्रसादकै चन्द्रिका (१९७५), प्रेम (१९७५) का साथै सूर्यविक्रम ज्ञवाली, दुर्गादेवी आ.दी., रामचन्द्र उपाध्याय, प्रभाकर आदिका निबन्धहरू पनि यसमा प्रकाशित छन् ।[५६] यस कालका मुख्य निबन्धकारहरूमा

[५१] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. १५ ।
[५२] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत् ।
[५३] पूर्ववत्, पृ. १२४ ।
[५४] ऐजन ।
[५५] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १७२ ।
[५६] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १२५ ।

राममणि आ.दी., शम्भुप्रसाद ढुङ्गेल, पारसमणि प्रधान, सूर्यविक्रम ज्ञवाली, वेदनिधि शर्मा, विद्यावती आदि छन् ।

विशेषगरी यस कालका निबन्धमा वैचारिकता, वर्णनात्मकता, विवरणात्मकता, विषयगत विविधता र पूर्ण आत्मपरकतालाई अवलम्बन गरेको पाइन्छ । नेपाली निबन्धको विकासयात्रामा पत्रपत्रिकाले अहम् भूमिका खेलेको छ । यसर्थ माध्यमिक कालमा पनि स्वदेश तथा विदेशबाट स्वतन्त्र चिन्तन सहित स्रष्टाहरूले प्रजातान्त्रिक सामाजिक वातावरणको सन्देश छर्दै विभिन्न रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन, गराएर नेपाली निबन्धको आधुनिक युगलाई बलियो पृष्ठभूमि निर्माण गरेका छन् ।

### २.३.३ आधुनिक काल (१९९२–हालसम्म)

वि.सं. १९९२ सालमा शारदा पत्रिकामा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको 'आषाढको पन्ध्र' निबन्धलाई आधुनिक कालको प्रथम रचना मानिन्छ । लक्ष्मी निबन्ध सङ्ग्रह (२००२) र दाडिमको रूखनेर (२०३९) का रचनाकार देवकोटाले आत्मपरक धाराको सुरुवात गरेका हुन् । यस चरणका मुख्य प्रतिभाहरूमा बाबुराम आचार्य, सूर्यविक्रम ज्ञवाली, रुद्रराज पाण्डे, बालकृष्ण सम, यदुनाथ खनाल, हृदयचन्द्रसिंह प्रधान आदि रहेका छन् । यस कालको वि.सं. २००३ सम्मको समयावधिलाई प्रथम चरण मानिन्छ ।[५७] यस कालमा देवकोटाबाट स्वच्छन्दतावाद, समबाट परिष्कारवाद, हृदयचन्द्रसिंह प्रधानबाट प्रगतिवादी, स्वच्छन्दतावाद, गरी तीनवटा प्रवृत्ति अस्तित्वमा आएका छन् ।

आधुनिक नेपाली निबन्धको दोस्रो चरण वि.सं. २००४ देखि २०३५ सालसम्म कायम रहन्छ । यस चरणका निबन्धको विकासमा स्वदेश तथा विदेशबाट प्रकाशित विभिन्न पत्रिकाहरूको भूमिका महत्त्वपूर्ण रहेको छ । यसमा पनि साहित्यस्रोत (२००४ काठमाडौं) युगवाणी (२००४ बनारस), भारती (२००६), प्रगति (२०१०), गोर्खा (२०११), नौलो पाइलो (२०१३) आदि साहित्यिक पत्रिकाहरूको उल्लेख्य भूमिका रहेको

[५७] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १६ ।

छ । साहित्यस्रोत पत्रिकामा प्रकाशित हृदयचन्द्र सिंह प्रधानको 'तीस रुपियाँको नोट' (२००४) निबन्धसङ्ग्रहबाट आधुनिक नेपाली निबन्धको पहिलो चरणको समाप्ति र दोस्रो चरणको थालनी भएको हो । यसै समयमा उनका जुँगा (२००९), 'कुरा साँचो हो' र अफसोच (२०११) जस्ता निबन्धहरू प्रकाशित भएका छन् । यिनमा देवकोटाको जस्तो कवित्व, कल्पना र भावुकता नपाइए तापनि समाजसुधारका भावनाले प्रेरित भएर सरल र प्रभावकारी आत्मपरक शैलीले पाठकलाई आकर्षित गर्न सक्ने क्षमता रहेको पाइन्छ ।[५८]

यस चरणमा देखापर्ने अन्य निबन्धकार र तिनका निबन्धहरूमा बदरीनाथ भट्टराई 'पच्चीस प्रबन्ध' (२००८) का साथ देखा पर्दछन्, भीमनिधि तिवारीको 'पन्ध्र प्रबन्ध' (२००८), श्यामप्रसाद शर्माको आत्मपरक निबन्धसङ्ग्रह 'त तिमी तपाई हजुर' (२०१४), केशवराज पिँडालीको हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह 'खै खै' (२०१६) यस चरणमा प्रकाशित उल्लेख्य निबन्धसङ्ग्रहहरू हुन् ।[५९]

यसरी यस चरणमा निजात्मक भन्दा परात्मक निबन्धको आधिक्य रहेको पाइन्छ । जसको प्रतिनिधित्व बदरीनाथ भट्टराई, भीमनिधि तिवारीले गरेका छन् । त्यसैगरी प्रेमराज शर्माले शुरु गरेको हास्यव्यङ्ग्य शैलीको विकास केशवराज पिँडालीमा देखापरेको छ । त्यस्तै खोजयुक्त निबन्ध कमल दीक्षितबाट शुरु भएको छ भने आत्मपरक लेखनलाई हृदयचन्द्र प्रधान र श्यामप्रसाद शर्माले अघि बढाएका छन् ।

आधुनिक नेपाली निबन्धको तेस्रो चरणको प्रारम्भ २०२० सालको रूपरेखा पत्रिकामा प्रकाशित शङ्कर लामिछानेको 'सम्झनाको लयमा विलीन हुँदै' भन्ने निबन्धबाट भएको हो । यिनका 'एबस्ट्याक्ट चिन्तन व्याज' (२०२४) 'गोधुली संसार' (२०२८) गरी दुई निबन्धसङ्ग्रहहरू प्रकाशित छन् । पाश्चात्य साहित्यका नवीन चिन्तन र वादहरूसँग परिचित लामिछानेमा निजात्मक भावलाई प्रस्तुत गर्ने कलात्मक ढङ्ग वा शैलीले गर्दा उनका निबन्धहरू अमूर्त एवम् गहन बन्न पुगेका छन् । उनको

---

[५८] रविलाल अधिकारी, 'नेपाली निबन्धको विकास', **गरिमा**, (वर्ष १३, अङ्क १२, पूर्णाङ्क १००, २०४७), पृ. ६५ ।
[५९] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ३९ ।

यही नवीन शिल्प प्रयोगबाट नेपाली निबन्ध पुनः नयाँ मोडमा उभिन आएको छ । त्यसैले उनीबाट आधुनिक नेपाली निबन्धको तेस्रो चरण प्रारम्भ भएको मानिन्छ । यस चरणमा शंकर लामिछाने सँगसँगै प्रशस्त निबन्धकारहरू उदाएका छन् । कृष्णचन्द्रसिंह प्रधान पनि यस चरणका प्रमुख निबन्धकार हुन् । उनले नेपाली साहित्यलाई बौद्धिकतामा खलबली ल्याउने विचारप्रधान एवम् प्रतीकात्मक ओजपूर्ण भाषाका निबन्धहरू दिएका छन् । तारानाथ शर्मा र बालकृष्ण पोखरेल पनि यस चरणका राम्रा निबन्धकार हुन्छ । शर्माका निबन्धमा जीवनका गहन भावपक्षलाई केलाउनका साथै सामाजिक बेमेलमाथि तीतो प्रहार गरिएको पाइन्छ भने पोखरेलका निबन्धमा राष्ट्रप्रेम र व्यङ्ग्यचेतना समेटेका छन् ।

उपर्युक्त निब्नधकारहरू बाहेक यस चरणका अन्य स्रष्टाहरूमा रामकृष्ण शर्मा, इन्द्रबहादुर राई, कमल दीक्षित, रामलाल अधिकारी, बासुदेव त्रिपाठी, बल्लभमणि दाहाल, ठाकुर पराजुली, चूडामणि बन्धु, कृष्णप्रसाद पराजुली, मोदनाथ प्रश्रित, रामणि रिसाल, राजेन्द्र सुवेदी, बानिरा गिरी, डी.पी. भण्डारी आदिलाई लिन सकिन्छ ।[६०]

आधुनिक नेपाली निबन्धको तृतीय चरण अभ्यास, प्रयोग र सुदृढीकरणको समय हो ।[६१] यसै समयमा नै वास्तविक नेपाली निबन्धको आधुनिक काल शुरु भएको हो । आधुनिक कालको प्रथम चरणमा साहित्यिक विधा निबन्धको प्रतिनिधित्व गर्ने रचनाहरू अटुट क्रममा देखिन थाले । यस चरणका निबन्धलाई साहित्यिक विधाका रूपमा स्वीकारियो । दोस्रो चरणमा यस विधाले प्रौढता प्राप्त गर्दै गयो भने तेस्रो चरणअन्तर्गत यसमा नयाँ प्रयोग, क्षेत्र विस्तार र सर्वाधिक विकसित रूप प्राप्त गऱ्यो ।

## २.४ **निष्कर्ष**

साहित्यका चार प्रमुख विधामध्ये निबन्ध एक महत्त्वपूर्ण विधा हो । यसका प्रमुख दुई भेद छन्- आत्मपरक र वस्तुपरक । पाश्चात्य साहित्यबाट प्रादुर्भाव र विकास भएको निबन्धको प्रारम्भ फ्रान्सका लेखक मोन्तेनबाट भएको हो । आफैलाई केन्द्र बनाई निबन्धको सिर्जना गरिन्छ भन्ने भाव बोकेका मोन्तेन आत्मपरक

[६०] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. ४२ ।
[६१] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ४२ ।

निबन्धकार हुन् । त्यसपछि निबन्ध छरिएको चिन्तन हो भन्ने वेकनले निबन्धलाई वस्तुपरक ढङ्गले चिनाएर उनी वस्तुपरक निबन्धकार बन्न पुगेका छन् । यसरी हेर्दा आत्मपरक निबन्धका जन्मदाता मोन्तेन र वस्तुपरक निबन्धका जन्मदाता बेकन बन्न पुगेका छन् । जीवनका जुनसुकै विषयमा पनि निबन्ध लेख्न सकिन्छ र आकारका दृष्टिले यो छिटोछरितो विधा हो । निबन्धमा वस्तु, शैली र उद्देश्यको त्रिकोणमा तत्त्वहरू निर्भर रहन्छन् । निबन्धमा निबन्धकार कुनै विषयको सूचना दिन्छ, वस्तुको वर्णन गर्छ वा मनमा लागेका कुरालाई सरसरती भन्छ, त्यसैले निबन्धलाई मनको पोखाइ भन्न सकिन्छ । त्यसैले छोटो आयाममा संरचित जुनसुकै विषयमा स्वतन्त्र रूपले निर्बन्ध भएर लेख्न सकिने गहन भाव बोकेको लेखकका आफ्ना वैयक्तिक अनुभव, अनुभूतिको प्रस्तुति नै निबन्ध हो ।

## तेस्रो परिच्छेद

# डी.पी. भण्डारीको परिचय र निबन्धयात्रा

### ३.१ विषयप्रवेश

जीवन प्रत्येक मानिसको भोगाइ हो । प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा साहित्यमा पनि त्यस भोगाइको असर परेकै हुन्छ । तसर्थ कुनै व्यक्तिको साहित्यिक पाटोलाई खोतल्नुपूर्व त्यसको जीवनी र व्यक्तित्वका पाटाहरूलाई बुझ्नु जरुरी हुन्छ । यसैले यस परिच्छेदमा साहित्यकार डी.पी. भण्डारीको जीवनी व्यक्तित्वका पाटो लगायत उनको निबन्धात्मक यात्रालाई प्रस्तुत गरिएको छ ।

### ३.२ डी.पी. भण्डारीको जीवनी

जीवन अनुभवको सङ्गालो हो । अनुभवको असर साहित्यमा कतै न कतै परेकै हुन्छ । यसर्थ कुनै व्यक्तिको जीवनमा आधारित रहेर सिलसिलाबद्ध रूपमा प्रस्तुत गरिएको तथ्यपूर्ण घटनाक्रमको समष्टिलाई नै जीवनी भन्ने गरिन्छ ।[१] जीवी इतिहासको कोरा विवरण र कथाको कल्पना जस्तो नभएर यथार्थमा आश्रित, तटस्थ वस्तुगत र संयमित हुनुपर्दछ । मानव प्राणीको जन्मदेखि मृत्युसम्मको समयावधिमा घटित घटनाहरूको घटनाक्रमलाई सामान्य तथा जीवनी, जिन्दगी वा जीन्दगानी भनिन्छ । यही जीवनको घटनाक्रमलाई शृङ्खलाबद्ध गरी सम्बन्धित घटनाहरूको तथ्यपूर्ण प्रस्तुति दिनु नै जीवनको मूल उद्देश्य हो ।

#### ३.२.१ जन्म, जन्मस्थान र बाल्याकाल

डी.पी भण्डारीको जन्म सेती अञ्चल डोटी जिल्लाको निरौली गा.वि.स. वडा नं. १ निरोली गाउँमा वि.सं. १९९३ भाद्र २५ गते पिता पण्डित कुञ्जरमणि भण्डारी र आमा इन्दिरादेवी भण्डारीका कोखबाट छैठौं सन्तानका रूपमा भएको हो ।[२] निरौली नै

---

[१] भिक्टर प्रधान, **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासक विवेचना**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४४), पृ. २८ ।

[२] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

उनको पुर्ख्यौली बासस्थान पनि हो । पाँच दाजुका कान्छा भाइ भण्डारीको न्वारनको नाम दुर्गाप्रसाद भए तापनि उनी साहित्यमा डी.पी. भण्डारीका नामले चर्चित रहेका छन् । शैक्षिक प्रमाणपत्रमा भने उनको सोही नाम रहेको छ । सानैदेखि स्वच्छन्द प्रकृतिका भण्डारीको बाल्यकाल सुखपूर्वक बितेको थियो । प्रायः गोठालो जान मन पराउने र पढाइमा त्यति ध्यान दिन नसकेका कारण उनलाई शिक्षाका निम्ति डोटीकै सदरमुकाम तथा कैलाली सारिएकाले उनको बाल्यकाल एकै ठाउँमा स्थिर भएर बितेको पाइँदैन ।

### ३.२.२ शिक्षा

प्रतिष्ठित, शिक्षित पण्डित परिवारमा जन्मिएका दुर्गाप्रसाद भण्डारीको अक्षराम्भ ६ वर्षको उमेरमा घरमै पितामार्फत भएको पाइन्छ । घरमै संस्कृत र नेपाली भाषाको अध्ययन गरेका भण्डारीको औपचारिक शिक्षाका निम्ति डोटी जिल्लाको सदरमुकाम सिलगढी पुऱ्याइए जहाँबाट उनले वि.सं. २००५ तिर प्राथमिक तहको पढाइ पूरा गरे । स्वतन्त्र र उन्मुक्त प्रवृत्तिका कारण पढाइमा कमजोर भएकाले उनको पढाइका सुधारको निम्ति उनका दाजु बद्रिनाथले काठमाडौं ल्याए र त्यहीबाट यिनले वि.सं. २००७ कक्षा पाँच उत्तीर्ण गरे । स्वच्छन्द प्रवृत्तिका भण्डारीलाई काठमाडौंको वातावरणले पनि बाध्न सकेन र उनी पुनः कैलाली नै फर्के । पढाइमा राम्रो गति लिन नसकेका कारण अध्ययनको निरन्तरताका लागि उनका दाजु हिरालालले उनलाई भारतको देहरादून पुऱ्याए । त्यहाँ एउटा नेपालीको घरमा बस्दा उनले हिन्दी भाषा सिक्ने अवसर पाए र पढाइमा पनि राम्रो सुधार गर्दै लगे जसले गर्दा उनले सिधै नौ कक्षामा भर्ना हुने अवसर पनि पाए । त्यसपछि यिनले 'पन्नालाल भल्भ मुनिसिपल इन्टरमिडियट कलेज' बाट सन् १९९३ मा एस.एल.सी. र आई.ए. तहको अध्ययन पूरा गरे । प्रमाणपत्र तहमा अङ्ग्रेजी हिन्दी, इतिहास र राजनीतिशास्त्रको अध्ययन गरे पनि सन् १९५७ मा देहरादूनस्थित डी.ए.भी. कलेजबाट मूल विषय अङ्ग्रेजीका साथै दर्शन तथा संस्कृत जस्ता विषयबाट बी.ए. उत्तीर्ण गरे । यसैगरी भारतकै विहारमा अवस्थित विहार विश्वविद्यालयबाट यिनले सन् १९५९ मा अङ्ग्रेजी विषयमा एम.ए. उत्तीर्ण गरे ।

त्यसपछि केही वर्ष नेपाल फर्किएर अध्यापन गरी पी.एच.डी. का निम्ति पुनः भारत फर्किए । भारतको जवलपुर विश्वविद्यालयबाट सन् १९७३ मा 'डब्लु.बी. यिट्सका नाटकमा भेटिने शिल्प विधान' शीर्षकमा विद्यावारिधिको उपाधि हासिल गरे ।[३]

### ३.२.३ विवाह, सन्तान पारिवारिक स्थिति र बसोबास

डी.पी. भण्डारीको विवाह वि.सं. २०१७ साल माघ २१ गतेका दिन काठमाडौं जिल्ला नयाँ सडक प्युखा निवासी आधुनिक नेपाली उपन्यासका प्रवर्तक सरदार रुद्रराज पाण्डेकी कान्छी छोरी श्री पाण्डेसँग भएको हो ।[४] विवाह भएको करिब पाँच वर्षपछि वि.सं. २०२२ मा प्रथम सन्तानका रूपमा शरद भण्डारीको जन्म भयो भने दोस्रो सन्तानको रूपमा वि.सं. २०२४ सालमा शैलेश भण्डारी जन्मिए । उनका दुई छोरामध्ये जेठा शरदले अमेरिकाको किङ्सवर्ग विश्वविद्यालयबाट अर्थशास्त्रमा विद्यावारिधि गरेका छन् र कान्छा छोरा शैलेश कम्प्युटर इन्जिनियर छन् ।[५]

भण्डारीको पुर्ख्यौली थलो डोटी जिल्लाको निरोली भए पनि हाल उनी काठमाडौं पुरानो बानेश्वरस्थित आफ्नै निवासमा बसोबास गर्दै आएका छन् ।

### ३.२.४ लेखन प्रेरणा र प्रकाशनको आरम्भ

डी.पी. भण्डारीको अध्ययनको सुरुवात भारतबाट भएको हो । उनले त्यहीँबाट आफ्नो विद्यावारिधिसम्मको अध्ययन पूरा गरे । अध्ययनकै सिलसिलामा भण्डारीले आफ्ना अनुभूतिहरू लेखका रूपमा उतार्थे, गुरुलाई देखाउँथे र प्रसंसाको पात्र समेत बन्दथे ।[६] जसबाट उनी अन्तरदेखिबाट नै साहित्य लेखनका अनुरागी भए । अङ्ग्रेजी साहित्यको प्राध्यापकीय समालोचना र विस्तृत अध्ययनका साथै पूर्वीय पाश्चात्य दुवै क्षेत्रको राम्रो ज्ञान भएकाले उनको बौद्धिकताले उनलाई लेखनमा अग्रसर बनाएको देखिन्छ । उनको निबन्ध लेखनको सुरुवात भने वि.सं. २०४५ सालको 'मधुपर्क' पत्रिकामा प्रकाशित 'एक पूर्ण व्यक्तित्वको प्रतीक : सरदार रुद्रराज पाण्डे' बाट भएको हो ।

---

[३] ऐजन ।

[४] ऐजन ।

[५] ऐजन ।

[६] ऐजन ।

### ३.२.५ साहित्यिक क्षेत्रमा प्रवेश

नेपाली साहित्यको समसामयिक चरणका सशक्त लेखक डी.पी. भण्डारीको साहित्यमा प्रवेश हिन्दी भाषाको साहित्यबाट भएको हो । साहित्यको निबन्ध विधामा विशेष दखल भएका भण्डारीले निबन्ध बाहेक छिटपुट रूपमा समालोचनात्मक भूमिका लेख र फुटकर कविताको प्रकाशन गरेका छन् भने आफ्नै जीवनको आत्मवृतान्त लेखन आरम्भको सूचना समेत दिएका छन् ।[७]

### ३.२.६ पुरस्कार, पदक र सम्मानपत्र

नेपाली साहित्यमा पुरस्कारका लागि हुने होडबाजीलाई विकृतिका रूपमा लिने भण्डारी पुरस्कारको अपेक्षामा आफ्नै पैसा खर्च गरेर दोसल्ला ओड्ने प्रवृत्तिको विपक्षमा देखिएका छन् ।[८] पुरस्कार र सम्मान भन्दा पाठकले आफूलाई मन पराएको महत्त्वपूर्ण ठान्ने भण्डारी पुरस्कार दिनेले व्यक्तिको मुहार नहेरी कृतिको मुहार हेर्नुपर्ने र पुरस्कार लिनेले आफूलाई बहुकोणबाट हेर्नुपर्ने बताउँदै नेपाली साहित्यको उन्नति र विकास नहुनु गलत पुरस्कारको परिणाम ठानेका छन् ।[९]

भण्डारीले हालसम्म कुनै पुरस्कार र पदक नपाए पनि विभिन्न संस्थाबाट सम्मान र अभिनन्दन भने पाएका छन् । उनलाई नेपाल जापान मैत्री संघ, देउडा समाज, नेपाल प्राध्यापक संघ, अखिल विद्यार्थी संघ जस्ता संस्थाले सम्मान र अभिनन्दन गरेको छ ।[१०]

## ३.३ व्यक्तित्व

सामान्यतया व्यक्ति विशेषका सन्दर्भमा स्पष्ट रूपमा देखिने बाह्य रूपाकृति र आन्तरिक तहमा देखिने अन्तरनिष्ठ ज्ञान र बौद्धिकताको समष्टि नै व्यक्तित्व हो । व्यक्तित्व निर्माणमा व्यक्ति विशेषका अनुभव, ज्ञान, आस्था, झुकाउ, शिक्षादीक्षा

---

[७] ऐजन ।

[८] ऐजन ।

[९] ऐजन ।

[१०] ऐजन ।

लगायतका आर्जित एवम् आफ्नै व्यक्तिगत मूल प्रवृत्तिले महत्त्वपूर्ण सहयोग पुऱ्याउँदछ । लामो समयसम्म प्राध्यापन पेसामा संलग्न भण्डारीका व्यक्तित्वका महत्त्वपूर्ण पाटाहरूलाई तलका विभिन्न शीर्षक उपशीर्षकहरूमा हेर्न सकिन्छ ।

### ३.३.१ शारीरिक व्यक्तित्व

दुर्गाप्रसाद भण्डारीको शारीरिक बनोट मझौला किसिमको छ । पाँच फुट पाँच इन्च अग्ला गहुँगोरो वर्ण चिटिक्क मिलेको नाक, चम्किला आँखा सधैँ प्रफुल्ल मुद्रामा रहने भण्डारी सत्तरीको दशक काटिसक्दा पनि उत्तिकै मोटाघाटा स्वस्थ र शालिन देखिन्छन् । झट्ट हेर्दा लजालु र नबोल्ने जस्ता देखिए तापनि उनीसँगको निकटतापछि उनी उत्तिकै सहयोगी मिलनसार र स्पष्ट वक्ता रहेको प्रष्ट हुन्छ ।

### ३.३.२ साहित्यकार व्यक्तित्व

दुर्गाप्रसाद भण्डारीको साहित्यिक व्यक्तित्वका पनि बहु पाटाहरू रहेका छन् :

#### (क) निबन्धकार व्यक्तित्व

नेपाली साहित्यको समसामयिक कालका सशक्त निबन्धकार भण्डारीको महत्त्वपूर्ण साहित्यिक व्यक्तित्व निबन्धकार व्यक्तित्व हो । वि.सं. २०४५ को 'मधुपर्क' पत्रिकामा प्रकाशित एक पूर्ण व्यक्तित्वको प्रतीक : सरदार रुद्रराज पाण्डे शीर्षकको निबन्धबाट उनको निबन्ध लेखनको सुरुवात भएको हो । उनको हालसम्म तीनवटा निबन्धसङ्ग्रह **मृगस्थली** (२०५७), **नीरो बाँसुरी बजाइरहेछ** (२०६०) र **रोटी र फूल** (२०६३) प्रकाशित भएका छन् । मूल रूपमा आत्मपरक निबन्ध लेख्ने भण्डारी आफूले देखेका भोगेका र अनुभव गरेका विषयमा मात्र पाठकलाई सीमित नराखी त्यस भन्दा भिन्न भिन्न साहित्य, प्रेम, यौन, समाज, राजनीति, कला, दर्शन आदि विभिन्न पक्षबाट विषयवस्तु टिपी छोटो आयाममा नै निजी धारणाको निष्कर्ष दिने काम उनका निबन्धले गरेका छन् ।[११] लघु आकारका निबन्धमा व्यापक सन्देश प्रतिपादन गर्दै प्रायः

[११] दुर्गाप्रसाद जोशी, **दुर्गाप्रसाद भण्डारीको जीवनी व्यक्तित्व र कृतित्व,** अप्रकाशित, स्नातकोत्तर शोधपत्र (कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०६३) पृ. ३४ ।

सिरानमा महापुरुषका वाणीबाट निबन्धको सुरुवात गर्ने भण्डारी विचारको पुष्टिका निम्ति पूर्वीय, पाश्चात्य क्षेत्रबाट मिथक र उपकथा लिने गर्छन्, जुन उनको निबन्ध लेखनको वैशिष्ट्य पनि हो ।

**(ख) समालोचक व्यक्तित्व**

कक्षाकोठामा विश्वसाहित्यको समीक्षण र विश्लेषण गर्ने भण्डारीले समालोचनात्मक कुनै कृति प्रकाशित नगरे पनि उनले विभिन्न स्रष्टाका पुस्तकमा लेखेका भूमिकाहरू समालोचना भन्दा कम कोटिका छैनन् । उनका भूमिका लेखहरू नै समालोचनाका रूपमा देखिएका छन् । त्यस्ता भूमिकामा मदनमणि दीक्षितको **अमृतत्व र कारुणिकता** (दार्शनिक ग्रन्थ) गोपाल पराजुलीको शब्द शताब्दी काव्य, गोपाल पराजुलीकै मदन पुरस्कार प्राप्त काव्य **नयाँ ईश्वरको घोषणा** गोविन्दराज भट्टराईकै **एक्लै एक्लै, एक्लै** र विश्वविद्यालयमा **अग्निपूजा** निबन्धसङ्ग्रह र राजेश्वर देवकोटाको **डबली** आदि रहेका छन् ।

**(ग) कवि व्यक्तित्व**

दुर्गाप्रसाद भण्डारी मूल रूपमा निबन्धकार भए पनि उनले छिटपुट रूपमा विभिन्न पत्रपत्रिकामा फुटकर कविताहरू प्रकाशन गरेका छन् । विशेष गरी गद्य लयमा कविता रच्ने भण्डारीका कुनै पनि कविता सङ्ग्रह कृति प्रकाशित छैनन् । प्रेम, प्रणय र यौन जस्ता विषयको चित्रणमा केन्द्रित उनका कवितामा प्रेमिकालाई सम्बोधन गर्दै प्रेमलाई पूण्यका रूपमा उच्च स्थान दिएका छन् ।

### ३.३.३ साहित्येतर व्यक्तित्व

दुर्गाप्रसाद भण्डारीको साहित्येतर व्यक्तित्वको पक्षलाई पनि भिन्न भिन्न उपशीर्षकमा राखेर अध्ययन गरिएको छ-

### ३.३.४ प्राध्यापक व्यक्तित्व

भारतको विहार विश्वविद्यालयबाट मूल विषयमा एम.ए. गरेर नेपाल फर्केपछि वि.सं. २०१७ मा कलेज अफ एजुकेसन' काठमाडौंबाट डी.पी. भण्डारीको प्राध्यापन

पेसाको सुरुवात हुन्छ । वि.सं. २०२४ मा त्रिचन्द्र कलेजमा एक वर्ष प्राध्यापन गरेपछि उनी पुनः पिएच.डी. अध्ययनका लागि भारत फर्किए र वि.सं. २०२८ सालमा नेपाल फर्केर केही वर्ष पद्म कन्या क्याम्पसमा अङ्ग्रेजी विषयका उपप्राध्यापकमा नियुक्त भए ।[१२] त्यसपश्चात् कीर्तिपुर स्थित त्रि.वि. केन्द्रीय विभागमा अङ्ग्रेजी विषयका प्राध्यापक हुन पुगेका भण्डारी वि.सं. २०३५ सालमा विभागमा विभागीय प्रमुख समेत भए । पाश्चात्य साहित्य सिद्धान्त, समालोचना र इतिहास विषय प्राध्यापन गर्ने भण्डारीको व्यक्तित्व यसै पेसाबाट मौलाउने मौका पाएको हो । वि.सं. २०५७ सालमा उनी त्रि.वि. बाट सेवा निवृत्त भएका थिए ।[१३]

### ३.३.५ सामाजिक सांस्कृतिक व्यक्तित्व

सुदूरपश्चिम डोटीको निरोली गाउँमा जन्मिएका डी.पी. भण्डारीलाई आफ्नो समाज र संस्कृतिप्रतिको मोहले आकर्षित गरेको कुरा उनकै विभिन्न निबन्धहरूले स्पष्ट पारेका छन् । सुदूरपश्चिमेली संस्कृति तथा लोक साहित्यमा विशेष रुचि राख्ने भण्डारी डोटेली समाज काठमाडौंका विशेष सल्लाहकार र आजीवन सदस्य मात्र होइन त्यस भेगबाट काठमाडौं बस्ने डोटेली दाजुभाइका पीरमर्काका साथी पनि भएका छन् । तत्कालीन नेपाली सांस्कृतिक प्रतिष्ठापनका अध्यक्ष उनी डोटेली समाज बाहेक अन्य संघसंस्थामा पनि सदस्य र सल्लाहकार भएका छन् ।

### ३.३.६ प्रवक्ता व्यक्ति

लामो समय प्राध्यापन पेसामा संलग्न भण्डारी विभिन्न अवसरमा साहित्यिक, सांस्कृतिक, सामाजिक, दार्शनिक आदि विषयबारे प्रवचन दिने गर्दछन् । बौद्धिक भाषाको प्रयोगले तथा विषयवस्तुको गहन अध्ययनका कारण उनको प्रवचन बुद्धिजीवी वर्गका बीचमा पनि निकै लोकप्रिय बन्न पुगेको छ । जटिल विषयलाई सरलीकरण गर्दै त्यसको पुष्टिका निम्ति विभिन्न पूर्वीय, पाश्चात्य पुराकथा र महापुरुषका महान्

---

[१२] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[१३] ऐजन ।

वाणीको प्रयोग गर्ने भण्डारी विभिन्न रेडियो र टेलिभिजन च्यानलमा धेरै प्रवचन दिइसकेका छन ।

### ३.३.७ बहुभाषी व्यक्तित्व

डी.पी. भण्डारीका निबन्धमा नेपाली, अङ्ग्रेजी र संस्कृत तीनवटै साहित्यको समन्वय रूप देख्न सकिन्छ । त्यति मात्र नभई उनले अध्ययनका क्रममा रहँदा हिन्दी, उर्दू र फारसी भाषाको पनि यथेस्ट ज्ञान हासिल गरेका छन् । यसकारण उनको बहुभाषी व्यक्तित्वको चिनारी स्पष्ट हुन्छ । यही बहुभाषाको ज्ञानले गर्दा उनको निबन्ध लेखनमा निखारता आएको छ ।

### ३.३.८ दार्शनिक व्यक्तित्व

डी.पी. भण्डारीले पूर्वीय षद्‌दर्शन लगायत पाश्चात्य क्षेत्रका सबै चिन्तन र वादको अध्ययन गरेका कारण तिनै दर्शनको प्रभाव उनका निबन्धहरूभित्र स्पष्ट रूपमा आएका छन् । बौद्धिक क्रिडामा रम्ने भण्डारी जीवनको रहस्यमयतालाई नै सौन्दर्यका रूपमा लिन्छन् ।[१४] विशेषगरी बुद्ध, कबीरदास, रामकृष्ण परमहंश, मीराबाई, रजनिसं, विवेकानन्द, महात्मा गान्धी, प्लेटो, सार्त्र, कामु, किर्केगार्ड, रसल, ब्रेख्त, आदि चिन्तकहरूको चिन्तनबाट प्रभावित भण्डारी जीवन मान्छेले सोचेजस्तो नहुने भएकाले त्यसलाई भ्रम र लीलाका रूपमा लिन्छन् ।[१५] प्रकृतिको सहचार्यमा मानिस सन्तुष्ट र सुखी हुने कुरामा उनी विश्वस्त छन् । जीवनका विविध रूपमध्ये गोठाले जीवनलाई महत्त्व दिँदै अर्का जन्ममा गोठालेको रूपमा जन्मिने चाहना राख्दछन् । प्रेमलाई जीवनकै अत्यावश्यक तत्त्व ठान्ने भण्डारीले यौनलाई ईश्वरप्रदत्त प्राकृतिक संवेद ठान्दै संसारको रचनालाई निरन्तरता दिने यौनका बारेमा खुला धारणा रहनुपर्ने कुरामा जोड दिन्छन् ।[१६] उनका निबन्ध तथा उनकै सार्वजनिक प्रवचनबाट उनी दार्शनिक व्यक्तित्वमा प्रौढ र परिपक्व रहेको प्रष्ट हुन्छ ।

---

[१४] ऐजन ।

[१५] ऐजन ।

[१६] ऐजन ।

### ३.३.९ राजनैतिक व्यक्तित्व

दुर्गाप्रसाद भण्डारी नेता वी.पी. कोइरालाको राजनीतिक आस्था र आदर्शबाट प्रभावित रहेको उल्लेख उनले आफ्नै विभिन्न राजनीतिक निबन्धहरूमा गरेका छन् । नेपाली काङ्ग्रेसको गौरवमय इतिहास र समानुपातिक सिद्धान्तलाई मान्ने डी.पी. भण्डारी कुनै पनि राजनीतिक पार्टीमा सक्रिय सहभागी रहेको भने पाइँदैन । वि.सं. २०६३ सालको जनआन्दोलनाई राजनीतिक विकास ठान्ने भण्डारी वि.सं. २०४४ सालदेखि २०४६ सालसम्म नेपाल प्राध्यापक संघमा निर्वाचित भई अध्यक्ष पदमा नियुक्त भएका थिए । आफू कुनै वाद र चिन्तनको पक्षधर नभई निरङ्कुशता र अतिवादको मात्र विपक्षी रहेको बताउँछन् ।[१७]

## ३.४ डी.पी. भण्डारीको निबन्धयात्रा

नेपाली निबन्धको तेस्रो चरण अर्थात् समसामयिक चरणमा देखापरेका निबन्धकार डी.पी. भण्डारीले आफ्नो निबन्ध यात्राको थालनी वि.सं. २०४५ मा 'मधुपर्क' मा प्रकाशित 'एक पूर्ण व्यक्तित्वको प्रतीक : सरदार रुद्रराज पाण्डे' शीर्षक निबन्धबाट गरेका हुन् । वि.सं. २०४५ सालबाट सुरु भएको उनको निबन्ध यात्रालाई हेर्दा उनका हालसम्म तीनवटा निबन्धसङ्ग्रह **मृथस्थली** (२०५७), **नीरो बाँसुरी बजाइरहेछ** (२०६०), **रोटी र फूल** निबन्धसङ्ग्रह प्रकाशित छन् भने अन्य निबन्ध (२०६३) विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । दुई दशक लामो निबन्धयात्रामा भण्डारीले करिब ४०० निबन्ध प्रकाशित गरेका छन् । यी सम्पूर्ण निबन्धको स्वरूप एउटै प्रकारको नभएर यिनमा विविध शैली, प्रवृत्ति तथा विषयवस्तुको प्रयोग भएको पाइन्छ । उनको साहित्यिक यात्रालाई विभाजन गर्ने क्रममा २०४५ सालदेखि हालसम्म प्रकाशित भएका निबन्धहरूलाई आधार बनाउन सकिन्छ । विषयवस्तुको एवम् शैलीको प्रधानता एवम् गौणताका आधारमा भण्डारीका निबन्धलाई दुई चरणमा विभाजन गर्न सकिन्छ :

---

[१७] ऐजन ।

(क) प्रथम चरण वि.सं. २०४५-२०५७

(ख) दोस्रो चरण वि.सं. २०५८-हालसम्म

### ३.४.१ प्रथम चरण वि.सं. २०४५-२०५७

**सरदार रुद्रराज पाण्डे : एक पूर्ण व्यक्तित्वको प्रतीक** (२०४५) बाट निबन्ध यात्राको थालनी गर्ने डी.पी. भण्डारीको यो चरण वि.सं. २०५७ सालसम्म कायम रहेको देखिन्छ । यस अवधिमा उनले एउटा निबन्धसङ्ग्रह **मृथस्थली** (२०५७) पनि प्रकाशनमा ल्याएका छन् जुन २०४५ सालदेखि २०५७ सालसम्म विभिन्न पत्रपत्रिकामा प्रकाशित निबन्धहरूमध्ये प्रतिनिधि निबन्धहरूको सङ्ग्रहका रूपमा रहेको छ । त्यसकारण भण्डारीको यस चरणका प्रवृत्तिलाई खुट्याउनका निम्ति यसै निबन्धसङ्ग्रहलाई आधार मान्न सकिन्छ । यस निबन्धसङ्ग्रहमा विभिन्न विषयवस्तुमा ४७ वटा निबन्धहरू समावेश गरिएको छ । यिनै निबन्धहरूको वैशिष्ट्यका आधारमा उनको प्रथम चरणको निबन्धात्मक प्रवृत्तिलाई केलाउन सकिन्छ ।

यस चरणमा भण्डारीले जीवन जगत्, समाज, संस्कृति, धर्म, प्रकृति, प्रेम, नारी, दर्शन, राष्ट्र आदि क्षेत्रबाट विषयवस्तुको चयन गरेका छन् । प्राकृतिक सौन्दर्य र आध्यात्मिक चिन्तनमा प्रवृत्त गराउने पशुपति क्षेत्रको मृगस्थलीबाट ध्यान गर्दै आत्मपरक रागलाई वैचारिक चिन्तनमा रङ्ग्याएका छन् । मानवतावादी विचारधारालाई मूल आधार बनाएर युगीन विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । त्यसैगरी सामाजिक असङ्गतिप्रति विरोध गर्दै आधुनिकताका नाममा मौलिक संस्कृति उखेल्न खोज्ने अराजक तत्त्वहरूको पर्दाफास गर्ने कार्य पनि उनका निबन्धमा पाइन्छ । मनभित्र उठेका भावनाहरूलाई अत्यन्त वैयक्तिक ढङ्गमा प्रस्तुत गर्ने क्रममा उनका कतिपय निबन्ध अराजक समेत बन्न पुगेका छन् । विषयवस्तुको उठान र वैठानको टुङ्गो नहुनु, कुनै प्रसङ्गलाई थालिएपछि बीचमै कुनै उपप्रसङ्गलाई लिएर बहकिनु उनको निर्बन्ध र स्वच्छाचारी प्रवृत्तिजस्तै निबन्धलाई पनि उनी स्वच्छन्द र उन्मुक्त राख्नु चाहन्छन् । त्यसैले गर्दा यिनका निबन्धहरू पढ्दै जाँदा टुङ्गियो भन्ने ठाउँमा टुङ्गिएको हुँदैन भन्ने अगाडि अझै केही बाँकी छ भन्ने ठाउँमा नै टुङ्गिएको हुन्छ ।

भण्डारीको अत्यधिक प्रिय विषय नारी रहेको देखिन्छ । प्रायशः उनका पत्रात्मक निबन्धको प्रारम्भ नारीप्रतिको सम्बोधनबाट थालिएका छन् । बाह्य प्रेमभन्दा आध्यात्मिक प्रेमका उपासक भण्डारी नारी र पुरुषको एकअर्काप्रतिको समर्पण भावमा अत्यधिक आनन्दित देखिन्छन् । समाजको भिडलाई बुद्धिहीनको संज्ञा दिन रुचाउने भण्डारीले समसामयिक राजनीतिमा देखिएको पाखण्डी चरित्रप्रति पनि तीव्र आक्रोश आफ्ना निबन्ध मार्फत व्यक्त गरेका छन् । संरचनागत रूपमा हेर्दा उनका यस चरणमा लेखिएका निबन्धहरू मध्यम आकारका रहेका छन् । निबन्ध लेखनको पहिलो चरण मानिए तापनि यस चरणका निबन्धहरूलाई हेर्दा तिनमा प्रशस्त प्रौढता र अर्थगाम्भीर्य रहेको पाइन्छ । जसलाई उनको प्रौढ मस्तिष्ककै उपजका रूपमा लिन सकिन्छ ।

### ३.४.२ दोस्रो चरण वि.सं. २०५८–हालसम्म

निबन्धकार डी.पी. भण्डारीले आफ्नो निबन्ध यात्राको दोस्रो चरणमा आएर बढी घटनाकेन्द्री तथा बहिर्मुखी निबन्धहरूको रचना गरेका छन् । उनको यस चरणको थालनी वि.सं. २०५८ सालदेखि **कान्तिपुर** साप्ताहिकमा प्रकाशन हुन थालेका निबन्धहरूले गर्दछन् भने हालसम्म त्यसको अवधि रहेको छ । जसको प्रतिनिधि ग्रन्थका रूपमा **नीरो बाासुरी बजाइरहेछ** (२०६०) र **रोटी र फूल** (२०६३) रहेका छन् । यिनै निबन्धसङ्ग्रहमा आधारित रहेर उनका यस चरणका वैशिष्ट्यलाई केलाउन सकिन्छ ।

संख्यात्मक दृष्टिले निकै उर्वर मान्न सकिने भण्डारीको यो चरण पहिलो चरणको प्रौढताकै चरमबिन्दुका रूपमा लिन सकिन्छ । यस चरणका उनका रचनामा व्यक्तिभित्रको पाखण्डता जडता, विवेकहीनता, अन्धविश्वास असंवेदनशीलता र अहङ्कारको कटु आलोचना भेटिन्छ । जीवन र जगतका यावत् परिप्रेक्ष्यमाथि दुष्प्रवृत्तिको बाहुल्य र प्रभावका कारण संसारको वर्तमान यतिविधि असुन्दर भएको निष्कर्ष भण्डारीले यस चरणका निबन्धमा दिएका छन् । प्रेमबाट बन्चित भएकै कारणले संसारमा मान्छे क्रुर र पाशविक बनेको हो भन्ने मान्यता राख्दै अलौकिक, वासनारहित

प्रेमलाई आफ्नो आदर्श ठान्दछन् । यौनको लौकिक र आध्यात्मिक अभिव्यक्तिका विषयमा यस चरणका धेरैजसो निबन्धहरू परेका छन् । नारीप्रतिको आफूमा रहेको स्वभाविक आकर्षणलाई लेखकले निबन्धभरि खुलै छाडेका छन् । प्रायः आफ्नै जीवनका विविध घटना, अनुभव, नयाँ पुराना समाचार विविध विषय प्रसङ्ग आदिलाई विषय बनाइएको यस चरणका निबन्धमा पूर्वीय र पाश्चात्य पुराण कथा, साहित्य, भौतिक आध्यात्मिक दर्शन संस्कृति, इतिहासका विभिन्न उदाहरण, उद्धरण लगायत समसामयिक सजीव पात्र र प्रतीकहरूको उपस्थितिले रचनालाई खँदिलो र आकर्षक बनाएको छ । लेखकको कुशल आध्यात्मिक दार्शनिक व्याख्याका कारणले कतिपय विवादास्पद विषयहरू पनि अमर्यादित हुने स्थितिबाट उम्केका छन् । राजनीति खेलमा देखिएका वेथितिप्रतिको व्यङ्ग्य यस चरणमा तीव्र पाइन्छ । भावलाई कलात्मक दिने क्रममा आत्मपरकता, वैयक्तिक भावको सार्वभौमिकता, चिन्तन र भावको समिश्रण, विषयगत विविधता र काव्यात्मकता आदि यस चरणका मूल प्रवृत्ति देखिन्छ । प्रायः लघु आकारका निबन्ध लेखिएको यस चरणलाई निबन्धात्मक मूल्यका दृष्टिले उर्वर चरणका रूपमा लिन सकिन्छ ।

डी.पी. भण्डारी नेपाली निबन्धको आधुनिक कालको तेस्रो चरण (वि.स.. २०२०-हालसम्म) का एक उज्ज्वल प्रतिभा हुन् । प्रकारका दृष्टिले हेर्दा भण्डारीका दुवै चरणका निबन्धहरू आत्मपरक देखिन्छन् । हालसम्मको उनको निबन्धयात्रा दुई चरणमा विभाजित छ । देखे भोगेका समसामयिक विषयवस्तुलाई यथार्थ रूपमा प्रस्तुत गर्ने भण्डारी संख्यात्मक र गुणात्मक दुवै दृष्टिले सफल निबन्धकारका रूपमा देखापरेका छन् ।

## ३.५ निष्कर्ष

वि.सं. १९९३ भाद्र २५ गतेका दिन पिता कुञ्जरमणि भण्डारी र माता इन्दिरादेवी भण्डारीका कोखबाट छैठौं पुत्रका रूपमा सेती अञ्चल डोटी जिल्लाको निरोली गा.वि.स. वडा नं. १ मा जन्मिएका डी.पी. भण्डारी बाल्यकालमा स्वच्छन्द

स्वभाव भएकाले प्राथमिक स्तरको पढाइ गर्न विभिन्न स्थानमा गएका थिए । साँहिला दाजु हिरालाल भण्डारीले पढाउन भारत लगेपछि उनले पढाइलाई निरन्तरता दिएका थिए । भण्डारीले भारतको विहार विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा एम.ए. र डब्लु बी. यिट्सका नाटकमा भेटिने शिल्प र विचार शीर्षकमा जवलपुर विश्वविद्यालयबाट पी.एच.डी. गरेका छन् । वि.सं. २०१७ देखि २०५७ सालसम्म अध्ययन क्षेत्रमा लागेका भण्डारी हाल काठमाडौंको बानेश्वर भीमसेन गोलास्थित आफ्नो निवासमा बसोबास गर्दै आएका छन् ।

वि.सं. २०४५ सालमा मधुपर्क पत्रिकामा प्रकाशित एक पूर्ण व्यक्तित्वको प्रतीक सरदार रुद्रराज पाण्डे शीर्षकको निबन्ध रचनाबाट निबन्धयात्राको थालनी गर्ने डी.पी. भण्डारीको निबन्ध, कविता र समालोचनाभन्दा निकै सशक्त छन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृति जम्मा तीन वटा छन् ती हुन्- (१) **मृगस्थली निबन्धसङ्ग्रह** (२०५७) (२) **नीरो बाँसुरी बजाइरहेछ** निबन्धसङ्ग्रह (२०६०) (३) **रोटी र फूल** निबन्धसङ्ग्रह (२०६३) । भण्डारीका थुप्रै फुटकर निबन्धहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । पुरस्कारलाई विवेकहीन निर्णय ठान्ने भण्डारी जीवनलाई निराशाजनक र आशावादी दुवै दृष्टिबाट हेरी निर्णय गर्ने अस्तित्ववादी, विसङ्गतिवादी चिन्तकका नजिक छन् । उनको यो जीवन प्रतिको धारणा संस्कृत, हिन्दी, नेपाली र अङ्ग्रेजी साहित्यको गहन अध्ययन र पूर्वीय पाश्चात्य क्षेत्रका वाद र चिन्तनको प्रभावस्वरूप विकसित भएको हो ।

वि.सं. २०४० को दशकदेखि निबन्धयात्राको थालनी गर्ने डी.पी. भण्डारीका प्रकाशित निबन्धहरूको अध्ययनबाट उनको निबन्धयात्रालाई दुई चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । उनी नेपाली निबन्धको आधुनिककालका तृतीय चरण (वि.सं. २०२०-हालसम्म) का एक उज्ज्वल प्रतिभा हुन् । समसामयिक विषय वस्तुमा निबन्ध सिर्जना गर्ने भण्डारी आत्मपरक निबन्धकार हुन् । संख्यात्मक र गुणात्मक दुवै दृष्टिले भण्डारी सफल निबन्धकारका रूपमा देखापरेका छन् ।

**चौंथो परिच्छेद**

# डी.पी. भण्डारीका निबन्धहरूको विश्लेषण

## ४.१ विषयप्रवेश

डी.पी. भण्डारीको निबन्धहरूका विश्लेषण गर्ने सन्दर्भमा विषयवस्तु र प्रस्तुतिलाई मूल आधार बनाइएको छ । भण्डारीका निबन्धहरूका विषयगत विविधता र प्रस्तुतिगत सशक्तता पाइने हुनाले उनका निबन्धको अध्ययनका क्रममा यी विधिलाई महत्त्व दिइएको हो ।

## ४.२ विषयवस्तुका आधारमा डी.पी. भण्डारीका निबन्ध

निबन्धकार डी.पी. भण्डारीले आफ्ना निबन्धका निम्ति विभिन्न विषयवस्तुलाई आधार बनाएका छन् । उनका निबन्धात्मक कृति **मृगस्थली** (२०५७), **नीरो बाँसुरी बजाइरहेछ** (२०६०) र **रोटी र फूल** (२०६३) निबन्धसङ्ग्रहमा परिसीमित हुँदा उनका निबन्धका विषयवस्तुलाई विभिन्न वर्गमा विभाजन गरिएको छ ।

### ४.२.१ प्रेम विषयक निबन्ध

प्रेमलाई मूल विषय बनाएर लेखिएका निबन्धहरू प्रेम विषयक निबन्धहरू हुन् । उनका प्रेम विषयक निबन्धहरूमा यौवनको क्षणमा गरिने केटाकेटी बीचको प्रेमलाई सङ्कुचित मान्दै प्रेमलाई खुला दिमागले हेरिनु पर्ने आग्रह गर्दछन् । प्रेमविना मान्छे बाँच्न नसक्ने भएकाले कुनै न कुनै रूपमा उसले प्रेम गरेकै हुन्छ त्यो चाहे प्राकृतिक होस् चाहे राजनैतिक अथवा धार्मिक साँस्कृतिक होस् चाहे त्यो लौकिक वा अलौकिक ।

भण्डारीले प्रेम विषयक अनेकौं निबन्धहरूको रचना गरेका छन् । यस्ता निबन्धहरूमा *अग्नि र विवाह,* (**मृगस्थली** २०५७), *गहन प्रेममा इतिहास पनि पराजित हुन्छ, प्रेम र विवाह शृङ्खलाहीन चिन्तन, म मात्र तिमीलाई प्रेम गर्छु, जेनिफल लोपेज संसारकी सर्वाधिक सेक्सी सुन्दरी, प्रेम राजनीति र विवाहा, सन्त भ्यालेन्टाइन र नेपाली प्रेमी प्रेमिकाहरू* (**नीरो बाँसुरी बजाइरहेछ,** २०६०) *जुन फूल मैले चाहेको थिए*

*कसैले टिपेछ, प्रेम कविता र गड्याङगुडुङ, गोकर्णको जङ्गलमा प्रेम गर्दा* (**रोटी र फूल** २०६३) आदि रहेका छन् ।

भण्डारीका प्रेम विषयक प्रतिनिधि निबन्धहरूको अध्ययन तल गरिएको छ -

### ४.२.१.१ अग्नि र विवाह

मृगस्थली निबन्धसङ्ग्रहमा सङ्गृहीत यस निबन्धमा वैदिक विधिअनुसार हुने विवाहमा अग्निको महत्त्वलाई दर्शाउँदै प्रतीकात्मक अग्निको अर्थ बुझ्ने दम्पत्तिहरू भौतिक तहभन्दा माथि उठी जीवनलाई सफल मार्गमा डोऱ्याउन सक्छन् भन्ने देखाउन खोजिएको छ । वैवाहिक जीवनमा प्रेमको आवश्यकतालाई प्रष्ट पार्नका निम्ति अग्नि उर्ध्वगमनको र पानी अधोगमनको उदाहरण दिँदै निबन्धकार आगो र पानीलाई उकालो, ओरालो सुख, दुःख हाँसो आँसुको संज्ञा दिँदै यसको अर्थ बुझ्न नसक्ने दम्पत्तिको जीवनमा बोरडम छ, पटाई छ, उराठ छ, र छ अकथनीय वेदना भन्ने विचार व्यक्त गर्दछन् । विवाहित अविवाहित पुरुष वा स्त्री आफ्नो प्रेम वा घृणाको बन्धन वा मुक्तिको, इर्ष्या र वासनाको सामान्य वा असामान्य घडीमा कुन आरोह र अवरोहसम्म पुग्न सक्छन् भन्ने सत्य व्यक्त रूपमा देखाउन सक्दैनन्, न त समाज र वैज्ञानिक नै त्यसको विश्लेषण गर्न सक्छन् तर कलाकारहरू कलाका माध्यमले त्यसलाई प्रष्ट देखाउन सक्ने मत राख्छन् ।

विवाहमा अग्निको प्रतीकात्मक अर्थ बुझ्न नसकेमा विवाह केही समयका लागि उत्सव भए पनि अन्तमा गएर त्यो विकर्षण, अतृप्ति, कलह, शीतयुद्ध, वाकयुद्ध हुँदै अन्तमा वोरडमका परिचायक मात्र बन्न सक्ने यथार्थलाई औंल्याएका छन् ।

हिन्दु नियमअनुसार मानिसका सय वर्षको काललाई ऋषि मनिषीहरूले चार आश्रममा विभाजन गरेको प्रसङ्ग उप्काउँदै लेखकले ती चार आश्रमको महत्त्वलाई दर्शाउँदै कामवासनामा मात्र लिप्त हुने दम्पत्तिहरू अतृप्त आत्मा र वेचैन मस्तिष्क लिएर शून्य हृदय बोकी कहिले पर्वत धाउछन्, कहिले राजनीति गर्छन् त कहिले समाजसेवाको नाउँमा आत्मसेवा गर्छन्, अन्तिममा उद्देश्य भने तिनीहरूको धन र पद

रहने छ जसबाट प्रतीफलका रूपमा अतृप्ति, निभ्रान्ति मात्र फेला पर्ने देखाएर वैवाहिक जीवनमा भौतिक प्रेमका साथसाथै अध्यात्मिक प्रेम पनि भएमा जीवन सफल हुने देखाएका छन् ।

पति पत्नीमा प्रेम र सृजना नभएका कारणले नै संसारको इतिहासमा विपत्ति र दुःखको अध्यायहरू आएको र मानिसले ल्याएका युद्धहरू, धर्मान्धता, अन्धविश्वास, राजनीति, छलकपट, धोकाधडी, हत्या, बलात्कार र तस्करी चोडी डकैती आदि सबै प्रेमविहीन, असन्तुलित दाम्पत्य जीवनका परिणति हुन् भन्ने भाव निबन्धकारको रहेको छ । यसका प्रतिफलकै कारणले संसारका तानाशाहहरू नीरोदेखि हिट्लर, स्टालीन र माओजस्ताको जन्म भएको हो । राजनीति, पारपाचुकी र फेमेनिस्ट आन्दोलन पनि प्रणयविहीन दाम्पत्य जीवनकै परिणाम हुन् ।

अग्निलाई आरोहण, सृजनशीलता, गतिशीलता र जीवन संघर्षको प्रतीकात्मक रूप मान्दै जीवन पनि एक प्रकारको अग्नि परीक्षा हो त्यहाँ सूलहरू छन्, फूलहरू छन्, बाँच्न जान्नेले बाँच्न जाने मर्न पनि जाने, बाँच्न नजान्नेले न त बाँच्न नै जाने न त मर्न नै जाने जीवन बाँचुन्जेल केवल नैराश्यता, बोरडम र तिक्ततामै सिध्याए भन्ने भावलाई उजागर गरेका छन् । यसरी यस निबन्धमा निबन्धकारले प्रेमलाई विषयवस्तु बनाएर त्यस सम्बन्धी आफ्ना धारणाहरू निजात्मक रूपले प्रस्तुत गरेका छन् ।

### ४.२.१.२ **म मात्र तिमीलाई प्रेम गर्छु**

म मात्र तिमीलाई प्रेम गर्छु (नीरो बाँसुरी बजाइरहेछ २०६०) प्रेम विषयक भण्डारीका निबन्ध मध्ये आध्यात्मिक प्रेमलाई प्रमुख विषय बनाइएको निबन्ध हो । एउटा धेरै पुरानो कथामार्फत् वास्तविक प्रेमको स्वरूपलाई प्रस्ट्याइएको यो निबन्ध कथात्मक धर्मितालाई अनुसरण गर्दै आदि मध्य र अन्त्यको शृङ्खलामा आबद्ध रहेको छ । प्राचीन नगरबधु वसन्तसेनाको केन्द्रितामा घुमेको यसनिबन्धले भौतिक प्रेम क्षणभङ्गुर भएको देखाइ चीरस्थायी अध्यात्म प्रेमको वकालत गरेको छ ।

प्रख्यात नगरबधु आधुनिक भाषामा भन्नुपर्दा प्रख्यात वेश्या आफ्नो यौवन र रूप रहुन्जेल शहरका ठुल्ठुला सम्राट, शासक, व्यापारी आदिको यौनप्यास मेटाउने प्रियवस्तु बनेको अन्तमा रोगग्रस्त भएपछि सबैले छोडेको तर स्त्रीतर्फ कहिल्यै वासनात्मक नजरले नहेर्ने एउटा बौद्ध सन्यासीले रोगी नगरबधुलाई 'म पात्र तिमीलाई प्रेम गर्छु' भन्दै औषधोपचार गरेको घटनाद्वारा मांसलप्रेम स्वार्थी हुने प्रवृत्तिलाई स्पष्ट्याएका छन् ।

**४.२.१.३ गोकर्णको जङ्गलमा प्रेम गर्दा**

प्राकृतिक प्रेमलाई विषयवस्तु बनाएर रचना गरिएको गोकर्णको जङ्गलमा प्रेम गर्दा (रोटी र फूल २०६३) निबन्धमा भण्डारीले छोटो आयाममा एकैचोटी दुईवटा विषयलाई पस्केका छन् । एकातिर आफूले जीवनमा भोगेको एउटा सामान्य घटनालाई लिएका छन् भने अर्कातिर शिक्षक पेसालाई समाजले हेर्ने दृष्टिकोण प्रति व्यङ्ग्य गरेका छन् । गोकर्णको जङ्गलमा विदाइ समारोहमा सरिक हुन पुगेका निबन्धकार शहरको कृतिम सौन्दर्यबाट वाक्क भई प्राकृतिक सौन्दर्यमा हराउनका निम्ति पिकनिकका अन्य सदस्यलाई छोडी एक जना मित्रसँग सुटुक्क गोकर्णको जङ्गलभित्र प्रवेश गर्दछन् । त्यहाँको जनावर हिंस्रक भएको थाहा भएर पनि उनी आफ्ना गुरुजीको महान वाणी (यदि तिमी साँच्ची नै प्रेमपूर्ण हृदयले जङ्गलका महाहिंस्रक जनावरहरूसित सम्बन्ध राख्छौ भने तिनीहरू तिम्रो प्रेमबाट पराजित भएर तिम्रो चरणमा झुक्ने छन्) लाई चरितार्थ बनाउने उद्देश्य स्वरूप मृगलाई आफ्नो हात दिएको तरत्यसको प्रतिक्रिया स्वरूप मृगले उल्टै आफूलाई चोट पुऱ्याएको र आफूभित्र प्रेमको समर्पण भाव नभएकाले यस प्रकारको दुर्घटना हुन पुगेको निबन्धकारको ठहर छ । पूर्ण समर्पणभाव नहुन्जेलसम्म प्रेमीहरूले प्रेम गर्न नहुने निष्कर्ष निकाल्दै आफू प्राकृतिक प्रेममा कमजोर भएको यथार्थलाई भण्डारीले स्वीकारेका छन् ।

यसका साथै शिक्षण जस्तो पवित्र पेसालाई हेयको दृष्टिले हेरिने समाजको उल्लेख गर्दै आफूले लोकसेवा आयोगको लिखित तथा अन्तर्वार्ता दुवैमा सफल हुँदाहुँदै

पनि पेसागत दृष्टिले बन्धन कम भएको शिक्षण पेसामै सन्तुष्ट रहेको बताएका छन् । प्रशासक र शिक्षकको पेसागत भिन्नतालाई औंल्याउँदै प्रशासकले चाकडी गर्ने र आफू चाकडीको निन्दा गर्ने दुई फरक प्रवृत्तिलाई देखाएका छन् ।

सरल भाषाशैलीमा लेखिएको यस निबन्धमा निबन्धकारले प्राकृतिक प्रेमका साथसाथै समाजको पेसाप्रतिको धारणालाई व्यङ्ग्य गरेका छन् ।

### ४.२.२ **नारी विषयक निबन्धहरू**

नारीलाई मुख्य विषय बनाएर लेखिएका निबन्धहरू यस्ता निबन्धका कोटिमा पर्दछन् । नारी शब्द भण्डारीका निम्ति अत्यन्त प्रिय र रुचिकर विषय रहेको छ । नारीलाई एकातिर उनी प्रेम गर्दछन्, अर्कातिर ईर्ष्यालु भन्न पनि छोड्दैनन् ।पुस्तकमा जति पनि पत्रात्मक सम्बोधन छन्, ती सबै नारीप्रति लक्षित छन् । नारीले मुक्ति र प्रगतिका नाउँमा आफ्नो स्वभावलाई नै पुरुषोचित लडाकु र विद्रोही बनाउँदै लगेकोमा उनी चिन्तित छन् । जति विरोध रहन्छ नारी र पुरुषको स्वभावमा, जति भिन्नता हुन्छ, त्यति नै प्रबल आकर्षण त्यहाँ रहन सक्छ उनी भन्दछन् । नारीको कोमलता, सहनशीलता, स्त्रैण स्वभावलाई अतिक्रमण गर्न सक्ने सम्भावना भएका सबै किसिमका व्यवस्था उनलाई अस्वीकार्य छन् । नारी र पुरुषले एक अर्काका मालिक हुने प्रयत्न गरेका कारण नै यावत् जटिलताहरू उत्पन्न भएको देख्ने उनी स्वेच्छाले प्रेमपूर्वक स्वीकार गरेको दासत्व र समर्पणमा पनि असीम आनन्दै आनन्द देख्छन् । यसर्थ उनले आफ्ना नारी विषयक निबन्धमा केवल नारीको एक पक्षधरतालाई मात्र अन्धभक्त स्वीकार गरेका छैनन् । नारी र पुरुषको समन्वय रूपलाई महत्त्व दिंदै नारीको सहनशीलता बुद्धिमत्ता, कोमलता जस्ता गुणको प्रशंसा गरेका छन् । उनका यस्ता निबन्धहरूमा *पतिपीडित पत्नी, पत्नी पीडित पति, एक नूतन बज्रघोषः छोरीले पनि छोरा सरह अंश पाउनुपर्छ, तसलिमा नसरीन सृजनात्मक पीडा, श्रीमती सुन्दरी प्रतियोगिता, बम्बईबाट फिर्ता गरिएका ती अभागिनी युवतीहरू* (**मृगस्थली** २०५७) *हरतालिका तीज नारीको जीत ? मधूसूदन पौडेल र विश्वकर्माको प्रीत, नारी अस्मिता*

*र दस्सू सुन्दरी फूलनदेवी, एक हजार वर्षभित्रकी सर्वश्रेष्ठ महिला, लतामङ्गेसकरको स्वर र वर्तमान नेपाली परिवेश, श्रीमती कमलादासको विपरीत करवट, श्रीमती लक्ष्मी र एक्काइसौं शताब्दी, कुनै पुरुषबाट पनि गर्भवती हुनु मेरो अधिकार हो, नारीवादको चित्ताकर्षक विज्ञापन* (**नीरो बाँसुरी बजाइरहेछ,** २०६०) *अब नारीहरूले शासन गर्नुपर्छ, पत्निम् मनोरमाम् देही, पल्ला गाउँमा धौले भूलले गाडमी जाल हान्यो, सुगाले सुसेली हाल्यो, पोइले जोइ फाल्यो* (**रोटी र फूल,** २०६३) आदि प्रमुख रहेका छन् । जसमध्ये प्रतिनिधिका रूपमा रहेका निबन्धहरूको चर्चा तल क्रमशः गर्न सकिन्छ :

### ४.२.२.१ पति पीडित पत्नी पत्नी पीडित पति

लैङ्गिक समानताका पक्षमा लेखिएको यस निबन्धमा भण्डारीले पति पत्नी बीचको सम्बन्धलाई स्पष्ट्याउन खोजेका छन् । नारी र पुरुष बीचको विरोधाभास विवाहका कारण उत्पन्न भएको ठान्ने निबन्धकार दाम्पत्य जीवनमा ऐश्वर्य संयम निर्दिष्ट उद्देश्य परिवारको विकास र सुदृढीकरण संयता आदि सकारात्मक पक्ष एकातिर भएको देखाउँछन् भने अर्कातिर संस्थागत बन्धनको पीडादायी अनुभव, पति पत्नीमा पारिवारिक कलह, भावनात्मक र बौद्धिक लडाइँ, बेमेल विवाहका कष्टहरू, पति पत्नीको एक अर्कामाथि अधिकार जमाउने प्रष्ट र सूक्ष्म सतत् चेष्टा, एक अर्काप्रतिको मनोवैज्ञानिक सोचाइ र वितृष्णाजस्ता नकारात्मक पक्ष छन्, जसलाई विरोधाभासको संज्ञा दिँदै निबन्धकार यस्तो बेमेलको सिर्जना विवाह संस्थाका कारणले उत्पन्न भएको मान्दछन् ।

हजारौं वर्षदेखि नारी र पुरुष वैवाहिक बन्धनमा बाँधिदै आइरहेका छन् र सुख-दुःखको अनुभव पनि गरिरहेका छन् तर पुरुषको एकपक्षीय अधिपत्य भने महिलाले मात्र स्विकार्दै आएका छन् तसर्थ अब केन्द्रीय परिवर्तनको खाँचो छ, अर्थात् नारी पुरुष दुवैले एक अर्काको सहयोगी बन्न सक्नुपर्छ, एकले अर्कालाई शासन होइन माया र सद्भाव राख्नुपर्दछ । एक अर्काका मालिक हुने प्रयत्न गरेकै कारण यावत जटिलताहरू आएका हुन् । तसर्थ राम्रोसँग लय मिल्यो भने स्त्रीपुरुष एक अर्काका सुख आनन्दका

सहयोगी हुन जन्मेका हुन् कुण्डली मिलेन भने एक अर्काको पीडा, बोझ, दुर्दिन, नरक, निराशा हुन जन्मेका हुन् । त्यसैले स्वेच्छाले प्रेमपूर्वक स्वीकार गरेको दासत्व र समर्पणमा पनि असीम आनन्दै आनन्द हुने भएकाले एकले अर्कालाई मात्र स्वीकार गर्न सक्नु पर्छ भन्ने भाव व्यक्त गर्दछन् ।

वैवाहिक जीवनको सीमितता र पीडाका धेरै कारण मध्ये पहिलो कारण पति-पत्नीले एक अर्कामाथि अधिकार जमाउने प्रयत्न हो भने दोस्रो शारीरिक र भौतिक सीमालाई नाघेर बौद्धिक र आध्यात्मिक लोकमा जान नसक्नु भनेका छन् । नारीले मुक्ति र प्रगतिका नाउँमा आफ्नो स्वभावलाई नै पुरोषोचित लडाकु र विद्रोही बनाउँदै लगेकोमा उनी चिन्तत छन् । विवाह पश्चात् आवश्यक वस्तुको अभाव र अहम्का कारण पति पत्नीप्रति र पत्नी पतिप्रति कठोर बन्ने धारणा राख्दै दुवैका बीचमा जति आकर्षण छ त्यति नै विकर्षण हुने हुनाले एक अर्काका कारणले पीडित हुनुपर्ने अवस्था आएको हो । सोक्रोटिस् र रुसो जस्ता महामानव पनि पत्नीपीडित भएको देखाउँदै दुवै पक्षबीच समान हकअधिकार भएमा यस समस्याको समाधान हुने विचार निबन्धकार राख्दछन् ।

नारी र पुरुष एक अर्काका विरोधी नभएर पुरक हुन् । सद्भाव र समर्पण भएका दुवै सुख र दुःखका साथी पनि हुन् । तसर्थ एकले अर्काको मालिक हुने प्रयत्न नगरी सहयोगी हुने प्रयत्न गरे जीवन सफल हुने कुरामा लेखक विश्वस्त छन् ।

### ४.२.२.२ **एक नूतन बज्रघोषः छोरीले पनि छोरा सरह अंश पाउनुपर्छ**

यो निबन्ध छोरीले पनि छोराले झैं अंश पाउनुपर्छ भन्ने विवादमा केन्द्रित रहेको छ । एक्काइसौं शताब्दीको पूर्वसन्ध्यामा आइपुग्दा पनि नेपालका राजनेता, राजनीतिज्ञ समाजसेवीहरूले सम्पत्तिलाई अझ आफूले नकमाएको सम्पत्तिलाई धेरै कम महत्त्व दिनुपर्ने बेलामा वहसको विषय बनाइएकोमा नेपाली जनतालाई व्यक्तित्व निर्माण होइन वैसाखी निर्माण गर्न लागेको आरोप लगाउँदै निबन्धकार यस्तो किसिमको अंश र भौतिक सम्पत्तिको मूल्याङ्कनलाई नेताहरूको भ्रस्ट वानी जस्तो

तुच्छ ठान्दछन् र धनसम्पत्तिलाई मानवीय शोषण र भ्रष्टचार गर्ने कारक तत्त्व ठान्दछन् ।

केही समाजका स्वार्थी नेताहरूले भोट कुम्ल्याउने नाउँमा यस्तो सङ्कीर्ण विचार प्रतिपादन गरेको भन्दै आफू देशको प्रधानमन्त्री भएमा छोराले पाउने अश समेत उन्मूलन गर्ने र अंश दिने वा नदिने भन्ने मुद्दामा बाबु आमालाई पूर्ण कानुनी स्वतन्त्रता दिनुपर्ने विचार राख्दछन् । अंशवण्डाले परिवारमा मात्र नभएर समाजमा समेत कलह निम्त्याउने भएकाले सम्पत्तिलाई भन्दा शिक्षादीक्षा तालिममा छोराछोरीलाई समान अवसर दिइनुपर्छ जसले समाजमा समानता ल्याउँदछ भन्ने भाव लेखकको रहेको छ ।

सम्पत्ति कुण्ठालाई रोग ठान्ने लेखक त्यसलाई महत्त्व दिनु मानसिक र नैतिक दिवालियापन हो भन्दै यसले परिवारलाई विभाजन गरिदिनुका साथै शान्ति र सुखको ठाउँमा दुःख र अशान्ति निम्त्याउँछ भन्दछन् । वैज्ञानिक विकासले गर्दा गर्भको शिशुको लिङ्ग स्पष्ट थाहा पाउने हुनाले छोरीलाई भ्रूण अवस्थामै नष्ट गरी जनसङ्ख्या नियन्त्रणको साटो नेपालमा सृष्टि नै रोकिन सक्ने सुदूर भविष्यको विनासपूर्ण अवस्थाको निबन्धकारले चिन्तन गरेका छन् । यसका साथै पश्चिमी सभ्यताको अन्धाधुन्ध नक्कल गरी आफ्नो मौलिकता समाप्त पार्ने कुतत्त्वको विरोध पनि गरेका छन् ।

नारीले मुक्ति र प्रगतिका नाउँमा आफ्नो स्वभावलाई नै पुरोषोचित लडाकु विद्रोही बनाउँदै लगेकोमा चिन्ता प्रकट गर्ने निबन्धकार महिलाहरूले पुरुषमाथि अधिकार जमाउनपट्टि नलागी पहिले आफै माथि अधिकार जमाउन सक्नुपर्छ भन्ने नारीवादी लेखिका मेरी बल्टनक्राफ्टसँग सहमत भएका छन् । नारीहरूले आकर्षित विज्ञापन, तडकभडक र अन्धाधुन्ध नक्कल गरेर नभई आफूलाई चिनेर लैङ्गिक समानताप्रति आस्था राखेमा असली नारीवाद आउन सक्छ भन्ने भण्डारीको ठहर छ ।

अंशको विवादलाई प्रमुख विषय बनाइ लेखिएको यस निबन्धमा सम्पत्तिजस्तो तुच्छ कुरामा नअल्झिन महिलाहरूलाई सचेत गराएका छन् । शिक्षादीक्षा र तालिममा समान अवसर भएमा पैतृक सम्पत्तिको आवश्यकता नै नपर्ने हुनाले नारी शिक्षित भएको अवस्थामा समाज राष्ट्र नै शिक्षित हुन सहयोग पुग्ने भएकाले शिक्षामा समानता हुनु पर्नेमा जोड दिएका छन् ।

### ४.२.२.३ नारी अस्मिता र दस्यु सुन्दरी फुलनदेवी

यस निबन्धमा भारतकी प्रख्यात डाँकु फूलनदेवीको जीवनगाथामाथि छोटो टिप्पणी गरिएको छ । एक अत्यन्त गरिब निरक्षर दलित परिवारमा जन्मेकी फूलनदेवीको विवाह बाल्यकालमै भएको थियो । यसर्थ बाल्यकालदेखि नै जर्जर पुरुष र सामन्ती समाजको प्रहारले मर्नु न बाँच्नुको स्थितिमा पुगेकी फूलनदेवी कलिलो उमेरमै सत्रुको बदला लिने निर्णयस्वरूप डाँकु समूहमा प्रवेश गरेको घटनालाई निबन्धकार साहसिक र असामान्य ठान्दछन् ।

कायर हुनुभन्दा हिंस्रक हुनु राम्रो हुन्छ भन्ने महात्मा गान्धीको वाणीलाई स्वीकार गर्ने लेखक अन्याय र अत्याचारलाई सहनुभन्दा त्यसलाई हटाउन उचित दण्ड दिनुपर्छ भन्ने तथ्यको पक्षमा देखिन्छन् । अन्यायमा परेकालाई न्याय दिने समाज, न्यायालय र सरकार नभएपछि जीवन बाँच्नुका दुई विकल्प आत्महत्या र अत्याचारको प्रतिशोध मध्ये दोस्रो विकल्प चुनी नारी साहस र वीरताको पहिचान दिएकी छन् । एक ठूलो सम्भाव्यता बाकेकी बालिका गलत पर्यावरणमा जन्मेकी हुनाले उनले त्यहीको सीमानाभित्र आफ्नो प्रतिभा देखाउन बाध्य भएकी छन् ।

विश्वमै समर्थन पाएकी निरक्षर र दलित फूलनदेवी नारी गुणकै कारण केही वर्षको डाँकु जीवनपछि आत्मसमर्पण गर्छिन् । एघार वर्षपछि जेलमुक्त भएपछि भारतीय लोकसभाका लागि समाजवादी पार्टीको निकटमा दुईपटक लडिन् र दुर्वपटक विजय पनि भइन् । विश्वमै समर्थन पाएकी निरक्षर र दलित फूलनदेवीको साहसलाई लेखकले नारी अस्मिता जोगाउन ज्यानै दिने एक महत्त्वपूर्ण नारीवादी विषयका रूपमा हेरेका छन् ।

यसरी अन्याय र अत्याचारको प्रतिशोध लिन डाँकुजीवनमा प्रवेश गरेकी फुलनदेवीको साहसिक चरित्रको वर्णन गरिएको यस निबन्धमा नारीको विद्रोही रूपको चित्रण गरिएको छ । नारी केवल कोमल सहनशीलका साथसाथै परिआएको अवस्थामा आँधिबेरीको रूप लिएर अन्याय अत्याचारको समन गर्न पनि पछि पर्दैनन् भन्ने यथार्थलाई देखाउन खोजिएको छ ।

### ४.२.२.४ अब नारीले शासन गर्नुपर्छ

अब नारीले शासन गर्नुपर्छ **रोटी र फूल** निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्ध हो । यस निबन्धमा निबन्धकार आफू नारीवादी भएको तथ्यलाई पेश गर्दै भारतीय नारी इन्दिरा गान्धीको शासन व्यवस्थाबाट प्रभावित भई अब संसारका राष्ट्रहरूमा नारीले शासन गर्नुपर्ने सत्यलाई अगाडि सार्दछन् । युगौ वितिसक्यो पुरुषले शासन गर्न थालेको तर स्थिति भने जहाँको त्यही छ तसर्थ इन्दिरा गान्धी जस्ता साहसी नारीलाई राष्ट्रको वागडोर दिनु पर्नेमा जोड दिन्छन् ।

एकातिर निबन्धकार इन्दिरा गान्धी जस्ता नारीको प्रसंसा गर्छन् भने अर्कातिर नेपालका केही मन्त्रीपत्नीहरू तथा कर्मचारी पत्नीहरू जसले पतिलाई घुस खान प्रेरित गर्छन् त्यस्ता नारीहरूलाई व्यङ्ग्य पनि गर्छन् । लहैलहैमा लाग्ने नारी स्वभावको आलोचना गर्दे कुनै पनि कार्यको दीर्घ असरका बारेमा सोचेर मात्र काम गर्नुपर्ने मान्यता अघि सार्दछन् । नारीलाई आरक्षण कोटा दिएर माथि पुऱ्याउनु भन्दा शिक्षा तथा तालिम दिएर पुरुष सरह बनाउनु पर्नेमा जोड दिन्छन् । प्रकृतिले नै नारी र पुरुषको सत्तालाई स्विकारेको छ भने मान्छेले पनि त्यसको समानतालाई बुझ्न पर्ने धारणा व्यक्त गर्छन् । नारी र पुरुष दुवैले एक अर्कालाई सहयोग गर्नुपर्छ शासन र सत्तामा जो दक्ष छ त्यही नै पुग्नु पर्छ तसर्थ एकलौटी शासन कसैको पनि मान्य हुँदैन त्यो चाहे पुरुषको होस् चाहे नारीको । दमनको प्रतिशोधमा दमन नै गरियो भने फेरी असमानताको प्रारम्भ हुन्छ । तसर्थ नारी र पुरुषलाई समान तालिम र शिक्षादीक्षा दिएमा असमानताको खाडल स्वतः पुरिन्छ, सत्ता र साशनमा पनि समानता आउँदछ ।

अगल तालिम र शिक्षा पाएमा पुरुष मात्र वीर साहसी र बुद्धिमान हुँदैनन् नारी पनि त्यत्तिकै साहसी र बौद्धिक हुन सक्छन् । कठोर र नरम हुनु भनेको त जैविक संरचनाका कारण र परिस्थितिअनुसार हो । विश्वको इतिहासमा रुसकी जारिना क्याथरिन, एलिजा वेथ प्रथम, मार्गरेट थ्याचर, राजेन्द्रलक्ष्मी, गोल्ड मायरजस्ता महान महिला पनि जन्मेका थिए । जसको स्मरण विश्वले आजसम्म पनि गर्दैछ । तसर्थ महिलाले देखासिकीमा नलागी बुद्धि र विवेकले काम गरेका पुरुषभन्दा कम नहुनेमा ठोकुवा गर्दछन् ।

### ४.२.३ **राजनीतिक निबन्धहरू**

राजनीति मुद्दालाई विषय बनाइ रचना गरिएका निबन्धहरू राजनीतिक निबन्धहरू हुन् । भण्डारीले नेपाली राजनीतिको वि.स.. २००७ सालदेखि हालसम्मको इतिहासमा जनताको रगत चुस्ने शासकलाई नीरो जस्तो तानाशाहको उपमाद्वारा प्रष्ट पारेका छन् । वि.सं. २००७ सालको क्रान्तिमा गौरवमय इतिहास निर्माण गरेका राजनीतिक दलहरू पनि चाकडी चाप्लुसीमै व्यस्त देखिन्छन् । नातावाद, कृपावाद हावी हुँदै गएको र नेताहरू सत्तालिप्साका लागि सिद्धान्तलाई नै बेच्न तयार रहेको वास्तविकता प्रकट भएको छ । सैद्धान्तिक प्रजातन्त्रलाई लत्याएर मनोमानी ढङ्गले व्यवहारिक बनाउने प्रथा नेपालमा हावी हुँदै गएकोमा लेखक चिन्ता प्रकट गर्दछन् । उनका राजनीतिक विषयसँग सम्बन्धित निबन्धहरू हुन्- *काठमाडौंको आकासमा मेघ र पृथ्वीमा राजनीतिज्ञहरू गर्जिरहेछन्, राजनीति, राष्ट्रियता र भिक्षाटन, गौमाता, संस्कृत भाषा, पद्यरत्न पौसा, जोगी वानर र राजनीतिज्ञ, नेता राजनीति र राजनीतिकरण* (**मृगस्थली** २०५७) *रोम जलिरहेछ, नीरो बाँसुरी बजाइरहेछ, भ्याकुतो त्यो तालमा पनि उफ्रियो, यो जुज्जी र त्यो जुज्जी, बगरेको अण्डकोश र हाम्रो प्रजातन्त्र* (**नीरो बाँसुरी बजाइरहेछ,** २०६०) आदि ।

भण्डारीका राजनीतिक विषयसँग सम्बन्धित प्रतिनिधि निबन्धहरूको अध्ययन तल गरिएको छ :

### ४.२.३.१ **राजनीति, राष्ट्रियता र भिक्षाटन**

यस निबन्धमा राजनीति, राष्ट्रियता र भिक्षाका बारेमा लेखकले आफ्ना निजी भावनालाई प्रस्तुत गरेका छन् । राज्य सञ्चालन गर्ने नीति वा कृत्य राजनीति हो । राजनीतिद्वारा समाहित निश्चित भूभागप्रतिको स्वभाविक प्रेम, आस्था र श्रद्धा राष्ट्रियता हो । भिक्षालाई लेखकले तीन श्रेणीमा बाँडेका छन् । बुद्ध, महावीर जस्ता व्यक्तिले अपरिग्रहका लागि मागेको प्रथम श्रेणीको शिक्षा हो । जुन अत्यन्त उच्च कोटिको रहेको छ । त्यस्ता व्यक्तिहरू संसारका प्रज्ञावान् भिखारीहरू हुन्, मानव सभ्यताको शिखर आत्माहरू हुन् र आफैमाथि विजय पाइसकेका अहङ्कार, तृष्णा र वासनाका मालिक हुन् । उनीहरूको दर्जा माथिल्लो स्तरको रहेको छ । दोस्रो श्रेणीको भिक्षाटन गरिब र दरिद्रले मन्दिर परिसरमा पङ्क्तिवद्ध भएर माग्ने भिख हो । जुन बढी बाँच्ने इच्छा, जीवैषणाका दासहरू हुन् । चाकडी, चाप्लुसी, धन, पद आदि प्राप्त गर्न लालायित हुने अहङ्कारीहरू तेस्रो श्रेणीका भिक्षाटन हुन् । जो निकृष्ट कोटिमा पर्दछन् ।

तेस्रो श्रेणीका भिक्षाटनलाई लेखकले दरिद्र र निकृष्ट दर्जाका रूपमा वर्गीकरण गर्दै तिनले देश र जनतालाई अनेकौ मीठा-मीठा आश्वासन देखाइ राष्ट्रलाई नै घात गर्छन् । यस्ता निष्कृष्ट नेताहरूले पद र प्रतिष्ठाका निम्ति जुनसुकै स्तरसम्म गिर्न सक्ने यथार्थलाई प्रष्ट्याएका छन् । समसामयिक नेपाली राजनीति, राजनीतिज्ञहरूमा देखापरिरहेको दोधारे, विसङ्गतिपूर्ण पाखण्डी चरित्रमाथि भण्डारी तीव्र आक्रोश व्यक्त गर्छन् । पद र प्रतिष्ठाका निम्ति तल्लो स्तरसम्म गिर्ने र आफूलाई बुद्धिजीवीको वर्गमा राख्ने नेपाली बुद्धुहरू जो निहित स्वार्थ र उद्देश्य प्राप्तिका लागि शक्ति सञ्चालनहरूका निवास कार्यालय धाउँछन् र तुरुन्त लाभ हुने ठाउँमा दोहोऱ्याइ दोहोऱ्याइकन पदको भिक्षा माग्दछन् । त्यस्तालाई निबन्धकारले निकृष्ट र तल्लो स्तरको भिकारीको रूपमा परिभाषा गरेका छन् ।

सुचालित राजनीतिक व्यवस्था र राष्ट्रियता भए यस किसिमको भिक्षाटन समाप्त हुने तर राजनीति र राष्ट्रियता शक्तिमादकतामा डुबेका भिक्षाटन विकसित हुँदै

गए देश जर्जर अवस्थामा पुग्ने वास्तविकतालाई लेखकले यस निबन्ध मार्फत प्रष्ट्याएका छन् ।

### ४.२.३.२ रोम जलिरहेछ नीरो बाँसुरी बजाइरहेछ

डी.पी. भण्डारीको दोस्रो निबन्धसङ्ग्रहको शीर्षक बन्न पुगेको यस निबन्धमा निबन्धकार भण्डारीले विश्वइतिहासको क्रूर रोमन सम्राट नीरोलाई प्रतीकात्मक रूपमा उभ्याएर नेपालको इतिहासमा २००७ सालको क्रान्ति पश्चात नेपालमा राजनैतिक नेताले गरेका सामाजिक दुराचारलाई प्रष्ट पार्न खोजेका छन् । दश वर्षे युद्धमा ट्राय कसरी जल्यो भन्ने उत्सुकताले कुत्कुत्याएर आफ्नै नगर रोममा आगो लगाई जलाएको र शक्तिको उन्मादमा क्रूर बन्दै, जलिरहेको रोमको वरिपरि बाँसुरी बजाउँदै आनन्द लिएको घटनाको स्मरण गर्दै त्यस्तो व्यक्तिको मृत्यु पनि आत्महत्याबाट हुन पुगेको चर्चा गरेका छन् । शक्ति र सत्ताको आडमा जतिसुकै उन्मुक्त भएपनि ती सबै क्षणिक हुन्, नीरोको आत्महत्या जस्तो दुःखद मृत्यु भएको प्रसङ्गबाट निबन्धले क्रूर तानाशाहको अन्य दुःखद र दारुणिक हुन्छ भन्ने पनि देखाएका छन । ध्वस्त राज्य त पुनः निर्माण हुन सक्छ बौलाहा शासकको छाप मेटाउन धेरै समय लाग्छ अझ भनौं अहिलेसम्म पनि त्यो छाप मेटिन सकेको छैन । शक्ति मादकतामा अन्धो भई नीरोले रोमराज्यमा आगो लगाएर आफू बाँसुरी बजाइ तमासा हेर्ने गरेझैं नेपालका भ्रष्टचारी र निरङ्कुश शासकले पनि सोझा जनतालाई निमोठ्दै आफू मोजमस्तीमा डुबेका छन् भन्ने यथार्थ निबन्धकारले राखेका छन् । यसका साथै परिष्कारहीन, संस्कारहीन र कल्पनाहीन मान्छेको हातमा शक्ति आएमा उसको पनि आत्मा र विवेक शक्तिमादकतामा ध्वस्त हुने र उसले शासन गर्ने राज्य पनि ध्वस्त हुन सक्ने निष्कर्ष दिएका छन् । मुख्य रूपमा पञ्चायतकालीन शासकहरूलाई प्रतीकात्मक रूपमा यस निबन्धमा उभ्याइएको छ ।

यसरी निबन्धकार रोमन सम्म्राट नीरो शक्तिको उन्मादमा क्रूर बनेको घटनालाई लिएर परिस्कारहीन, संस्कार हीन र कल्पनाहीन मान्छेको हातमा शासनको

बागडोर आएमा हरेक राष्ट्रको गति त्यस्तै हुने भएकाले त्यस्ता बौलड्ठी शासकदेखि सचेत हुन आह्वान गरिएको छ ।

### ४.२.३.३ त्यो जुज्जी र यो जुज्जी

यस निबन्धमा भण्डारीले साँढेहरूले एक आपसमा जुज्जी खेले झैं नेताहरूले सत्ता लिप्साका लागि जुज्जी खेलेको र जनतालाई झुक्याएको बताएका छन् । विशेषगरी यस निबन्धमा निबन्धकार वर्तमान राजनीतिक पार्टीभित्रको एक आपसको कलहलाई 'जुज्जी' को विशेषणद्वारा टिप्पणी गरेका छन् । साँढेहरूको एक आपसको जुज्जीले त मान्छेलाई मनोरञ्जन दिएको छ तर नेताले खेलेको राजनैतिक जुज्जीले देश दिनप्रतिदिन पतनको मार्गतिर डोरिरहेको छ । नेताहरू आ-आफ्नो अधिकार देखाउन समाजलाई विभिन्न तवरले झुक्याइरहेका छन् । देशका ठूला नेता र दल आपसी कलहमै व्यस्त छन् । देश र जनताको स्थिति दिनप्रतिदिन बिग्रदै गइरहेको छ फेरी पनि दल र नेता त्यही साँढे जुधाइमै व्यस्त छन् न तिनलाई देशको चिन्ता छ न त तिनलाई जनताको चिन्ता छ, चिन्ता छ त केवल आफ्नो एकलौटी अधिकारको । जुज्जी खेलको प्रक्रिया केवल एक देश र राष्ट्रमा मात्र सीमित छैन, यो त विश्वव्यापीकरण हुँदै विश्वस्तरकै प्रत्येक राष्ट्र-राष्ट्रबीच छ, पाटी-पाटी बीच छ र छ, व्यक्ति-व्यक्ति बीचमा पनि । यसकारण वर्तमानका मानिसको तह साँढेभन्दा पनि तलसम्म झरिसकेको छ भन्ने यथार्थलाई निबन्धकारले साँढेको जुज्जी मार्फत् व्यङ्ग्य गरेका छन् । नेताको जुज्जीका कारण देशका जनता आजित भइसकेका छन् । देशको व्यक्तित्व क्षतविक्षत भएको छ, युवाहरू क्षुब्ध देखिन्छन् । गरिब गास, बास र कपास नपाएर चिन्तित छन्, फेरी पनि जुज्जीको खेलाडीलाई कुनै वास्ता छैन भन्ने भावलाई निबन्धकारले यस निबन्धद्वारा प्रष्ट पार्न खोजेका छन् ।

वर्तमान राजनीतिक पार्टी र नेताहरू बीचको कलहलाई यस निबन्धमा व्यङ्ग्य गरिनुको साथै नेताहरू दिनप्रतिदिन नैतिक हराम बन्दै गएकोमा थप चिन्ता प्रकट गरिएको छ ।

### ४.२.४ मानवतासम्बन्धी निबन्धहरू

मानवीय भावलाई विषय बनाइ रचना गरिएका निबन्धहरू मानवता सम्बन्धी निबन्ध अन्तर्गत पर्दछन् । मानवको बाल्यकाललाई विशुद्ध र महत्त्वपूर्ण ठान्ने भण्डारी मानिस प्रकृतिसँग टाढा भएर भौतिकवादी बन्दै गएकोमा दुःख पाएको भाव व्यक्त गर्दछन् । चरित्र र स्वभावमा मानिस पशुभन्दा तल्लो स्तरमा झरेको छ । मानवले खडा गरेको समाजको संरचनामा असल मानवलाई समाज र मान्छेले जिउँदो हुँदासम्म चिन्दैन तर मरेपछि पुज्ने गर्छ यस्ता यथार्थप्रति भण्डारीले खरो व्यङ्ग्य गरेका छन् । उनका मानवतासम्बन्धी निबन्धहरूमा *हिटलर र पुतलीहरू एक गोठालोको आत्मकथा, किन कुनै मृत्यु, आँशु खसालेर जान्छन्* (**मृगस्थली** २०५७) *मुडभराको शिशु संहार* (**रोटी र फूल** २०६३) रहेका छन् । जसमध्ये प्रतिनिधि निबन्धका रूपमा हिट्लर र पुतलीहरू : एक गोठालोको आत्मकथालाई लिन सकिन्छ ।

#### ४.२.४.१ हिटलर र पुतलीहरू : एक गोठालोको आत्मकथा

यस निबन्धमा भण्डारीले आफ्नो गोठालो स्वरूपलाई नियालेर त्यति बेलाको संसार हेर्न खोजेका छन् । हिटलरको हिंसात्मक प्रवृत्तिको विरोध गर्दै उसको दानवी क्रूरतासँग आफ्नो निर्बोध बालापनको क्षणहरूलाई संस्मरण गरेका छन् । जति बेला शक्तिमादकतामा आएर हिटलर यहुदी मार्दै थियो त्यतिबेला लेखक पनि पुतली मार्दै थिए यी दुवै हिंसाकै प्रकार भए पनि निर्दोष बालकले गरेको हिंसामा स्वाभाविक र सनातन आनन्द छ भने प्रौढ तानाशाहले गरेको हिंसा अस्वाभाविक सन्तापपूर्ण, अमानवीय निरङ्कुश र दानवीय ऐतिहासिक कालखण्डको अमीट छापका रूपमा रहेको छ । भण्डारीले हिटलरको अमानवीय हिंसालाई इतिहासको प्रदुषणका रूपमा चर्चा गरेका छन् भने आफ्नो बाल्यकालीन हिंसालाई केही मात्रामा प्रकृतिप्रेम र ठट्यौलीपनका रूपमा लिए पनि केही मात्रामा निर्बोध बालकको हलन्ते स्वभाव भित्रको अचेतन क्रूरता पनि रहेको यथार्थलाई देखाएका छन् ।

क्रूर हिटलरले अमानवीय ढङ्गले यहुदी मार्दै हिंसात्मक बाटोमा हिडेका कारणले उसको मृत्युपनि दुःखद र कारुणिक किसिमले भएको छ अर्थात् संसारलाई कब्जामा लिने ध्येय बोकेको व्यक्तिको अन्त्य आत्महत्याबाट भएको छ । यसबाट अरूको दुःखद अन्त्य गराउने व्यक्तिको मृत्यु पनि दुःखद तरिकाबाट नै हुन्छ भन्ने सन्देश निबन्धले दिन खोजेको छ ।

यस निबन्धमा मानव भएर जन्मेपछि मानवोचित व्यवहार गर्न सकेन भने जीवन नै निरर्थक हुने देखाइएको छ । संसार कब्जा गर्ने हिटलर नितान्त एक्लो छ । दुःख पर्दा विसाउने न त उसका साथी छन् न त आफन्त नै छन् । संसार जित्दा एक्लै हास्छ मर्ने बेलामा पनि पशुजस्तै वेवारिस मर्छ । यसर्थ मानवीय संवेदना नभएको हिटलरको हिंसात्मक प्रवृत्तिको विरोध नै यस निबन्धको विषय रहेको छ ।

### ४.२.५ समाज विषयक निबन्धहरू

सामाजिक विषयवस्तुलाई स्रोत बनाइ रचना गरिएका निबन्धहरू समाज विषयक निबन्ध हुन् । समाजभित्र विद्यमान युगीन सामाजिक विसङ्गति र विकृतिको खरो विरोध गर्दै समाजसुधारको अपेक्षा यस्ता निबन्धमा गरिएको हुन्छ । भण्डारीले पनि आफ्ना धेरै निबन्धमा समाज सुधारको चाहना राखेका छन् । यस्ता निबन्धमा *हे प्रभो ! केहीलाई छोडेर अरू सबैलाई गधा बनाइदेउ, ए वच्चा ! सोचता क्या है, इधर आ, दर्शन कर, आर्सिवाद लेले, प्रजातन्त्र र युवा जगत, नेपाली समाजमा परिहासको महत्त्व* (**मृगस्थली** : २०५७) *मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन, सुनसान दिलहरूको क्लब,* (**नीरो बाँसुरी बजाइरहेछ** : २०६०) आदि रहेका छन् ।

यस मध्ये प्रजातन्त्र र युवा जगत तथा मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन । निबन्धलाई समाज विषयक प्रतिनिधि निबन्ध बनाइएको छ :

#### ४.२.५.१ प्रजातन्त्र र युवा जगत

यस निबन्धमा लेखकले समाजलाई परिवर्तन गर्ने कारक तत्त्वका रूपमा युवा जगतलाई ठानेका छन् । युवाहरू समाजका स्तम्भ मात्र नभएर अग्रवाहक पनि हुन् ।

युवाहरूको नेतृत्वको क्रान्तिहरू सफल भएका हुन् । तसर्थ नेपालको परिप्रेक्ष्यमा पनि युवा र प्रजातन्त्रको निकटको सम्बन्ध रहेको छ । प्रजातन्त्रको स्थापनामा युवाहरूको महत्त्वपूर्ण स्थान रहेको छ तर इतिहासमाथि कब्जा भने बृद्धहरूले गर्दछन् । यसै कारणले समाज पनि बृद्धमय भएको छ, त्यहाँ न कुनै भौतिक विचार छ न कुनै जोश जागर नै छ, छ त केवल बृद्ध समाजका मानिसले खडा गरेको बृद्धमय जीवनशैली यसर्थ समाजलाई युवाको खाँचो छ, समाजलाई रूपान्तरण गर्ने युवाले अब नेतृत्व गर्नुपर्छ । जड परम्परालाई भत्काएर देशको शासन भार युवालाई दिनु पर्नेमा लेखकले जोड दिएका छन् ।

प्रजातन्त्रको स्वरूप र युवा वर्गको उत्तरदायित्वमाथि प्रकाश पार्दै व्यक्तिगत स्वतन्त्रता र विचारको रूपान्तरण नहुँदासम्म प्रजातन्त्र नाम मात्रको रहन्छ भन्ने भाव यस निबन्धको रहेको छ ।

### ४.२.५.२ **मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन**

जातिभेदको विरोधमा लेखिएको यस निबन्धमा उपनिषद्को सत्यकामको कथाको दृष्टान्तबाट निबन्धकारले उच्च जातमा जन्मिदैमा मात्र मानिस ठूलो हुँदैन सत्य बोल्ने र सत्कर्म गर्ने व्यक्ति नै वास्तवमा ठूलो हुन्छ भन्ने भाव राखेका छन् । ब्राह्मण भन्ने वित्तिकै ठूलो भन्ने परम्परा यस शब्दको दुरूपयोग र ब्राह्मणको अर्थ थाहा नपाएकै कारण हो भन्ने विचार लेखकको रहेको छ । उच्च कूलमा जन्मिदैमा ठूलो हुन सक्दैनन् भने कुराको पुष्टि निबन्धकारले विभिन्न विद्वान्को उदाहरणबाट प्रष्ट पारेका छन् । नगर बधुका पुत्र ब्रह्मर्षि थिए, मत्स्यकन्याका पुत्र वेदव्यास गुरुश्रेष्ठ थिए, सिद्धार्थ गौतमभन्दा ठूलो र माथिको बुद्ध ब्राह्मण कोही भएनन्, कविरदास सुकरात, क्राइस्ट, राईदास (सार्की पुत्र) आदि सबै ब्राह्मण हुन् । यसर्थ जन्मनासाथ कोही पनि ब्राह्मण भएर जन्मिदैन न त कर्मकाण्डमा अल्भिनेहरू नै ब्राह्मण हुन्, असली ब्राह्मण त ती हुन्, जो सधै सत्कर्म गर्छन् । यस निबन्धमा असल व्यवहार गर्ने जो सुकै पनि ब्राह्मण हुने तर ब्राह्मणको नाममा खोक्रो आडम्बर ओडेर अहिंस्रक बन्ने

तर कर्ममा भन्ने ढोंगी र दुष्ट हुने कथित ब्राह्मणलाई व्यङ्ग्य गर्दै एडल्फ हिडलरको उदाहरणबाट प्रष्ट पारेका छन् । हिटलर शुद्ध आहार गर्ने तथा मांस, मदिरा, चुरोट, खैनी जस्ता पदार्थको सेवन गर्दैनथे । तर संसारलाई विनास गर्ने व्यक्तिमा उसको नाम अग्र स्थानमा थियो । त्यसैगरी दुर्वासा र परशुरामलाई पनि ब्राह्मणको कोटिमा राख्न नहुने विचार व्यक्त गर्दै मानवीय दोषलाई क्षमा गर्न नसक्ने चाँडै क्रोधित भएर अरूलाई श्राप दिई दुःख दिने, शक्तिको घमण्ड गर्ने व्यक्ति पनि ब्राह्मणको स्तरमा राख्न नमिल्ने विचार निबन्धकारको रहेको छ ।

यसरी उपनिषदबाट लिइएको सत्यकामको कथाको दृष्टान्तबाट निबन्धकारले समाजमा व्याप्त जातिभेदको विरोध गर्दै सत्य बोल्ने चरित्रवान असल व्यवहार गर्ने जो सुकै पनि ब्राह्मण हुने तर ढोंगी, दुष्ट खराब व्यवहार गर्ने व्यक्ति जस्तो सुकै ब्राह्मण कूलको भए पनि निकृष्ट हुने विचार राखेका छन् ।

### ४.२.६ संस्कृति विषयक निबन्ध

निबन्धकार भण्डारीले नेपालका विभिन्न समुदायमा प्रचलित चालचलन, रीतिरिवाजसम्बन्धी विषयमा लेखेका निबन्धलाई यसअन्तर्गत राखिएको छ । उनले संस्कृतिको अनुसरण गर्नुलाई इतिहास र पुर्खाको श्रद्धा गर्नु मानेका छन् । संस्कृतिलाई विषयवस्तु बनाएर रचना गरिएका निबन्धहरूमा भण्डारीले मौलिक संस्कृतिको वकालत गर्दै अन्धाधुन्ध तरिकाले विदेशीको नक्कल गर्न नहुने उल्लेख गर्दै ह्रासोन्मुख दिशातिर ढल्किरहेको हाम्रो सभ्यता र संस्कृतिप्रति दृष्टि दिँदै यसको संरक्षण र संबर्द्धनतिर समयमा नै ध्यान दिन नसकिएमा एक दिन सभ्यता र संस्कृति मात्र होइन सिङ्गो मानवीय अस्तित्व नै दासत्व र पराधिन स्वीकार्य बाध्य हुनेछ भन्ने कुराको सङ्केत दिएका छन् । त्यसका साथसाथै संस्मरणात्मक खालका निबन्धमा उनले थारु समुदायका चालचलनलाई उत्कृष्ट संस्कृतिको दर्जा दिएका छन् । *हरितालिका तीज : नारीको जीत ? दशैंहरू आए, दशैंहर गए, हाम्रो दशैं : स्थिति कि प्रवाह ? पुरुषोत्तम मास, मालपुवा अब्दुल दर्जा त खाँ,* (**नीरो बाँसुरी बजाइरहेछ** २०६०) निबन्धमा यिनै

संस्कृति सम्बन्धी भावहरू व्यक्त गरिएको छ । यी मध्ये प्रतिनिधिका रूपमा दशैंहर आए, दशैंहरू गए, निबन्धलाई लिइएको छ :

### ४.२.६.१ दशैहरू आए, दशैहरू गए

नेपाली राष्ट्रिय एकता र सांस्कृतिक समन्वयको प्रतीक महान चाँड दशैंलाई विषयका रूपमा लिइएको यस निबन्धमा लेखकले नेपाली परम्परामा संस्कृतिप्रतिको महत्त्वलाई दर्शाएका छन् । नेपाली समाजमा व्याप्त सांस्कृतिक महत्त्वका विभिन्न उत्सव मध्ये दशैलाई महान चाँडका रूपमा लिँदै यसको धार्मिक तथा ऐतिहासिक महत्त्वलाई पनि प्रष्ट पार्न खोजेका छन् । यस्तो ऐतिहासिक र धार्मिक महत्त्व भएको चाड दशैलाई मनाउँदा नेपाली मौलिक संस्कृतिमै रमाउनु पर्छ, अनावश्यक विदेशी नक्कल गर्नुहुँदैन खोक्रो आडम्बर र तडकभडकमा आफ्नो संस्कृतिलाई विलिन हुन दिन नहुने विचार राख्दछन् । मौलिकताको वेवास्ता गरी नक्कल गर्ने परिपाटीले दुर्भाग्यपूर्ण परिस्थिति निम्त्याउने हुनाले उत्सव र चाडपर्वलाई बुद्धि पक्षसँग नजोडी हृदय पक्षसँग जोड्नुपर्छ भन्ने लेखकको भनाइ छ ।

निबन्धकारले हिजोआज दिनप्रतिदिन सांस्कृतिक र सूक्ष्मता हराउँदै स्थूलता र भद्दापन बड्दै गएको कुरा देखाइ त्यसप्रति चिन्ता समेत व्यक्त गरेका छन् ।

दशै नेपालीहरूको महान सांस्कृतिक चाँड अवश्य हो । यसलाई मनाउने आफ्नै किसिमका मौलिक चालचलन तथा परिपाटी छन् तसर्थ अन्ध धुन्ध विदेशी खोक्रो आडम्बरको नक्कल नगरी सद्भाव र प्रेमपूर्ण वातावरणमा मनाउँदा मात्र आफ्नोपनको आभाष हुने यथार्थलाई निबन्धकारले यस निबन्ध मार्फत् प्रष्ट्याएका छन् ।

### ४.२.७ जीवन-दर्शन सम्बन्धी निबन्धहरू

जीवन-दर्शनलाई विषयवस्तु बनाएर रचना गरिएका निबन्धहरूमा भण्डारीका जीवन-दर्शनसम्बन्धी निजी विचारहरू व्यक्त भएका छन् । विशेषगरी उनी दार्शनिक सोपेनहावर, नित्से, किर्केगार्ड, अल्बर्ड कामु, ज्याँ पाल सार्त्र, बर्टोल्ड ब्रेख्त आदिको जीवनबाट प्रभावित भएको कुरा उनको निबन्धबाट पनि प्रष्ट हुन्छ । आजको मान्छे र

उसले बाँचेको जीवनको मूल्यलाई निबनधकारले टिप्ने क्रममा, जीवनलाई भ्रम र लीलाका रूपमा, विसङ्गत रूपमा र व्यापक रूपमा चित्रित गरेका छन् । त्यस्तै जीवनमा घटेका घटनालाई विषयवस्तु बनाएर रचना गरिएका निबन्धमा पनि जीवन एक अनियमित र रहस्यमय कुरा हो भन्ने आशय व्यक्त भएको पाइन्छ । उनका प्रायः सबैजसो निबन्धमा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै न कुनै रूपमा आफू प्रभावित भएका दर्शनको छाप देखिन्छ तर यहाँ उनका महत्त्वपूर्ण दार्शनिक निबन्धहरूमा *पात्रो नयाँवर्षको फेरी प्रारम्भ भयो, म किन हाँस्छु, सडक किनारको पथिक,* (**नीरो बाँसुरी बजाइरहेछ,** २०६०) *मेरो नमिलेको बगैचाभित्र रमण गर्दा, जीन्दगी इक आँशुओका जाम था ...., वारिपारि अँध्यारो छ, आँखा खोली हेर्दा, अध्यारो नै अध्यारो छ नि आँखा चिम्ली हेर्दा, देवकोटा र गणित, प्रश्न हो हुनु र नहुनुको* (**रोटी र फूल,** २०६३) आदि रहेका छन् । ती मध्ये प्रतिनिधि निबन्धको अध्ययन यहाँ गरिन्छ -

### ४.२.७.१ सडक किनारको पथिक

यो निबन्ध पाश्चात्य आधुनिक जगत्का प्रयोगवादी नाटककार तथा कवि बर्टोल्ड ब्रेटको साहित्यिक दर्शनमाआधारित रहेर रचना गरिएको छ । उनको साहित्यिक दर्शनलाई निबन्धकारले विश्व परिवेशको बाँच्ने जीवनशैलीसँग तुलना गर्न पुगेका छन् ।

म सडक किनारमा बसेको छु
ड्राइभर पाङ्ग्रा फेर्दै छु ।
म जहाँ जाँदैछु त्यो ठाउँ पनि मन पर्दैन
किन म पाँग्रा फेरेको हेरिरहेको छु
यस्तो अधैर्यसित ?

माथिका पङ्क्तिबाट निबन्धकारले आफ्नो निबन्धको सुरुवात गरेका छन् र यस निबन्धको परिधि पनि यिनै पङ्क्तिको केन्द्रीयतामा घुमेको छ । यस निबन्धमा मान्छेलाई जहाँबाट आयो त्यो ठाउँ पनि मन पर्दैन र जहाँ जाँदै छ त्यो ठाउँ पनि मन

पर्दैन भन्ने ब्रेख्तको दर्शनलाई भण्डारीले सत्य ठानेका छन् । हाम्रो जीवनमा आइपर्ने घटनावलीहरू, हाम्रा दैनिक फूर्सदी सडक किनारका बसाइहरू, उभ्याइहरू, राजनैतिक, चर्चा र परिचर्चाहरूदेखि लिएर अरू तृष्णा र आकाङ्क्षाहरूको आपूर्ति जनित निरासा र पूर्ति-जनित सिकनेस अथवा वाकवाकी, सामान्य भौतिक परिधीय जीवनको नियतिको योगफल प्रतिबिम्बित छ । ब्रेख्तका माथिका भनाइहरूमा संसारका जुनसुकै सहरका सडक किनारामा मानिसहरू ब्रेख्तजस्तै धैयहीन भएर गाडीको पाङ्ग्रा फेरिहेको हेर्दै बस्छन्, त्यो चाहे राजनीतिक पाङ्ग्रा होस्, आफ्नै जीवनको पाङ्ग्रा होस् चाहे इतिहासको पाङ्ग्रा पाङ्ग्रा होस् मान्छेलाई न त अतीत मन पर्छ न त भविष्य नै केवल वर्तमानको रमिता हेर्नमै व्यस्त छ । मानव समुदाय यस्तो अतित र भविष्यप्रति उदास भएकोमा लेखक चिन्तित छन् । देश र समाजको उन्नति बारेमा कसैलाई कुनै किसिमको वास्ता छैन, यस्तो मान्छेको निस्क्रियताप्रति लेखकले धैर्यशील देश र समाज भन्दै थप व्यङ्ग्य गर्दछन् ।

यसरी पाश्चात्य आधुनिक जगत्का प्रयोगवादी नाटककार तथा कवि बर्टोल्ड ब्रेख्तको साहित्यिक दर्शनसँग सम्बन्धित रहेर निबन्धकार मान्छेको विगत र आगतप्रतिको निस्क्रियतामाथि व्यङ्ग्य गर्दै मान्छेको अल्छे स्वभावको चित्रण गरेका छन् ।

#### ४.२.७.२ **वारिपारि अँध्यारो छ आँखा खोली हेर्दा**

**अँध्यारो नै अँध्यारो छ नि आँखा चिम्ली हेर्दा**

प्रकाश र अन्धकारका तरङ्गहरू अवसर मानिसको जीवनमा समाजमा परिवारमा, राष्ट्रमा र विश्वमा आउने जाने गर्दछ तर स्थायी र अस्थायी भने फरक-फरक अवस्थामा फरक-फरक तरिकाले आउँछ । हिजोआजका मानिसमा ज्यादा प्रकाशभन्दा अन्धकार आउने गर्छ किनभने स्वार्थ, चुक्ली, धुच्याइँ, वैज्ञानिक यान्त्रिकता, असमझदारी आदि कारणले गर्दा जीवन अस्तव्यस्त बनेको यथार्थलाई निबन्धमा उजागर गरिएको छ । नारीको स्थान, राजनीतिक स्थिति एवम् कविताको स्थान र प्रकृति आजको अवस्थाभन्दा भोली राम्रो हुनेछ र नसके विग्रने छैन भन्ने धारणा राख्ने

निबन्धकार एक्काइसौं शताब्दी वारि मानवजीवन र सभ्यताको अवस्था उत्साहवर्द्धक, प्रेरणादायी नभएको एक्काइसौं शताब्दीपछि आउने यान्त्रिकताले गर्दा झनै मानवजीवन अन्धकारमय बन्ने सङ्केत गरेका छन् । मानव जति-जति पृथ्वी, माटो, प्रकृति र प्राकृतिक मूलबाट विच्छेदित हुँदै जान्छ उति उति सन्ताप, हीनताबोध बढ्छ र जीवन अन्धकारतिर धकेलिन्छ भन्दै लेखकले विकसित मुलुकमा बढी विक्षिप्तता र पागल बढ्नुको मूल कारण भौतिक रसायन र अतिकृतिमता सितको मौन विरोध रहेको कुरा उल्लेख गरेका छन् । दुःख र सुखका कारक तत्त्वहरू पनि समय परिस्थिति अनुरूप बेग्लाबेग्लै किसिमले आइपर्ने भएकाले हिजो (वारि) र आज (पारि) अन्धकार रहेको कुरालाई प्रष्ट पार्न खोजेका छन् ।

यसरी यस निबन्धमा वारिपारि अन्धकार आँखा खोलेर हेर्दा देखिए पनि आँखा बन्द गर्दा सारा अन्धकार भित्रपनि महान् हीरा, मोती, मणि, रत्न भेटाएर स.सार बरु रङ्गीचङ्गी बनाउन सकिन्छ, संसार काव्यात्मक बनाउन सकिन्छ । यसर्थ चिन्तन मनन गरेर बहुआयामिक संसारको बिम्ब कोर्न र प्रस्तुत गर्न सकिने कुरालाई प्रस्तुत निबन्धमा दार्शनिक तरिकाले वर्णन गरिएको छ ।

### ४.२.७.३ **जीन्दगी एक आँशुओंका जाम था**
### **पी गए कुछ और कुछ छलका गये**

मानिसको जीवनमा हाँसो र खुसीको स्थानलाई समन्वय रूपमा अघि बढाउँदै जीवन जीउने दर्शनका रूपमा यसलाई परिभाषित गरेका छन् । ग्रीकको पौराणिक आख्यानको सारलाई अघि बढाउने क्रममा जीवन दुःखको ज्वालामा हुर्के पनि पछिको सुख चिरस्थायी हुने कुरामा निबन्धकारको जोड छ । उर्दू गीतलाई शीर्षक बनाई लेखिएको प्रस्तुत निबन्धभित्र जीवनका हाँसो र आँसुका दर्शनभित्र नेपालको सामुहिक मनस्थितिलाई घोलेर हेर्न सकिने आशयलाई पनि जोडेका छन् ।

वास्तवमा नेपालको अहिले नेपाली राजनीतिक अवस्था राजनैतिक दलहरू र तिनका नेताको मनस्थिति, बहुसङ्ख्यक जनताको मानसिकता र भावशीलताको

अव्यक्तता यस निबन्धमा देखिन्छ । नेपाली नरनारीहरूले हाँसोभन्दा बढी आँसुको अनुभूति पाएका छन् । अस्तव्यस्त राजनैतिक विकृति, फोहोरी षडयन्त्रको चक्रव्यूह, दम्भ, स्वार्थ, ज्वर र तापले भरिएको अचिन्तनीय महत्त्वाकाङ्क्षा रूपी पेसामा राजनीति अघि बढेको कारण देश दिनानुदिन ठूलो गोतामा परेको कुरामा निबन्धकारको दृष्टि देखिन्छ । मानवजीवन एक लामो दुःखान्त नाटक हो, जहाँ आनन्द सुख र प्रफुल्लताका धेरै कम दृश्यहरू देखिन्छन् किनभने राजनीतिकर्मीहरूले आफ्नो जीवनमा हाँसो खुसी ल्याउने क्रममा अरूको जीवनलाई अश्रुहरूको जमघटलाई 'आँसुओंका जाम' अर्थात् आँसुहरूको मदिरा बनाइदिएका छन् ।

यसरी निबन्धकारले हाँसो र आँसुको सम्मिश्रण मानव जीवन प्रकृति प्रदत्त भएपनि त्यसमा बढी आँसुको मदिरा वा जाम बनाउने कार्य सत्ताका बागडोर समाउने शासक हुन्छन् र ती मूढहरूलाई प्रकृति, साहित्य,कला, सुन्दरता, सङ्गीत आदि कुनैले प्रभावित नपार्ने कठोर हृदयी हुन्छन् र तिनीहरू वास्तविक रूपमा आँसुको सौन्दर्य एवम् हाँसोको आभाबाट परिचित नभएको कुरा आकर्षक रूपमा वर्णन गरेका छन् । यिनै आँसु र हाँसोको सौन्दर्यलाई नचिनेकै कारणले ती राजनीतिज्ञ मूढहरूले वास्तविक जीवन तथा जीवन दर्शनको रहस्य बुझ्न नसकेको कुरा निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् ।

### ४.२.८ धर्म विषयक निबन्धहरू

निबन्धकार भण्डारीले आफ्ना निबन्धको विषयवस्तु धर्मलाई पनि बनाएका छन् । धर्मका नाममा देखिने बेइमानी, पाखण्डी, ढोंगी, छुवाछुतभन्दा बरु नास्तिकतालाई ठूलो इमान्दारीका रूपमा लिएका छन् । धर्मका नाममा हुने युद्ध, हत्याजस्ता निक्रिष्टतम कार्यको विरोध गर्दै मानवीय भलो खोज्ने जुनसुकै धार्मिक विचार धारालाई पनि सहज रूपमा अवलम्बन गर्नुपर्नेमा जोड दिएका छन् । मानिस कहिल्यै जात र धर्मले ठूलो नहुने तर इमान्दारी र असल कार्य गरेमा सधैं उच्च रहने विचार राख्दछन् । यस विषयवस्तुमा आधारित उनका केही निबन्धहरू हुन्- *हिन्दु धर्म र संस्कृतिको विरोध*

(**मृगस्थली** : २०५७) *स्वामी विवेकानन्द र दक्षिण एसियाली यथार्थ, सुखन्त सिंहको चुम्बन, इस्लामको सङ्कट, मुल्ला मोहम्मद ओमर र बुद्धमूर्तिहरूको विनाश, म किन क्रिस्चियन हुन सकिनँ ?* (**नीरो बाँसुरी बजाइरहेछ** : २०६०) अन्सार अल सुन्नाको सन्देश, तपोवन, किसुनजी र सन्तोष पन्त, बुद्धजयन्तीमा प्रभात भ्रमण, आदि । यी मध्ये केही प्रतिनिधिका रूपमा रहेका निबन्धको अध्ययन क्रमशः गरिन्छ :

### ४.२.८.१ म किन क्रिस्चियन हुन सकिनँ ?

यो निबन्ध पाश्चात्य साहित्यकार तथा दार्शनिक बर्ट्रल्ड रसलको जीवनगाथामा आधारित रहेर उनको धार्मिक स्वतन्त्रताप्रतिको विचारलाई प्रस्तुत गरिएको छ । लेखकका अनुसार रसल आफ्नो परम्परागत इसाइ धर्मका विपरीत बाँचेका थिए । उनलाई इसाइ धर्मले राखेको कट्टरपन्थी स्वभावमा पटक्कै विश्वास थिएन तसर्थ उनी त्यस धार्मिक सम्प्रदायले निषेश गरेका पक्षहरूलाई अङ्गीकार गरी ती गलत अप्राकृतिक, अस्वाभाविक गैरमानवीय सामाजिक आडम्बरको विरोध गरेका थिए । रसल जिससको महानतामाथि विश्वास अवश्य गर्थे तर उनका बारेमा पादरीहरूले कथेका मनगणन्ते कुराको खुलेर विरोध पनि गर्थे । कुमारी आमाबाट विना सम्भोग कसैको जन्म हुन्छ भन्ने विश्वास उनका लागि कल्पित भ्रम थियो । त्यसैगरी क्रिस्चियन धर्मअनुसार मानिस पापमा जन्मेको भन्ने तथ्य उनलाई ससासर गलत जस्तो लाग्थ्यो, मानिस पशु, चराचुरुङ्गी, कीराफट्याङ्ग्रा, माछा, सम्पूर्ण चराचर जगत सबै प्रेमबाट जन्मेका हुन्, कोही कसैको जन्म पनि पापबाट हुँदैन केवल प्रेमबाट मात्र हुन्छ भन्ने उनलाई पूर्ण विश्वास थियो । धार्मिक कट्टरपनको विरोध गर्नु यदि पाप हो भन्ने त्यस क्रिस्चियन परम्परा उनलाई स्वीकार छ । मिथ्याचारी पादरीको स्वर्गभन्दा आफूलाई पठाइने नरक बढी रमणीय ठान्ने रसल आफ्नो जीवनभरी नै अन्धविश्वास, यौन पाखण्डता र धार्मिक आडम्बरी अनुशासनको विरोधमा डटेर लडेका थिए भन्ने जानकारी यस निबन्धले दिन खोजेको छ ।

पाश्चात्य महान् साहित्यकार तथा दार्शनिक बर्ट्रल्ड रसलको जीवनगाथामा आधारित रही कट्टरपन्थी धार्मिक अन्धताको विरोध गर्नु यस निबन्धको उद्देश्य रहेको छ ।

### ४.२.८.२ अन्सार अल सुन्नाको सन्देश

विश्वमा जाति, धर्म, संस्कृतिको विभिन्न किसिमका घटना, हत्या, हिंसा आदि बढ्न थालेको कुरालाई अगाडि ल्याउने क्रममा बुद्ध, गान्धी, अन्सार अल सुन्नाको सन्देश क्रमशः विलीन हुँदै गएकोमा निबन्धकार यस निबन्धमा चिन्ता व्यक्त गर्दछन् । विश्वका इतिहासहरू हेर्दा जुन समाजमा, देशमा सभ्यता उच्चतम शिखरमा पुगेको हुन्छ, कालान्तरमा त्यो उच्चता वैराग्य भएर क्रमशः खस्कँदै जाने कुरालाई निबन्धकार स्वीकार्दछन् । सोमनाथको मन्दिर भत्काउनु, बाबरी मस्जिद भत्काउनु, मन्सुर र शिकोहको हत्या हुनुजस्ता घटनाले स्पष्ट पार्दछ कि मानिस आफ्नो धर्म, संस्कृतिको नाममा मानवीय अस्तित्व गुमाउन पुग्दछ अनि महामानव, विचारक सन्तहरूका महावाणी र सन्देशलाई जलाएर खरानी बनाउँछ ।

वैज्ञानिक चेत, विवेक र बुद्धिले समाज जति अगाडि बढेपनि कथित धार्मिक अन्धविश्वास राजनीतिक कारणले महान् सन्देश चकनाचुर हुन्छन् भन्दै निबन्धकारले १० वर्षे नेपालको द्वन्द्वमा विद्रोहीपक्ष र राज्यपक्षबाट भएका हत्या, इराकमा बाह्र जना नेपाली दाजुभाइको क्रूर हत्या यी सबै अन्सारअल सुन्नाको सन्देश विपरीतका कुकार्य हुन् भन्ने प्रमाण दिएका छन् ।

यसरी यस निबन्धमा निबन्धकारले अन्सार अल सुन्नाको सन्देश र कुरानले झैं उन्नयनकारी मानवीय आध्यात्मिक करुणा, दया, माया र उदारतामाथि जोड दिई मानवीय पवित्र धर्मग्रन्थलाई तिलाञ्जली नदिई मानवजातिको उत्थान गर्नुपर्छ धर्म र सम्प्रदायका बारेमा गरिने हत्या हिंसा मानवीय शोभाविपरीतका कार्य हुन् । त्यसैले धर्म संस्कृति भनेका सम्पदा हुन् यिनको रक्षा गर्नुपर्छ यसलाई नष्ट पार्ने कार्य कहीँ कसैले कतैबाट गर्नु हुँदैन भन्ने सन्देश यस निबन्धले दिएको छ ।

### ४.२.९ विविध

निबन्धकार भण्डारीका यी माथि उल्लेखित प्रमुख विषय भए पनि उनले अन्य सामान्य घटनामा पनि कलम चलाएका छन् । कुनै निबन्ध त यस्ता पनि छन् जुन

घटना जतिवेला घटित भयो त्यसलाई सरसर्ती विवरणका रूपमा त्यति नै बेला उतारेका छन् । यस्ता निबन्धलाई उनले विशेष गरी कान्तिपुर साप्ताहिकको नियमित स्तम्भ "डा. डी.पी. भण्डारीसँग अन्तरङ्गमा समावेश गरेका छन् ।

## ४.३ प्रस्तुतिगत आधारमा डी.पी. भण्डारीका निबन्धहरू

डी.पी. भण्डारीका निबन्धलाई वर्गीकरण गर्ने सन्दर्भमा प्रस्तुतिलाई पनि आधार बनाउन सकिन्छ । विष्यवस्तुलाई मात्र मूल आधार बनाउँदा उनका समग्र निबन्ध नसमेटिने भएकाले निबन्धको वर्गीकरणमा पूर्णता प्रदान गर्नका निम्ति प्रस्तुतिलाई पनि वर्गीकरणको मापदण्ड मानिएको छ । उनका निबन्धमा पत्रात्मक, यात्राविवरणात्मक, संस्मरणात्मक र हास्यव्यङ्ग्यगत प्रस्तुति मूल रूपमा पाइन्छ ।

### ४.३.१ पत्रात्मक निबन्ध

एक स्थानका मूल्य मान्यतालाई अर्का स्थानसम्म सम्प्रेषण गर्नका लागि अपनाइने लेखनपद्धति नै पत्रात्मक साहित्य हो । यो लेखन पद्धति निबन्ध साहित्यमा पनि प्रयुक्त भएको पाइन्छ । यस किसिमको प्रस्तुतिमा विशेष गरी सम्बोधनबाट विषय थालिएको हुन्छ । भण्डारीले आफ्ना थुप्रै निबन्धमा यस शिल्पलाई अपनाएका छन् । नारीप्रतिको आकर्षणलाई निबन्धभरि खुलै छोड्ने हुनाले उनका अधिकांश पत्रात्मक निबन्धमा सम्बोधनका रूपमा नारी आएका छन् । निबन्धको शिल्प पत्रात्मक भए पनि त्यसैभित्र भण्डारीले समाज, दर्शन, राजनीति, प्रेम, आदि विषयलाई समावेश गरेका छन् । उनका यस्ता निबन्धहरू निम्नअनुसार रहेका छन्-

- मृगस्थलीमाथि टाइरेसस- चिन्तन
- मृगस्थलीमाथि आषाढको प्रथमप्रभात
- मृगस्थलीमाथि मादकताबारे चिन्तन
- मृगस्थलीमाथि वानर-क्रीडाबारे चिन्तन
- मृगस्थलीमाथि नग्नताबारे मनन
- मृगस्थलीमाथि प्रभातकालीन चिन्तन

- श्लेष्मान्तक वनभित्र
- तसलीमा नसरीन : सृजनात्मक पीडा
- फागु, फागुनको तुँवालोभित्र एलिना कुँवरको तस्वीर
- मेरो पोखरायात्रा : पहिलो पृष्ठ
- मेरो पोखरायात्रा : दोस्रो पृष्ठ
- फेवातालमा बाशोको रैबार
- महेन्द्र गुफा हाम्रो जीवनको रहस्य-प्रतीक हो
- पुरेको भ्रमण : मेरो स्मृति - रमण
- काठमाडौंको आकासमा मेघ र पृथ्वीमा राजनीतिज्ञहरू गर्जिरहेछन्
- नेता राजनीति र राजनीतिकरण
- गहन प्रेममा इतिहास पनि पराजित हुन्छ
- तिमीले सोचेभन्दा संसारमा धेरै बढी आँशहरू छन्
- भ्याकुतो त्यो तालमा पनि उफ्रियो
- जीन्दगी इक आँशुओका जाम था, पी गए कुछ, और कुछ छलका गया
- पुरानो देशमा नयाँ उद्घोष
- मोहब्वत्मे नही है फर्क जीने और मरनेका ?

  उसीको दैखकर जीते हैं जिस काफीरपे दम निकले
- तिम्रो जोवन पानीमा कोरिएको रेखा हो
- बुद्ध जन्माउन चाहनेहरू
- स्याब्बो च्याङ्बा ! स्याब्बो च्याङ्बा
- आफूलाई जित्नेले संसार जित्छ, निवार्णभन्दा कीर्ति कुन ?
- मिली किसीसे नजर तो समझो गजल हुई
- जिन्दगी कैफे मुहब्बतसे सम्हल जाती है

- २०६० साउन १० को गड्याङगुडुङ
- कहिलेकाँही मूढतामा पनि आत्मसन्तुष्टि पाइन्छ
- जफर र असारको पन्ध्र
- सद्दाम हुसैनको आदर्श : स्टालिन
- अश्लीलता : मानवजातिको एकाधिकार
- दिलको राहपर लाये, न दिलका मुद्दा सम्झे
- पुनः आयो असारको प्रथम दिवस
- यह किस मुकाम पे ले आई जिन्दगी
- छन्द नमिलेको ध्यान
- चल उड्जा रे पन्छी
- पागल कविहरू : बाउल समूह
- मिर्जा गालिव : इश्क र सराब
- ताज महल : काल-कपोलमाथि टल्कने अश्रुबिन्दु
- भानुजयन्ती, गजल र गुरूपूर्णिमा
- लता र ताज
- वेदान्तको सार र मेरो मूर्खता
- यो संसार अजनवीहरूको रैनबसेरा हो
- कुछ हँसी, कुछ ख्याब और कुछ आँसु
- काव्य, युद्ध र मृत्यु
- यात्री र यात्रा
- सुनामी र स्वदेश भ्रमण

माथिका निबन्धहरू मध्य केहीको अध्ययन तल गरिएको छ-

### ४.३.१.१ मृगस्थलीमाथि आषाढको प्रथमप्रभात

प्रिय मिनाक्षीलाई सम्बोधन गरी लेखिएको यस पत्रात्मक निबन्धमा कालिदासको मेघदूतका यक्षले बादलमार्फत् आफ्नी प्रेमिकालाई खबर पठाएको प्रसङ्गलाई स्मरण गर्दै लेखकले पनि मृगस्थलीरूपी उपत्यकाका खबरहरू आफ्नी प्रेमिकालाई पठाएका छन् । मृगस्थलीमाथिको पशुपति क्षेत्र रहस्यमय पीडामा डुबेको देख्दा लेखक पनि यक्ष जस्तै व्याकुल छन् तर कालिदासको जमानामा यक्षको विरह व्यञ्जनामा एकपक्षीय सौन्दर्य थियो नदीनाला पर्वतमालामा कुरूपता थिएन भने आफ्नो युगमा जताततै दुर्गन्ध छ, गङ्गामा पानीको साटो ढल बग्छ, पानी बादल, दूध, राजनीति, विश्वविद्यालय, बौद्धिक जगत जताततै मिसावट र प्रदुषण छ, त्यसैले लेखकको मन पनि विरक्त छ, उनी सौन्दर्यको खोजी गर्दैछन् । यस निबन्धमा निबन्धकार प्रकृतिप्रेमबाट ओतपोत भएका छन् । विशेषगरी काठमाडौंको मिसावट र प्रदुषणको विरोध गर्दै यहाँको वर्तमान राजनीति, शिक्षा, वातावरण आदिमा देखिएका विकृति विसङ्गतिको पर्दाफास उनको यस निबन्धले गरेको छ ।

लेखकको विचार जस्तै निबन्ध पनि यहाँ बहुआयामिक बन्न पुगेको छ । त्यसैले उनका निबन्धको स्वभाव अलि अराजक छ । उनी निबन्धभित्र प्रकृतिमोहलाई समावेश गर्दै देशको विकृति विसङ्गतिको भर्त्सना गर्छन् भने अर्कातिर स्वच्छन्दतावादी रहस्यवाद र प्रकृति मानवको सन्तुलित प्रस्तुति दिन पनि पुग्छन् । त्यसैगरी भण्डारीले यस निबन्धमा आँशुका दार्शनिक हेऱ्याक्लिट्स, हाँसोका दार्शनिक डेमोक्रिटस र आँसु र हाँसो दुवैलाई काव्यात्मक अभिव्यक्ति दिन सक्ने कालिदासको कोणबाट जीवनलाई बुझ्ने प्रयास गर्न खोजेका छन् ।

मिनाक्षीलाई सम्बोधन गरी लेखिएको यस पत्रात्मक निबन्धमा लेखकले आँसु र हासो दुवैलाई काव्यात्मक अभिव्यक्ति दिन सक्ने कालिदासको दृष्टिबाट जीवनलाई बुझ्ने प्रयास गर्दै वर्तमान काठमाडौंको राजनीति, शिक्षा, वातावरण आदिमा देखिएका विकृति विसङ्गतिलाई पर्दाफास गर्ने काम गरेका छन् ।

### ४.३.१.२ भ्याकुतो त्यो तालमा पनि उफ्रियो

प्रिय हिमशिलालाई सम्बोधन गरी पत्रात्मक शैलीमा लेखिएको यस निबन्धमा भ्याकुतोको प्रतीकात्मक अर्थद्वारा नेताहरूले राजनीतिका नाममा गरेका अर्थहीन भाषणप्रति व्यङ्ग्य गरेका छन् । अर्थहीन वेकामका भाषण छाट्दै हिंड्ने राजनीतिकर्मीहरूका कारण देशको वातावरणमा ध्वनि प्रदूषण भएको ठहर लेखकले गरेका छन् । विशेष राजनीतिका नाममा हुने गरेका विभिन्न विकृति विसङ्गतिमाथि प्रहार गर्दै नेताहरूको नियतिप्रति शङ्का गरेका छन् । प्राकृतिक सौन्दर्यका प्रसंशक निबन्धकार भ्याकुतोको ट्वारट्वारलाई पनि स्वभाविक मान्दछन् र प्रकृतिको अनुकूल ठान्दछन् । भ्यागुताहरूको ट्वारट्वार ध्वनि मौसम अनुकूल भएकोले त्यसले प्राकृतिक सौन्दर्य थप्ने काम गर्छ तर नेताहरूको बेमौसमी ध्वनिले समाज र राष्ट्रलाई नै प्रदूषण पार्दछ भन्दै नेताको भाषण भन्दा भ्यागुतोको ध्वनिलाई महत्त्वपूर्ण स्थान दिन्छन् ।

प्राकृतिक सौन्दर्यप्रति प्रेम राख्ने विभिन्न पूर्वीय पाश्चात्य चिन्तकहरूको उदाहरण दिँदैं तिनीहरूको सफलताका पछाडि प्राकृतिक सौन्दर्यको स्थान अग्र रहेको बताउने निबन्धकार हाम्रो देशका नेताहरूमा चेतना र बौद्धिकताको कमीले गर्दा दिनप्रतिदिन देश विकृति र विनासतर्फ गइरहेको कुरालाई देखाउन खोजेका छन् ।

यसरी पत्रात्मक शैलीमा लेखिएको यस निबन्धले राजनीतिका नाममा हुने विकृति, विसङ्गतिको विरोध गर्दै अर्थहीन राजनीतिक भाषणभन्दा प्राकृतिक सौन्दर्यमा भ्यागुताको ट्वारट्वारलाई उच्च मानेका छन् ।

### ४.३.१.३ रोटी र फूल

गम्भीर विषयवस्तुलाई सरल भाषाशैलीमा निबन्ध लेख्ने निबन्धकार भण्डारीको चर्चित निबन्धहरूमध्ये ‘रोटी र फूल’ शीर्षक उल्लेखनीय निबन्ध हो । यसमा निबन्धकारले पत्रात्मक शैलीमा रोटी र फूलसँग वास्तविक जीवनको रहस्योद्घाटन गरेका छन् । पण्डित जवाहर नेहरूको जयन्तीमा आयोजित कार्यक्रमको प्रसङ्गलाई जोड्दै निबन्धकारले महापुरुषहरूको जीवन सतही रूपमा बुझिन्छ, गृहीत हुन्छ भने

त्यो एक कष्टदायक विडम्बना हुन पुग्छ भन्ने विचार अभिव्यक्त गरेका छन् । त्यसैगरी रोटी हाम्रो प्रथम आधारभूत भौतिक आवश्यकताको प्रतीक हो भने फूल हाम्रो यात्रा र गन्तव्य हो भन्ने जीवनवादी विचार प्रस्तुत गरेका छन् ।

यदि तिमीसित दुई पैसा छ भने एकले रोटी किन्नू, अर्कोले फूल किन्नु भन्ने महान् विचारक कन्फ्युसियसले रोटीले जीवन पाउनेछौ र जीवन बाँच्ने कला फूलले सिकाउने छ भन्ने महावाणी प्रदान गरेपनि हिजोआजका मानवले कन्फ्युसियसको दीक्षा विपरीत दुबै पैसाले बन्दुक किनी रोटी र फूल खोस्न उद्यत रहेको कुरा व्यक्त गरेका छन् । त्यही बन्दुकले कसैलाई अपाङ्ग बनाउँछ त कसैलाई मृत्युको मुखमा । आजका मान्छेमा शस्त्रास्त्रको होडबाजीमा मानवता हराएकोप्रति निबन्धकारको व्यङ्ग्य रहेको छ ।

यसरी प्रस्तुत निबन्धमा निबन्धकारले रोटी र फूल बीच सम्यक् सन्तुलन मिलाउन सके जीवन सन्तुलित सार्थक सुन्दर र गरिमापूर्ण हुन्छ भन्ने जीवनोपयोगी सन्देश प्रदान गर्न खोजेको देखिन्छ ।

**४.३.१.४ मिली किसीसे नजर तो समझो गजल हुई**

देशको भयावह स्थितिका बीचमा पनि अनभिज्ञ व्यक्तिलाई प्रश्नप्रति प्रश्नले हैरान पारेको मिली किसीसे नजर तो समझो गजल हुई निबन्धमा निबन्धकारले आफूलाई नआउने कुरा प्रश्नकर्तालाई स्पष्ट भनी दिनुपर्छ तर उत्तर दिने क्रममा अनावश्यक कुरा बताई घुमाउरो पाराले उत्तर दिने कथाकथित व्यक्तिप्रति केही रमरम व्यङ्ग्य गरेका छन् ।

प्रस्तुत निबन्धमा पत्रात्मक शैलीले गजलकार अक्सर रसिक र मीठासपूर्ण जीवन व्यतीत गर्दछन् । प्रेमले मान्छेलाई अन्धो बनाइदिन्छ तर त्यो अन्धकारभित्र प्रकाश लुकेको हुन्छ यदि प्रणय-पात्रहरू विवेकशील छन् भने भनाइ राख्ने लेखक गजल के हो ? यसको इतिहास, उत्पत्ति र विकासका बारेमा अनभिज्ञता प्रकट गर्दै जीवन जाने अड्कल गर्दछन् । वास्तवमा गजल भनेको नजर-नजर मिलेर बनेका दुई

आत्मारूपी मिलनका शब्द हुन् जुन शब्द-शब्द सङ्कलन गर्दै जाँदा गजल बन्दछ भन्ने धारणा व्यक्त गर्ने निबन्धकार भण्डारीले मुमताज महलसित सम्म्राट शाहजहाँको जुन पल नजर मिल्यो त्यसैबेला ताजमहजजस्तो सुन्दर गजलको प्रारूप तयार भयो भनी उदाहरण प्रस्तुत गर्छन् । यसका लागि कुनै गजल सम्भ्राटलाई सोधे थाहा हुन्छ, म बताउन भने असमर्थ हुन्छु भन्ने विचार अगाडि सार्दछन् ।

यसरी गजल हेराइ, रोजाइ र कुरागराइबाट विस्तृत हुन्छ, जो रसिक युवाचेत हृदयका ज्वारबाट उत्पन्न हुन्छ जुन कुरा साहित्यका साधक साधिकालाई के थाहा ? नभए ताजमहल कसरी गजल बन्थ्यो त ? भन्ने प्रश्न राख्दै निबन्धकार आफ्नो गजलका केही शेर राख्दै निबन्धबाट ओझेल पर्दछन् ।

### ४.३.२ यात्राविवरणात्मक निबन्ध

मानिस ब्रह्माण्डको परिधिमा एउटा सचेत यात्री हो । उसले यात्राका दौरानमा विभिन्न अनुभव सङ्गालेको हुन्छ । भौतिक युगको आरम्भसँगै मान्छेले यात्राका तीता-मीठा पलहरूलाई एउटा शब्दमा आकार थाल्यो र यात्रासाहित्यको जन्म हुन पुग्यो । निबन्धमा पनि यस किसिमको लेखन पद्धति प्रयुक्त भएको पाइन्छ । यसैले यात्राक्रममा जोडिन आएका यात्रासँग सम्बन्धित घटना प्रसङ्गलाई गद्यात्मकशैलीमा अभिव्यक्ति दिनु नै यात्राविवरणात्मक निबन्ध हो । भण्डारीले पनि आफूले गरेका विभिन्न देशका यात्रासम्बन्धी विवरणमा आधारित भएर केही निबन्धहरूको रचना गरेका छन् । यस्ता निबन्धहरूमा *राममानको कुकुर र माधव कोइरालाको निन्द्रा, गङ्गाजल र फकरुद्धीन रहमान, नालापानीको त्यो पिकनिक आहा !!, ए बच्चा सोचता क्या है, इधर आ, दर्शन कर, आशिर्वाद ले ले, सिस्नुपानीदेखि चागुनारायणसम्म* आदि रहेका छन् ।

यी मध्ये प्रतिनिधि निबन्धको अध्ययन यहाँ गरिन्छ -

#### ४.३.२.१ गङ्गाजल र फकरुद्दीन रहमान

यस निबन्धमा निबन्धकारले आफू सन् १९९१ मे महिनामा सम्पन्न हुने भारतीय आमचुनावमा नेपालबाट पर्यवेक्षकका रूपमा छानिएर भारत जाँदा लेखकले

आफू नेपालबाट प्रस्थान गर्दादेखिको समयलगायत आफू भारत बस्दादेखि नेपाल फर्केसम्मको अनुभवलाई समेटेका छन् । विशेषगरी यसमा लेखकले दिल्ली, इलाहवाद र लखनऊका विभिन्न क्षेत्रमा गरेको भ्रमणको अनुभवलाई चित्रण गर्दै त्यहाँको बसाइँको क्षणलाई अत्यन्त आत्मपरक ढङ्गले प्रस्तुत गरेका छन् । लेखकले भारत बसाइका क्षणमा बङ्गलादेशका पूर्व उपराष्ट्रमन्त्री फकरुद्दिन रहमानसँगको गहिरो मित्रताका साथै उनीसँगको इलाहावादको गङ्गानदीमा पूजापाठ गरेको र त्यहाँका पण्डाहरूले ठगेको रोचक प्रसङ्गलाई निबन्धमा समेटेका छन् । त्यसैगरी इलाहावाद, विश्वविद्यालयको गान्धी पीस फाउण्डसनमा लेखकले गरेको भाषणले त्यहाँ उपस्थित बुद्धिजीवीहरूमा गहिरो प्रभाव पार्न सकेको क्षणलाई अविस्मरणीय ठानेका छन् ।

चुनाव सुरु हुनु अगावै रहमानले लेखकलाई राजीव गान्धीको हत्या भएको र चुनाव स्थगित भएको खबर सुनाएपछि भारतको राजनीति भविष्यप्रति चिन्ता लागेको अनुभव लेखकले व्यक्त गरेका छन् । भारतको राजनीतिक इतिहासमा नेरु परिवारको भूमिका उल्लेखनीय रहेको उल्लेख गर्दै एउटा प्रभावशाली नेताको हत्या भएपछि लेखक शोकमग्न हुँदै राजनीतिक नेतासँग नेपाल फर्केको घटनाक्रमलाई यस निबन्धमा समेटेका छन् ।

सन् १९९१ मे महिनामा सम्पन्न हुने भारतीय आमचुनावमा नेपालबाट पर्यवेक्षकका रूपमा भारत जाँदा त्यहाँ रहँदाको अनुभवलाई समेटेर भण्डारीले निबन्धको स्वरूप तयार पारेका छन् । यात्रामा घटेका विभिन्न घटना विवरणलाई समेटेर लेखिएको यस निबन्ध लेखकको यात्राविवरणात्मक निबन्धमा उत्कृष्ट बन्न पुगेको छ ।

### ४.३.२.२ ए बच्चा सोचता क्या है, इधर आ दर्शन कर आशीर्वाद लेले

शिवरात्रिका अवसरमा पशुपतिको दर्शनार्थ गएका निबन्धकारले यस निबन्धमा पैशाआर्जन गर्न पशुपति परिसरमा बस्ने नागा बाबाहरू जो विशेषगरी शिवरात्रिको अवसरमा नाङ्गै भई आफूलाई सिद्ध बाबाको रूपमा घोषणा गर्ने ढोंगी महात्मा बाबाको

चरित्रको पर्दाभास गरेका छन् । अधिकांश नागाहरू बासी परम्पराका कर्मकाण्डीय अवशेष मात्र हुन् जो वास्तवमा प्रमाणिक आध्यात्मिक उद्देश्यबाट उत्प्रेरित भएका हुँदैनन् केवल धर्मको खोक्रो आडम्बर ओडेर धर्मकै नाममा ठगी गरिरहेका हुन्छन् भन्ने भाव भण्डारीले यस निबन्धमा व्यक्त गरेका छन् । नागाबाबाहरूको प्रवृत्तिको भण्डाफोर गर्ने क्रममा भगवान् महावीर र डायोजनिसको नग्नताको गुण धर्म अलौकिक रहेको बताउँदै यदि नागाबाबाहरूको नग्नता पनि सही आध्यात्मिक ध्येयले गरिएको भए त्यो मान्य हुने तर यान्त्रिक र कृतिम भए त्यसले समाजमा विकृति फैलाउने कुरालाई औंल्याएका छन् । शिवरात्रिको अवसरमा नागाबाबाहरूलाई हेर्ने मानवीय भीडलाई लेखकले मानिसभित्रको आदिमतापरक अचेतनको उपज ठानेका छन् जुन मनोवैज्ञानिक दृष्टिले सत्य पनि हो ।

यसरी शिवरात्रिको अवसरमा आफू पशुपतिको दर्शनार्थ जाने क्रममा त्यहाँ नागाबाबाहरूले पैसा आर्जनका निम्ति गरेको ठगी प्रवृत्तिलाई निबन्धकारले यस निबन्धमा देखाइएको छ ।

### ४.३.२.३ सिस्नुपानीदेखि चाँगुनारायणसम्म

डी.पी. भण्डारीको यात्राविवरणात्मक निबन्धहरूमध्ये उत्कृष्ट निबन्धको कोटिमा 'सिस्नुपानीदेखि चाँगुनारायण' निबन्ध पर्दछ । यसमा भण्डारीले प्राचीन परम्परा र आधुनिक परम्पराबीच तुलना गर्दै दुबैमा समन्वय हुनुपर्नेमा जोड दिएका छन् । ब्रह्माण्डीय परिवेशमा हेर्दा मान्छे कति नगन्य र महिमाशून्य छ, बयान गर्न कठिन रहेको उल्लेख गर्दै निबन्धकार यात्रा गर्दा र पिकनिक जाँदा कतिपय अज्ञात कुराको ज्ञात हुने सत्यता प्रकट गर्दछन् ।

सिस्नु पानी यात्रामा निस्केका निबन्धकार नेपाली कला, संस्कृतिमा भिजेको सांस्कृतिक कार्यक्रम लोक दोहरीमा सामेल भई त्यहाँको मोज लुट्छन् र त्यहाँ भए गरेका आधुनिकताप्रति मुग्ध हुन्छन् भने पिकनिक जाँदा सूर्यविनायक र चाँगुनारायण पर्यायवाची देवता ठान्ने लेखक फरक-फरक देवता रहेको ज्ञान प्राप्त गर्दछन् । अतीत

जति टाढा हुन्छ, त्यति मात्रामा आकर्षण हुन्छ, भविष्य जति टाडा हुन्छ त्यति भयावह देखिन थाल्छ र वर्तमानको बोझलाई कम गर्न पिकनिकको आविष्कार भएको महसुस गर्ने निबन्धकार नेपालको ऐतिहासिक पुरातात्त्विक सांस्कृतिक सम्पदाले भरिपूर्ण रहेका देव, देवताका मन्दिरहरू दृश्यावलोकन गरी मोहित हुन्छन् तर ती पुरातात्त्विक दृष्टिले महत्त्व बोकेका सम्पदाहरू हराउनु, चोरी हुनु आफैमा आश्चर्य चकित बनेका छन् ।

यसरी भण्डारीले यस निबन्धमा यात्रा अविस्मरणीय हुने, अज्ञात कुरा ज्ञात हुने, अज्ञानीलाई ज्ञानी बनाउने, स्मरणशक्ति चिरस्थायी हुने मात्र नभई प्रशस्त मात्रामा मनोरञ्जन प्राप्त गर्न सकिने भएकोले यस्ता यात्राहरू तिथिमिति सहित ताजा रहने कुरालाई स्मरण गर्दै निबन्धलाई रोचक शैलीमा प्रस्तुत गरेका छन् ।

### ४.३.३ संस्मरणात्मक निबन्ध

जीवन एक अनुभवको सङ्गालो हो । जीवन व्यथित गर्ने क्रममा आफूले भोगेका आफ्नो सम्पर्कमा आएका घटनालाई स्मरणमा राखी निजात्मक ढङ्गले कलात्मक प्रस्तुति दिनु नै संस्मरणात्मक निबन्ध लेखन हो । निबन्धकार भण्डारीले पनि आफ्ना धेरै निबन्धमा यस लेखन पद्धतिलाई पछ्याएका छन् । आफ्ना जीवनका विविध, घटना, अनुभव, नयाँ पुराना समाचारजस्ता विविध विषयलाई संस्मरण गरी निबन्धात्मक रूप दिनु निबन्धकार भण्डारीको वैशिष्ट्य पनि हो । उनका यस्ता निबन्धहरूमा *माखुर चोर नगुवा डहना, मै तोरेसँग चीलगाडीमे नाही जाम रे !, ईश्वर भण्डारी एक सुचिकारको शब्दचित्र, म किन कम्युनिस्ट हुन सकिनँ ? तोको सुख तोको रहो, मोको दुःख मोको रहो, असम्बद्ध विम्बहरू बुइगल, नेपाली काङ्ग्रेस र म, त त त ! आँ, आँ, आँ !! हाली हाली !!!, डोटी अतीत वर्तमान र भविष्य, त्यो बाघ मेरा बाले नै मार्नुभएको थियो, त्यो क्षण अविस्मरणीय रह्यो, तीन खल्लवातहरूको जम्काभेट, रूपा र किशोरको कविता प्रेम, रत्यौलीको त्यो रात* आदि पर्दछन् ।

#### ४.३.३.१ माखुरचोर नगुवा डहना

बाल्यकालीन संस्मरणहरूलाई निबन्धात्मक रूप दिइएको यस निबन्धको शीर्षक थारु भाषाबाट लिइएको छ । शीर्षकलाई नेपालीकरण गर्दा यसको अर्थ तमाखु चोर्ने

नाङ्गो बदमास ठिठो हुन्छ । तसर्थ शीर्षक अनुसार यस निबन्धमा लेखकले पढाइलेखाइपूर्वका बाल्यकालीन क्षणमा आफूले गरेका बदमासीहरूको स्मरण गर्ने क्रममा डोटीको निरौली गाउँमा छ सात वर्षको उमेरसम्म उन्मुक्त भएर प्राकृतिकतामा रमेको स्वच्छन्द र उन्मुक्त डुलेको अनुशासित बनाउन अभिभावकले कुटेको, वि.स.. २००० मा कैलालीको व्यँसाहामा गएको, त्यहाँ गोठालो बनेको थारूहरूका घरबाट तमाखु चोरेको, थारुहरूले आफूलाई रङ्गेहात तमाखु चोर्दा पक्रेर लिङ्गमा माटो दलिदिएको, दाजुहरूले पिटेको र आजसम्म थारु समुदायले आफूलाई तमाखु चोर्ने नाङ्गो बदमास ठिठो (माखुर चोर नगुवा डहना) भनी सम्बोधन गर्ने गरेको क्षणहरूलाई स्मरण गरेका छन् ।

प्राकृतिक रमणियतामा अत्यधिक रमाउने निबन्धकार यस निबन्धमा पनि प्राकृतिक वर्णनबाट अछुतो रहन सकेका छैनन् । निरौलीको प्राकृतिक वर्णनमा बढी शब्द खर्चेका लेखक व्यँसाहाको ग्रामीण परिवेशको चित्रण पनि सशक्त रूपले गरेका छन् । प्रेमका विषयमा निबन्ध लेख्न रुचाउने भण्डारीले यहाँ आफू जन्मेको हुर्केको ठाउँको चित्रण सजीवतापूर्वक गरेका छन् ।

अतीत प्रेमलाई स्मरण गर्ने क्रममा बाल्यकालीन क्षणलाई प्रमुखता दिइएको यो निबन्ध भण्डारीका उच्चकोटिको र संस्मरणात्मक निबन्धमा उत्कृष्ट रहेको छ ।

### ४.३.३.२ **त, त, त ! आँ, आँ आँ !! हाली हाली !!!**

बाल्यकालीन क्षणमा कैलालीको ग्रामीण परिवेशको सम्झना गर्दै लेखिएको यस संस्मरणात्मक निबन्धमा थारु समुदायले गोरु जोत्दा प्रयोग गर्ने शब्दलाई निबन्धकारले आफ्नो निबन्धको शीर्षक बनाएका छन् । जसको अर्थ दायाँ लाग, बाँया लाग चाँडै चाँडै हिँड भन्ने हुन्छ । एउटा ग्रामीण परिवेशमा हुर्केको निर्दोष डगौरा थारु, थारुसमुदायमा अलि विशिष्ट देखिन्छ । ऊ बैलगाडा राम्रोसँग, इमान्दारीपूर्वक हाँक्नजान्ने भएकाले आफ्नो परिवारलाई पनि राम्रोसँग हाँक्न सक्षम भएको छ । यहाँ लेखकले गोरु गाडा हाँक्ने थारु र देश हाँक्ने राजनेताहरूबीच तुलना गरेका छन् । गोरु

हाँक्ने थारुले हकाइको कुशलताले गर्दा परिवारलाई पनि सन्तुलन गर्न सकेको छ तर देश हाँक्ने नेताहरूले भने सन्तुलित तवरले देश हाँक्न नसकेकोले देशको अवस्था दिनप्रतिदिन खस्कँदै गएको यथार्थलाई लेखकले व्यङ्ग्य गर्दै गोरु हाँक्ने थारु इमान्दार रहेको तर देश हाँक्ने राजनेता वेइमान रहेको निष्कर्ष दिएका छन् ।

एउटा अतीतको सानो स्मरणलाई विषय बनाएर भण्डारीले नेताहरूको प्रवृत्तिलाई व्यङ्ग्य हानेका छन् । गोरु गाडा हाँक्ने थारु र देश हाँक्ने राजनेताहरूको तुलना गर्दै सन्तुलित तवरले नेताहरूले देश हाँक्न नसकेको कटु यथार्थलाई यस निबन्धमा प्रष्ट्याएका छन् ।

### ४.३.३.३ **रत्यौलिको त्यो रात**

जीवनयात्राका क्रममा धेरै घटनाहरू घटित भएका हुन्छन् । ती घटनाहरू सबै अविस्मरणीय हुँदैनन् तर कतिपय ज्यादै स्मरणीय हुन्छन् । हिन्दु संसकृति र परम्परा अनुसार नेपालमा रत्यौली खेलिन्छ भने विभिन्न अर्थमा विश्वभरि नै खेलिने परम्पराको वर्णन गर्दै लेखकले आफू १२ वर्षको हुँदाका घटनालाई स्मरण गरेका छन् ।

वयस्क पुरुषलाई रत्यौली हेर्न वर्जित भए पनि आठ वर्षकै उमेरमा काम जागृत भएका लेखक १२ वर्षको हुँदा रत्यौली हेर्ने अवसर प्राप्त गर्दछन् । पौराणिक, धार्मिक, प्रसङ्ग जोड्दै भण्डारीले रत्यौलीलाई घनीभूत दमित यौन संवेग र कुण्ठाको विरेचनको रात भनेर अर्थ्याएका छन् । नेपाली समाजले पाश्चात्य मुलुकमा झैं आकाश र धर्तीबीचको खुल्ला यौन वा रतिरागलाई मान्दैन, फलस्वरूप यसैको तृप्ति रत्यौली रहेको प्रसङ्ग अघि सार्दछन् । रात+औली शब्दबाट रत्यौली नभई 'रति+औली' शब्दबाट रत्यौली शब्दको निर्माण भएकाले १२ वर्ष बालकरूपी युवकलाई १९/२० वर्षे युवतीले एकान्त बगैंचामा लगेर रत्यौली मनाएको प्रसङ्गलाई रोचक तरिकाले वर्णन गरेका छन् ।

कठोर पाण्डित्य बन्धनको विरोध गर्ने लेखकले बाल्यकालमा आफू रत्यौली हेर्ने क्रममा विभिन्न अनुभूति सङ्गालेको वास्तविक यथार्थ घटनालाई सजीव रूपले यस निबन्धमा समेट्ने प्रयास गरेका छन् ।

### ४.३.४ हास्यव्यङ्ग्य प्रधान निबन्ध

रचनामा प्रयुक्त विषय र मूल्यलाई निरूपण गर्दा आधुनिक साहित्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यङ्ग्य आएकै हुन्छ भन्दा अनुपयुक्त हुँदैन । व्यङ्ग्यात्मक निबन्धमा विशेषगरी जीवन र जगत्मा भएका विकृति विसङ्गतिका पक्षहरूमा देखिएका कमजोरी खोतल्ने र भेटिएका कमीमाथि व्यङ्ग्य गरिन्छ । यसर्थ सामाजिक, सांस्कृतिक, प्रशासनिकका साथै विविध पक्षमा असमानता र भिन्नताले जन्माएका विकृत पक्षलाई व्यङ्ग्य गर्नु नै हास्यव्यङ्ग्यप्रधान निबन्धको धर्म हो । भण्डारीका निबन्धको अध्ययन गर्दा उनका निबन्धमा हास्यभन्दा व्यङ्ग्यको प्रभाव प्रबल देखिएको पाइन्छ । उनका निबन्धहरू पढ्दा यस्तो लाग्छ प्रत्येक निबन्धले व्यङ्ग्य बोलेकै छ, तर फरक यति मात्रै हो कुनै निबन्धमा व्यङ्ग्य सिधैं आएको हुन्छ भने कुनैमा शूक्ष्म रूपले । उनका व्यङ्ग्य प्रमुख भएर आएका निबन्धहरूमा *कन्डोम दिवस र बृद्ध वर्ष, बाँदरले आफ्नो अनुहार ऐनामा हेर्‍यो, शारदा, साधना र मनमोहन, मोहम्मद, सुल्तान रोड, जीन काका र मन्त्रीपत्नीहरू, मुसुक्क हाँस्दा खाल्डो पर्‍यो ज्यान तिम्रो गालैमा, चल बेटा, चल बेटा चल, चल बेटा चल, विभूषण र बधाई* आदि पर्दछन् ।

#### ४.३.४.१ बादरले आफ्नो अनुहार ऐनामा हेर्‍यो

भण्डारीले जनावरद्वारा मान्छेको मूढतामाथि गरिएको व्यङ्ग्यलाई विषय बनाइ 'बादरले आफ्नो अनुहार ऐनामा हेर्‍यो' शीर्षकको निबन्ध रचना गरेका छन् । आफूलाई जनावरप्रतिको प्रेम अत्यधिक भएको जनाउँदै मान्छे र मान्छेका आदिम पूर्खा बादरबीच तुलना गरेका छन् । निबन्धमा प्रत्येक मानिसले आफ्नो मौलिक अनुहार नचिनेसम्म मुक्तिको मार्ग भेट्न नसक्ने कुराको उल्लेख समेत रहेको छ । विशेष यस निबन्धमा भण्डारीको लक्ष्य जनावरले मान्छेको प्रवृत्तिमाथि व्यङ्ग्य गरेको देखाइ आजका विकृत मान्छेप्रति व्यङ्ग्य गर्नु रहेको छ ।

आजका मान्छे आफ्नो मानवीय आचरणलाई नै विर्सेर संवेदनाशून्य भएको छ । पद, प्रतिष्ठा, मान, सम्मान र पैसाका निम्ति जस्तोसुकै कुकृत्य गर्न पनि अग्रसर

भइरहेको छ । आफ्नो निजी स्वार्थका लागि मानिस जुनसुकै हदसम्म पनि गिर्न सक्छ भन्ने भाव निबन्धकारको रहेको छ । अति महत्त्वकाङ्क्षी, धूर्त, भ्रष्ट, कुटिल, चाकडीवाजको निन्दा गर्दै त्यस्ता व्यक्तिलाई निकृष्ट कोटिमा राखेर व्यङ्ग्यात्मक रूपमा एकपटक आफ्नो अनुहार ऐनामा हेर्न वा आफूलाई चिन्न आग्रह समेत गरेका छन् ।

सन् १९९९ सेप्टेम्बर ४ को 'टाइम्स अफ इन्डिया' मा एउटा बादरले आफ्नो अनुहार ऐनामा हेरेको प्रसङ्गबाट लेखकले मान्छेको मूढताप्रति व्यङ्ग्य गरेका छन् । अरूलाई दोषारोपण गर्नुको साटो प्रत्येक व्यक्तिले आफ्नो मौलिक अनुहार चिन्नुपर्नेमा जोड दिएका छन् ।

### ४.३.४.२ मोहम्मद सुल्तान रोड

#### जीन-काका र मन्त्रीपत्नीहरू

सिङ्गापुरको सुल्तान रोडको उत्तरआधुनिक चित्र प्रदर्शनीमा लेखकले अनुभव गरेका घटनालाई लिएर नेपालका विविध पक्षका वेथितिमाथि भण्डारीले व्यङ्ग्य गरेका छन् । आफूलाई उत्तरआधुनिक देखाउन परम्परावादी धाराका काकाले पहिरन र व्यवहारमा अन्धाधुन्ध नक्कल गरेको देखेर मानिसको उत्तरआधुनिक बन्ने सोचलाई लेखकले झटारो हानेका छन् । त्यसैगरी पतिका शक्तिको नशामा डुबेर भौतिक सुखसयल गर्ने मन्त्रीपत्नीहरूको व्यवहारलाई प्रहार गर्दै लेखकले उनीहरू शक्तिका आडमा निरक्षरबाट विदुषी, मौनबाट मुखरित भएको व्यङ्ग्य गरेका छन् । तिनले आफ्नो व्यक्तिगत प्रयोजनका लागि सरकारी सम्पत्तिको हिनामिना गरेको आरोप समेत लगाएका छन् ।

परम्परागत परिपाटिका कट्टर जीवन निर्वाह गर्दै आएका भण्डारीका एकअत्यन्त प्यारा पुराना मित्र पण्डितरामको रवैया ज्ञानको चर्चा गर्दै बुढ्यौलीमा आएर दलित स्त्रीसँग समागम गरेको देखाइ उनको खोक्रो पाण्डित्यको पर्दाफास गरेका छन् । बाहिर पण्डित महात्माको खोल ओडेर भित्र अनैतिक खेल खेल्ने ढोंगी ब्राह्मणको यस

निबन्धमा धज्जी उडाइएको छ । यस्ता पतित कथितब्राह्मणको रबैया ज्ञान र आडम्बरको निबन्धकारले खुलेर विरोध गरेका छन् ।

लेखकले मानिसको उत्तरआधुनिक बन्ने सोचले मानिसलाई नै विकृत बनाएको धारणा यस निबन्धमा राखेका छन् । परम्परावादी धारका काका उत्तरआधुनिक बन्ने धुनमा असुहाउँदो पहिरन र व्यवहारको नक्कल गर्छन्, पतिका शक्तिको आडमा मन्त्रीपत्नीहरू भ्रष्टचार गर्न आफ्ना पतिलाई अग्रसर बनाउँछन् भने उत्तरआधुनिक युगका पण्डित बुढ्यौलीमा परस्त्रीसँग समागम राख्छन् भन्दै वर्तमान समयको विकृतिप्रति खरो व्यङ्ग्य प्रहार गरेका छन् ।

### ४.३.४.२ **विभूषण र बधाई**

डी.पी. भण्डारीद्वारा लिखित विभूषण र बधाई चर्चित र लोकप्रिय व्यङ्ग्यात्मक निबन्ध हो । यसमा भण्डारीले साहित्यकार, कलाकारलाई वा उत्कृष्ट नवीन कार्य गर्ने जुनसुकै क्षेत्रमा तक्मा, बधाई, र विभूषण दिइन्छ तर त्यसमा योग्य तथा प्राज्ञ व्यक्तिले पाउँदैनन् । पाउँछन् त्यसले जसले नेता, मन्त्री, प्रधानमन्त्री वा पहुँचवाला कहाँ गई शरीर, झुक्ने गरी चाकडी, चाप्लुसी गर्नेले घमण्ड गर्छन् । तिनै जो आफूले कसरी तक्मा, विभूषण पहिरिएँ भनी एक सेकेन्ड पनि सोच्दैनन् ।

वास्तवमा 'विभूषण र बधाई' मात्र ठूलो कुरो होइन, त्यसको मान, मर्यादा र इज्जत बचाइ राख्नु ठूलो हो । कसैको निगाहाको भरमा तक्मा, बधाई, विभूषण तथा पुरस्कार लिइनु दिइनु हुँदैन । विना निगाहाका भरमा जाँ पाल सार्त्रले नोबेल पुरस्कार तथा महान् चिनियाँ सन्त चुआङ्त्सले तक्मा अस्वीकार गरे भने सहानुभूतिले दिइएको लिइएको बक्समा घमण्ड गर्ने व्यक्तिहरूप्रति झटारो समेत भण्डारीले हानेका छन् । तक्मा र विभूषण पाउनु पाप होइन न कुनै दोष नै हो भन्दै लेखकले पाउने ढङ्ग वा तरिका र पाइसकेपछिको फूर्ती एवम् प्रफुल्लता देखाउने नर नारीको संस्कार, स्वभाव, संस्कृति, र सभ्यताको सार गुण-धर्ममा प्रस्ट हुन्छ भनेका छन् । बधाई प्राप्तिमा व्यक्ति अतिप्रसन्न हुँदै आफ्नो कीर्ति-गाथा अरूलाई सुनाउँछु र अरूले दिएको बधाईलाई आफ्नो योग्यताको अकाट्य प्रमाण ठान्दै हिड्ने व्यक्तिहरूप्रति भण्डारी व्यङ्ग्य गर्दछन् ।

यसरी प्रस्तुतनिबन्धमा निबन्धकारले आफू, विभूषण, तक्मा बधाई तथा पुरस्कारको विरोधी नरहेको वा नभएको तर दिइने लिइने संस्कार अनि त्यसबाट निःसृत भ्रान्ति र दम्भको समालोचक हुँ भन्ने धारणा राख्दै निबन्धको बिट मार्दछन् ।

## ४.४ **निष्कर्ष**

निबन्धकार डी.पी. भण्डारी नेपाली निबन्धको तेस्रो चरण अर्थात् समसामयिक चरणमा देखापरेका सशक्त निबन्धकार हुन् । लक्ष्मीप्रसाद देवकोटाबाट सुरुवात भई शङ्कर लामिछानेबाट विकसित भएको आत्मपरक निबन्धलाई उनले उच्चबिन्दुमा पुऱ्याएका छन् । सामाजिक, राजनीतिक, प्रेम, नारी, संस्कृति, धर्म, दर्शन आदि विषयवस्तुमा निबन्ध रचना गर्ने भण्डारी त्यस क्षेत्रमा व्याप्त विकृति, विसङ्गति र व्यथितिप्रति व्यङ्ग्य समेत गर्दछन् । आध्यात्मिक प्रेमलाई जीवनको महत्त्वपूर्ण पाटो मान्ने भण्डारी नारीलाई सम्मान गर्दछन् । यसर्थ प्रायसः उनका पत्रात्मक निबन्धको सम्बोधन पनि नारीका नामबाट नै थालिएका हुन्छन् । यसबाहेक उनले केही संस्मरणात्मक तथा यात्राविवरणात्मक निबन्धको रचना समेत गरेका छन् । भण्डारी आफ्नो निबन्धमा अत्यधिक मात्रामा व्यङ्ग्यको प्रयोग गर्दछन् । विकृतिको दिग्दर्शन, त्यसप्रति घोचपेच, सुधारात्मक दृष्टिकोण पाइने यिनका निबन्धमा हास्यभन्दा व्यङ्ग्य नै प्रबल देखिन्छ ।

**परिच्छेद पाँच**

# उपसंहार

डी.पी. भण्डारीको निबन्धकारिता शीर्षक प्रस्तुत शोधपत्र जम्मा पाँच परिच्छेदमा संरचित छ । पहिलो परिच्छेदको शोधपरिचय र पाँचौ परिच्छेदको निष्कर्ष शोधपत्रका अनिवार्य खण्ड हुन् । नेपाली निबन्धको विधा सिद्धान्त र नेपाली निबन्ध परम्परा शीर्षकको दोस्रो परिच्छेद सैद्धान्तिक खण्ड, डी.पी. भण्डारीको परिचय र निबन्धयात्रा शीर्षकको तेस्रो परिच्छेद र डी.पी. भण्डारीका निबन्धहरूको अध्ययन शीर्षकको चौथो परिच्छेद प्रायोगिक खण्डका रूपमा रहेका छन् ।

वि.सं. १९९३ भाद्र २५ गतेका दिन पिता कुञ्जरमणि भण्डारी र माता इन्दिरादेवी भण्डारीका कोखबाट छैठौं पुत्रका रूपमा सेती अञ्चल डोटी जिल्लाको निरोली गा.वि.स. वडा नं. १ मा जन्मिएका दुर्गाप्रसाद भण्डारीले स्वदेश र विदेशमा समेत गएर अध्ययन गरेका छन् । उनले भारतको विहार विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा एम.ए. र डब्लु बी यिट्सका नाटकमा भेटिने शिल्प र विचार शीर्षकमा जवलपुर विश्वविद्यालयबाट पिएच.डी. गरेका छन् । भण्डारीले साहित्य सिर्जनाको आरम्भ वि.सं. २०४५ सालमा ‘मधुपर्क’ पत्रिकामा प्रकाशित सरदार रुद्रराज पाण्डे एकपूर्ण व्यक्तित्वको प्रतीक’ शीर्षकको निबन्धबाट गरेका थिए । वि.सं. २०१७ देखि २०५७ सम्म अध्यापन क्षेत्रमा लागेका भण्डारी हाल काठमाडौं बानेश्वर भीमसेन गोलास्थित आफ्नो निवासमा बसोबास गर्दै आएका छन् ।

साहित्यका चार प्रमुख विधामध्ये निबन्ध एक हो । यसका प्रमुख दुई भेद छन्- आत्मपरक र वस्तुपरक । आफैलाई केन्द्र बनाइ निबन्धको सिर्जना गरिन्छ भने त्यसलाई आत्मपरक र त्यो भन्दा भिन्न वा कुनै वस्तु विशेषलाई मुख्य विषय बनाइ निबन्धको सिर्जना गरिन्छ भने त्यसलाई वस्तुपरक निबन्ध भनिन्छ । निबन्धको जन्म र विकास पाश्चात्य साहित्यबाट भएको हो । निबन्ध आत्मकेन्द्रित हुन्छ भन्दै निबन्धको पहिलो सिर्जना गर्ने श्रेय फ्रान्सका मोन्तेनलाई छ । पछि गएर बेलायतका निबन्धकार

बेकनले निबन्धलाई वस्तुपरक ढङ्गबाट चिनाउँदै निबन्ध छरिएको चिन्तन हो भन्न पुग्छन् । यसरी हेर्दा आत्मपरक निबन्धका जन्मदाता मोन्तेन हुन् भने वस्तुपरक निबन्धका बेकन हुन् । आकारका दृष्टिले निबन्ध छोटोछरितो विधा हो । जीवन जगतका जुनसुकै विषयमा पनि निबन्ध लेख्न सकिन्छ र निबन्धको शैली पनि निबन्धकारको वैशिष्ट्यमा आधारित हुन्छ । वस्तु, शैली, उद्देश्यको त्रिकोणमा निबन्धका तत्त्वहरू निर्भर रहन्छन् । त्यसैले छोटो आयाममा संरचित जुनसुकै विषयमा स्वतन्त्र रूपले लेख्न सकिने गहन भाव बोकेको अध्ययनशील लेखकका आफ्ना वैयक्तिक अनुभव र अनुभूतिको प्रस्तुति नै निबन्ध हो ।

वि.सं. २०४५ सालबाट निबन्धयात्राको थालनी गर्ने डी.पी. भण्डारीका प्रकाशित निबन्धहरूको अध्ययनबाट उनको निबन्धयात्रालाई दुई चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । उनी नेपाली निबन्धको आधुनिककालको तृतीय चरण ( वि.सं. २०२० हालसम्म) का एक उज्ज्वल प्रतिभा हुन् । समसामयिक विषयवस्तुमा निबन्ध सिर्जना गर्ने भण्डारी आत्मपरक निबन्धकार हुन् । संख्यात्मक र गुणात्मक दुवै दृष्टिले धनी भण्डारी सफल निबन्धकारका कोटिमा पर्दछन् ।

विषयगत दृष्टिबाट भण्डारीको निबन्धकारितालाई हेर्दा उनी विविध विषयका प्रयोक्ताका रूपमा देखापर्दछन् । समाज, राजनीतिक, प्रेम, नारी, संस्कृति, धर्म, दर्शन आदि विषयवस्तुमा निबन्ध रचना गर्ने भएकाले उनका निबन्धमा त्यस क्षेत्रमा व्याप्त विकृति, विसङ्गति र व्यथितिप्रति व्यङ्ग्य पाइन्छ । विभिन्न विषयमा आफ्ना निजी दृष्टिकोणलाई आत्मपरक शैलीमा प्रस्तुत गर्नु उनको महत्त्वपूर्ण निबन्धात्मक प्रवृत्ति हो । निबन्धको शीर्षक प्रायः महान व्यक्तिको महान वाणीबाट राख्ने भण्डारी निजी विचारलाई पुष्टि गर्नका निम्ति विभिन्न पूर्वीय तथा पाश्चात्य मिथको प्रयोग गर्छन्, जुन उनको महत्त्वपूर्ण निबन्धात्मक प्रवृत्ति हो । उनका निबन्धको स्वभाव अलि अराजक छ । एउटा प्रसङ्ग समातेर जाँदा जाँदै बीच-बीचमा उप-प्रसङ्गहरूमा बहकिनु, निबन्धको उठान र बैठानको कुनै टुङ्गो नहुनु उनको निबन्धको स्वच्छाचारी प्रवृत्ति जस्तै निबन्धलाई पनि स्वच्छन्द र उन्मुक्त राख्नु उनको अर्को महत्त्वपूर्ण वैशिष्ट्य हो ।

पुरस्कारलाई विवेकहीन निर्णय ठान्ने भण्डारी जीवनलाई निराशाजनक र आशावादी दुवै दृष्टिबाट हेरी निर्णय गर्ने अस्तित्ववादी विसङ्गतिवादी चिन्तनका नजिक देखिन्छन् । विशेष उनका निबन्धले बौद्धिक पाठकको अपेक्षा गरेका हुन्छन् । पूर्वीय पाश्चात्य दुवै साहित्य र दर्शनका ज्ञाता भएकाले पनि उनका निबन्धमा त्यसको प्रभाव स्पष्ट देखिन्छ । राजनीति सिद्धान्तहरूको गहन अध्ययन गरेका भण्डारी समानता, स्वतन्त्रताका पुजारी हुन् । अतिवादी र निरङ्कुश राजनीतिक विचार तथा इतिहास र सिद्धान्तलाई कुल्चेर स्वार्थी व्यवहार गर्ने राजनीतिकर्मी उनका आलोचनाका पात्र हुन् । कट्टर इस्लामिक लगायतका धर्मका विरोधी भण्डारी सामाजिक भलो चिताउने जुनसुकै धर्मप्रति पनि आस्था राख्दछन् । उनका प्रत्येक निबन्धहरूमा एक न एक विचारको प्रतिपादन भएकै हुन्छ र ती विचारलाई पुष्टि गर्ने कला नितान्त नवीन छ । वस्तुले उब्जाएका भावना र जीवनबाट प्राप्त अनुभवलाई बौद्धिक तर्क र विचारले पुष्टि गरेकाले उनका निबन्ध विचारको दर्शन बन्न पुगेका छन् । यो उनको निबन्धकारिताको नवीनतम पक्ष हो । सार्वभौम मान्यताभन्दा भिन्न विचारलाई पनि बौद्धिक विचार र तर्कले सहज रूपमा पुष्टि गरी पाठकलाई आफ्ना विचारसँग सहमत गराउन उनी सफल देखिन्छन् । तर्कले विचारको पुष्टि गर्ने उनको कला निकै सशक्त बन्न पुगेको छ । बौद्धिक चिन्तक निबन्धकार भण्डारीले आफ्ना निबन्धमा विचार र भावनालाई सन्तुलित रूपमा प्रस्तुत गर्ने गरेका छन् र यो वैशिष्ट्य उनको निबन्धकारिताको महत्त्वतम प्राप्ति हो ।

भण्डारीको निबन्धकारितालाई गरिमामय स्तरमा पुऱ्याउने काम रचनाविधानले गरेको छ । आत्मपरक निबन्धकारका नाताले उनका निबन्धमा कृत्रिम प्रस्तुति पाइँदैन । सरल विषयलाई बृहत् आकार दिने र जटिल विषयलाई पनि सरलताका साथ प्रस्तुत गर्ने भएकाले भण्डारीले वस्तुलाई छुनासाथ उनका भाव तरङ्गमा उब्जने अनन्त लहडहरूलाई प्रस्तुत गर्ने क्रममा आरम्भ विकास र अन्त्यको क्रमिकता मिलेको देखिंदैन । निबन्धभित्र कतै पात्र, कतै कथानक, कतै अतीतको स्मरण, कतै यात्राको विवरण, कतै प्रेमिकालाई पत्र, कतै महान् पात्रको जीवन र दर्शन, कतै व्यङ्ग्य आदि

आएर निबन्धमा विविध विषयको समावेश भएको देखिन्छ तर यी सम्पूर्ण उपकरणलाई एउटा निश्चित विचारले जेलिरहेको हुन्छ र भावना जतिसुकै बहकिन गए पनि तिनको समष्टि योगले विचार व्यक्त गरेकै हुन्छ । यही प्रस्तुतिगत नवीनताले गर्दा निबन्ध फाँटमा भण्डारी सफल देखिएका छन् ।

भाषाशैली भण्डारीको निबन्धकारिताको केन्द्रीय पक्ष रहेको छ । यिनका निबन्धमा आलङ्कारिक गद्य भाषाको प्रयोग छ । आन्तरिक अनुप्रास, प्रतीकात्मक भाषा र विम्बालङ्कारको समुचित प्रयोगले उनका निबन्ध काव्यात्मक बन्न पुगेका छन् । निबन्धकारले तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतका शब्द प्रयोग गरेका छन् । काव्यात्मक लामा वाक्यगठन, क्रियाविहीन वाक्य, क्रियान्तहीन वाक्य र अनौपचारिक आरम्भ अन्त्यले गर्दा उनको शैलीले वैयक्तिक स्पर्श पाउन सकेको छ । सामान्यभन्दा सामान्य कुरालाई रोचक रूपमा प्रस्तुत गर्ने कलाले निबन्धकार भण्डारी नेपाली साहित्यको निबन्ध विधामा अविस्मरणीय बन्न पुगेका छन् । विचारको गहिराइ र परिष्कृत शैलीले उनका निबन्धले पाठकलाई सजिलै मोहित बनाउन सक्छ । यो उनको निबन्धकारिताको महत्त्वपूर्ण पक्ष हो ।

निष्कर्षका रूपमा भन्नुपर्दा आधुनिक नेपाली निबन्धको तेस्रो चरणमा देखापरेका भण्डारी उच्चकोटिका आत्मपरक निबन्धकार हुन् । नेपाली निबन्धका फाँटमा उनले गरेको गुणात्मक योगदानलाई लक्ष्मीप्रसाद देवकोटा, शङ्कर लामिछाने र भैरव अर्यालकै परिप्रेक्ष्यमा हेर्न सकिन्छ । आत्माको प्रतिपादनका दृष्टिले उनका निबन्धहरू अत्यन्त सफल छन् । यिनका निबन्धमा उच्चकोटिको दार्शनिक व्यक्तिले दिने शक्ति सुरक्षित छ । निबन्धमा पाश्चात्य ग्रिक चिन्तनदेखि उत्तरआधुनिककाल तथा पूर्वीय ऋग्वेददेखि हालसम्मको दार्शनिक चिन्तन व्यक्त छ । त्यसैले उनका निबन्धमा आत्मपरक भाव, उच्च वैचारिक चिन्तन तथा काव्यात्मक भाषाको त्रिपक्षीय अन्तर्मिलन छ । सचेत र बौद्धिक पाठकको अपेक्षा गर्ने उनका निबन्धहरूले हृदय र मस्तिष्क दुवैलाई पीडा दिन्छन् जसकारणले पाठकलाई उनका निबन्ध बुझ्न प्रशस्त बौद्धिक कसरतको आवश्यकता पर्दछ तर विचारको गम्भीरतासम्म पुग्दा आइपर्ने

मानसिक तथा हार्दिक पीडालाई शैलीगत प्रयोगशीलताले सिचन गर्नेहुनाले उनी पट्यार लाग्दा निबन्धकार नभएर आकर्षक एवम् रोचक निबन्धकारका रूपमा देखापर्दछन् । त्यसैले समग्रमा भन्दा भण्डारी नयाँ पुस्ताका औंलामा गणना गर्न सकिने नेपाली निबन्धकार तथा चिन्तकमध्ये एक आत्मपरक बौद्धिक निबन्धकार हुन् । निबन्धहरूको स्तरगत मूल्याङ्कनका हिसावले उनका निबन्धहरू उच्चकोटिका रहेका छन् । त्यसैले नेपाली निबन्धका फाँटमा उनको योगदान अविस्मरणीय रहन गएको छ ।

# सन्दर्भसूची


अधिकारी, रामलाल, **नेपाली निबन्धयात्रा,** दार्जीलिङ : नेपाली साहित्य सञ्चयिका, ई. १९७५ ।

अवस्थी, मोहन (सम्पा.), **हिन्दी निबन्धकी विभिन्न शैलिया,** इलाहावाद : सरस्वती प्रेस, १९६९ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश,** छैठौ संस्क., काठमाडौं : रत्नपुस्तक भण्डार, २०५९ ।

थापा, हिमांशु, **साहित्य परिचय,** चौंथो संस्क., काठमाडौं : साझा प्रकाशन, २०५० ।

देवकोटा, लक्ष्मीप्रसाद, **लक्ष्मी निबन्धसङ्ग्रह,** बाह्रौं संस्क., काठमाडौं : साझा प्रकाशन, २०४९ ।

द्विवेदी, हरिनाथ, **निबन्ध सिद्धान्त और प्रयोग,** पटना : हिन्दी ग्रन्थ अकादमी, १९७१ ।

नलिन, जयनाथ, **हिन्दी निबन्धकार,** दोस्रो संस्क., दिल्ली : आत्मराम एन्ड सन्स, १९६४ ।

पिग्विन, रोबर्ट, **द न्यू इन्साइक्लोपेडिया ब्रिटानिका,** भोलुम ४, प.सं., अमेरिकी युनिभर्सिटी अफ सिकागो, १९९० ।

प्रधान, भिक्टर, **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४४ ।

प्रसाद, विश्वनाथ, **कला एवम् साहित्य : प्रवृत्ति और परम्परा,** पटना : विहार हिन्दी ग्रन्थ अकादमी, १९७३ ।

बराल, ईश्वर (सम्पा.), **सयपत्री,** तेस्रो संस्क., काठमाडौं : साझा प्रकाशन, २०३० ।

भट्टराई, गोविन्दप्रसाद, **विश्वविद्यालयमा अग्निपूजा,** काठमाडौं : रत्नपुस्तक प्रकाशन, २०६१ ।

भट्टराई, देवेन्द्र, **स्रष्टा र समय,** काठमाडौं : गणेशमानसिंह अध्ययन प्रतिष्ठान, २०५७ ।

भण्डारी, डी.पी., **मृगस्थली,** काठमाडौं : गणेशमानसिंह अध्ययन प्रतिष्ठान, २०५७ ।

_______, **नीरो बाँसुरी बजाइरहेछ,** काठमाडौं : गणेशमानसिंह अध्ययन प्रतिष्ठान, २०६० ।

_______, **रोटी र फूल,** काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल एकेडेमी, २०६३ ।

भट्टोजिदीक्षित, **वैयाकरणसिद्धान्तकौमुदी,** छैठौं संस्क., वाराणसी : चौखम्बा अमरभारती प्रकाशन, २०४३ ।

वर्मा, धीरेन्द्र (सम्पा.), **हिन्दी शब्दकोश,** दोस्रो संस्क. दिल्ली : ज्ञानमण्डल लिमिटेड, २०२० ।

वैदिक वेदवति (सम्पा.), **श्रीमद्‌भगवद्‌गीता,** तेस्रो संस्क., नयाँ दिल्ली : ऋचा प्रकाशन, १९९८ ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय,** चौथो संस्क., काठमाडौं : रत्न पुस्तक भण्डार, २०४६ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **शोधविधि,** काठमाडौं : साझा प्रकाशन, २०५२ ।

शुक्ल, आचार्य रामचन्द्र, **हिन्दी साहित्यका इतिहास,** तेस्रो संस्क., दिल्ली : अक्सफोर्ड युनिभर्सिटी प्रेस, २०१८ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** आठौं संस्क., काठमाडौं : साझा प्रकाशन, २०६३ ।

सुवेदी, राजेन्द्र, **स्रष्टा सृष्टि : द्रष्टा-दृष्टि,** द्वि.सं., काठमाडौं : रत्न पुस्तक भण्डार, २०४९ ।

**पत्रिकासूची**

अधिकारी, रविलाल, *नेपाली निबन्धको विकास,* **गरिमा** (वर्ष १३, अङ्क १२, पूर्णाङ्क १००, २०४७), पृ. ६५-६८ ।

**शोधपत्रसूची**

कोइराला, अञ्जु, **आनन्ददेव भट्टको निबन्धकारिता,** एम.ए. शोधपत्र : २०६४ अप्रकाशित ।

जोशी, दुर्गाप्रसाद, **दुर्गाप्रसाद भण्डारीको जीवनी व्यक्तित्व र कृतित्व,** एम.ए. शोधपत्र : २०६३ अप्रकाशित ।

तिमिल्सिना, मोहनप्रसाद, **नेपाली निबन्धको चरण निर्धारण र चरणगत वैशिष्ट्य विश्लेषण,** लघुअनुसन्धान प्रतिवेदन, त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान, २०४१ अप्रकाशित ।